# वीरेन्द्र सुब्बाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको
एम्.ए. दोस्रो वर्षको आठौं
पत्रको प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

शोधार्थी
तुलसा बस्नेत
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर
२०६४

वीरेन्द्र सुब्बाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन – तुलसा बस्नेत २०६४

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको एम.ए. दोस्रो वर्षकी विद्यार्थी तुलसा बस्नेतले वीरेन्द्र सुब्बाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन शीर्षक शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । उहाँको शोधकार्यसँग म सन्तुष्ट छु र आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

२०६४/ /

...................................

प्रा. राजेन्द्र सुवेदी

शोधनिर्देशक

त्रिभुवन विश्वविद्यालय

नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

**त्रिभुवन विश्वविद्यालय**
**मानविकी तथा सामाजिक शास्त्र सङ्काय,**
**नेपाल केन्द्रीय विभाग, कीर्तिपुर**

## स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत विश्वविद्यालय क्याम्पसका छात्रा तुलसा बस्नेतले त्रि.वि. स्नातकोत्तर तह (एम.ए.) मा नेपाली विषयको दसौं पत्रको प्रयोजनका लागि गर्नुभएको 'वीरेन्द्र सुब्बाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन' शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ ।

शोधपत्र मूल्याङ्कन समिति

१. विभागीय प्रमुख, प्रा. राजेन्द्र सुवेदी ..................................

२. शोधनिर्देशक, प्रा. राजेन्द्र सुवेदी ...................................

३. बाह्य परीक्षक, ...................................

मितिः २०६४/ /

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र मैले स्नातकोत्तर तहको दसौं पत्रको प्रयोजनका लागि आदरणीय गुरु प्राध्यापक विभागीय प्रमुख श्री राजेन्द्र सुवेदीका कुशल निर्देशनमा तयार गरेको हुँ । यो शोधपत्र तयार गर्ने सन्दर्भमा आइपरेका विभिन्न समस्या र अड्चनहरूसँग जुध्ने प्रेरणा दिँदै सही पथप्रदर्शन गराएर अगि बढ्ने उत्प्रेरित गरी आफ्ना कतिपय व्यवहारिक कार्यहरूलाई पन्छाएर कुशल र समुचित दिग्दर्शन गराउनुभएकोमा उहाँप्रति म हार्दिक कृतज्ञता एवम् श्रद्धा व्यक्त गर्दछु ।

शोधपत्र तयार गर्ने कार्यमा आफ्ना विविध कार्य व्यस्ततालाई पर्वाह नगरी आफ्नो अमूल्य समय निकाली निर्देशन, सुझाव तथा सल्लाह दिई उत्प्रेरित गर्नुहुने गुरुवर्ग तथा प्रस्तुत विषयमा शोधकार्य गर्ने अवसर जुटाउने नेपाली केन्द्रीय विभागप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । यसका साथै आवश्यक सल्लाह दिनुहुने सम्पूर्ण गुरुवर्गप्रति कृतकृत्य छु ।

प्रस्तुत शोधपत्र तयार पार्दा आवश्यक सामाग्री उपलब्ध गराइदिने मदन पुस्तकालय र त्रि.वि. केन्द्रीय पुस्तकालय, काठमाडौंप्रति हार्दिक आभार प्रकट गर्दछु । यसरी नै आर्थिक र व्यवहारिक समस्यासँग सङ्घर्ष गर्दै आफ्नो अमूल्य श्रम र पसिना खर्चेर मेरो अध्ययनलाई यस अवस्थामा ल्याइपुऱ्याउने पिता वीरेन्द्र बस्नेत र माता शोभा बस्नेतप्रति म आजीवन ऋणी छु । त्यसैगरी प्रस्तुत शोधकार्यमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग गर्ने साथीहरू राम बिमली, दुर्गा पौडेल, दीपक खतिवडाप्रति हार्दिक आभार व्यक्त गर्दछु र शुद्धसँग टङ्कन गरिदिने 'जी' कम्प्युटर सेन्टर, कीर्तिपुरप्रति आभार प्रकट गर्दछु ।

अन्त्यमा यस शोधपत्रको समुचित मूल्याङ्कनका लागि त्रि.वि. नेपाली केन्द्रीय विभाग, कीर्तिपुरसमक्ष पेश गर्दछु ।

मितिः २०६४। ।
शैक्षिक सत्रः २०६१/०६२

तुलसा बस्नेत
नेपाली केन्द्रीय विभाग
त्रि.वि. कीर्तिपुर

# विषयसूची

*पृष्ठ*

**पहिलो परिच्छेद**

## शोधप्रस्ताव ज्ञ(ट

१.१ शोधशीर्षक 1

१.२ शोधकार्यको प्रयोजन *1*

*१.३ विषय परिचय* *1*

*१. ४ समस्याकथन* *2*

*१.५ शोधकार्यका उद्देश्यहरू* *2*

१.६ पूर्वकार्यको समीक्षा 3

१.७ शोधकार्यको औचित्य 5

१.८ शोधकार्यको सीमाङ्कन 5

१.९ शोधविधि 6

१.१० शोधपत्रको रूपरेखा 6

**दोस्रो परिच्छेद**

## वीरेन्द्र सुब्बाको जीवनी 7-14

२.१ जन्मस्थान 7

२.२ जन्म र जन्ममिति 7

२.३ बाल्यकाल 7

२.४ प्रारम्भिक शिक्षादीक्षा 8

२.५ विवाह र पारिवारिक जीवन 9

२.६ आजीविका 10

२.७ स्वभाव 10

२.८ रूचि 11

२.९ भ्रमण 12

२.१० सम्मान र पुरस्कार 12

२.११ प्रभाव र प्रेरणा 13

२.१२ साहित्य लेखनको आरम्भ 13

**तेस्रो परिच्छेद**

**वीरेन्द्र सुब्बाको साहित्यिक  व्यक्तित्व** 15-24

३.१ कवि व्यक्तित्व 15

३.२ उपन्यासकार व्यक्तित्व 21

३.३ नाटककार व्यक्तित्व 22

३.४ सम्पादक व्यक्तित्व 23

३.५ चित्रकार व्यक्तित्व 23

**चौथो परिच्छेद**

**वीरेन्द्र सुब्बाको साहित्य यात्रा** 25-108

४.१ नेपाली कविताको प्रारम्भ र विकास 25

४.२ नेपाली कविताको माध्यमिक काल 27

४.३ नेपाली कविताको आधुनिककाल 29

४.४ वीरेन्द्र सुब्बाको साहित्य यात्रा आरम्भ 32

४.५ वीरेन्द्र सुब्बाका कविताहरूको विश्लेषण 32

४.५.१ विषयवस्तुको प्रयोग 33

४.५.१.१ मानवीय प्रेम 33

४.५.१.२ प्रकृतिको मानवीकरण 40

४.५.१.३ प्रणयप्रेम 45

४.६ वीरेन्द्र सुब्बाको तस्बिर विश्लेषण 75

४.७ वीरेन्द्र सुब्बाको उपन्यासको विश्लेषण 88

४.७.१ ‘मूलसडकतिर’ उपन्यासको अध्ययन 88

**परिच्छेद : पा“च**

**उपसंहार** 109-114

**सन्दर्भग्रन्थ सूची** ञञछ

## सङ्क्षेपीकरण सूची

| | |
|---|---|
| एम.ए. | - मास्टर्स अफ आर्टस |
| ऐ. | - ऐजन |
| क्र.सं. | - क्रम सङ्ख्या |
| पृ. | - पृष्ठ |
| त्रि.वि. | - त्रिभुवन विश्वविद्यालय |
| वि.सं. | - विक्रम संवत |
| सुधपा | - सूर्यविक्रम ज्ञवाली, धरणीधर कोइराला, पारसमणि प्रधान |
| डा. | - डाक्टर |
| प्रा. | - प्राध्यापक |
| सं. | - संस्करण |

# पहिलो परिच्छेद

# शोधप्रस्ताव

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक वीरेन्द्र सुब्बाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन हुनेछ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधप्रस्ताव त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तह एम.ए. दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत हुनेछ ।

## १.३ विषय परिचय

वि.सं. १९८४ मा सुकिया पोखरी दार्जिलिङ् भारतमा भएका वीरेन्द्र सुब्बाको नेपाली साहित्यका स्रष्टा व्यक्तित्व अन्तर्गत मुख्य रूपमा कविका रूपमा परिचित छन् । कविता क्षेत्रबाट सिर्जना क्षेत्रमा प्रवेश गरेका सुब्बाले नेपाली साहित्यको प्रायजसो कविता विधामा कलम चलाएका सिद्धहस्त प्रतिभाका रूपमा स्थापित भएका देखिन्छन् । वि.सं. २००६ सालमा प्रकाशित एकान्त कवितासङ्ग्रह प्रकाशित गरी कविता विधालाई निरन्तरता दिँदै चारवटा कवितासङ्ग्रह, एक उपन्यास, एक नाटक र एक एकाङ्की लेखन प्रकाशन गर्न सफल देखिन्छन् । वीरेन्द्र कविता विधामा स्वच्छन्दतावादी प्रगतिवादी चेतनालाई प्रस्तुत गर्ने प्रतिभा वीरेन्द्र आफ्नो कवितालाई वर्तमान सुरुमा निरन्तर प्रवाहशील आकर्षक र प्रभावकारी बनाइसकेका आफूलाई समसामयिक नेपाली कविताका प्रखर प्रयोक्ताका रूपमा पनि स्थापित गराएका छन् । यिनका कविता बंगाली, हिन्दी, अङ्ग्रेजीबाट प्रभावित छन् । कविता विधालाई अपरम्परित नवीन बनाउने कार्यमा समर्पित रूपमा कविता रचना गरेका छन् । उनले चारवटा कवितासङ्ग्रह र एक उपन्यास, एक नाटक र एक खण्डकाव्य प्रकाशित गराएर आफूलाई एक स्रष्टा व्यक्तित्व रूपमा स्थापित गराएका छन् ।

## १.४ समस्याकथन

वि.सं. १९८४ सालमा दार्जिलिङको सुकियापोखरीमा जन्मेका वीरेन्द्र सुब्बाले साहित्यका कविता विधामा आफ्नो लेखनलाई सक्रिय तुल्याएका छन् । नेपाली साहित्यमा कविका रूपमा स्थापित भएका सुब्बा नेपाली साहित्यलाई सङ्ख्यात्मक मात्र होइन गुणात्मक दृष्टिले पनि उत्कर्ष प्रदान गर्ने कार्यमा जीवनपर्यन्त लागि रहने नेपाली साहित्यका स्रष्टा रूपमा जे-जस्तो अवस्थामा अध्ययन-विश्लेषण बाहेक गहन रूपमा अध्ययन भएको पाइँदैन । त्यसैले सुब्बाको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा विस्तृत र गहन अध्ययन गर्नु यस शोधपत्रको सुब्बाको बारेमा निम्नलिखित समस्याहरूसँग सम्बद्ध हुनेछ । ती समस्याहरूलाई प्रश्नात्मक तरिकाले प्रस्तुत गरिएको छ ।

(क) वीरेन्द्र सुब्बाको जीवनीका मुख्य पक्षहरू के-के हुन् ?

(ख) वीरेन्द्र सुब्बाको व्यक्तित्वका विविध पाटाहरू के-कस्ता हुन् ?

(ग) वीरेन्द्र सुब्बाले नेपाली साहित्यका कुन-कुन विधामा के-कस्ता सिर्जनात्मक कार्य गरेका छन् ?

(घ) समग्रमा वीरेन्द्र सुब्बाले नेपाली साहित्यलाई के-कस्तो योगदान दिएका छन् । स्पष्ट सुव्यस्थित एवम् वैज्ञानिक व्याख्या विश्लेषणका लागि प्रस्तुत शोधपत्र तयार गर्न गरिएको छ ।

## १.५ शोधकार्यका उद्देश्यहरू

विशेषत शोधकार्यको रूपमा देखिएका विषयहरूको उत्तर वा समाधान पहिल्याउन नै शोधपत्रको मुख्य उद्देश्य रहने हुनाले शोधपत्रको समस्यालाई समाधान गर्ने सन्दर्भमा वैज्ञानिक ढङ्गले व्याख्या विश्लेषण र समाधान के-कसरी गर्न सकिन्छ भन्ने कुरामा केन्द्रित रहेर अध्ययन गर्ने क्रममा निम्न लिखित उद्देश्यहरू अघि सारिएका छन् ।

(क) वीरेन्द्र सुब्बाको जीवनीका मुख्य पक्षहरूको अध्ययन गर्नु,

(ख) वीरेन्द्र सुब्बाको व्यक्तित्वका विविध पाटाहरू के-कस्ता छन्,

(ग) वीरेन्द्र सुब्बाले नेपाली साहित्यका सबै विधामा गरेका सिर्जनात्मक कार्यको अध्ययन गर्नु,

(घ) समग्रमा वीरेन्द्र सुब्बाले नेपाली साहित्यलाई के-कस्तो योगदान दिएका छन् ।

## १.६ पूर्वकार्यको समीक्षा

भारतको दार्जिलिङ्मा जन्मेर प्रवेशिकासम्म शिक्षा ग्रहण गरी जागिरे जीवन बिताउँदै कविता लेखन गरेका सुब्बा वर्तमान समयमा तीव्र रूपमा विकास अग्रसर रही नेपाली साहित्याकाशमा स्रष्टा क्षेत्रलाई सफलतापूर्वक आफ्नो कार्य क्षेत्रभित्र समेट्ने प्रतिभा सुब्बा नेपाली साहित्यका अमूल्य निधिका रूपमा पनि स्थापित भइसकेका व्यक्ति हुन भन्न अत्युक्ति नहोला । नेपाल र नेपाली साहित्यलाई बंगाली र अङ्ग्रेजी साहित्यभन्दा तल्लो दर्जामा हेर्नुहुन्न भन्ने बारेमा सुव्यवस्थित रूपमा अनुसन्धान भने भएको पाइँदैन साथै यिनका कृतिहरूको विस्तृत विश्लेषण र मूल्याङ्कन पनि भएको छैन । यिनका बारेमा जे-जति अध्ययन र विश्लेषण भएका छन् । केवल परिचयात्मक रूपमा मात्र भएका छन् । यसै क्रममा सुब्बाका बारेमा भएका चिनारी भूमिका केही टिप्पणीहरूको विवरण कालक्रममा आधारमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

(क) एकान्त कवितासङ्ग्रह (२००७) मा ईश्वर बरालले दिएको भूमिकाको यस्तो चर्चा गरेका छन् । वीरेन्द्रका कविताहरूमा यथार्थवादी भाव प्रगाढ छ । आधुनिक युवकको रगत उम्लन केहीबेर लाग्दैन, यो त निश्चित हो तर वीरेन्द्रको उम्लाइमा हामीले अवश्य विचार गर्नुपरेको छ । हिमालयको स्थिति निम्ति जगेडा राख्ने अन्तमा नेपाली साहित्यको विकासको निम्ति भानुभक्तप्रति वीरेन्द्रको अपार श्रद्धा छ । वीरेन्द्रका धेरैजसो विषयप्रधान कविता छन् । उनको कृतिमा वर्तमान दार्जिलिङ् क्षेत्रको सामाजिक, आर्थिक र संस्कृतिको व्याख्या विश्लेषण गरेका पाइन्छ ।

(ख) बालकृष्ण सम कुसुम छोरी कवितासङ्ग्रहमा मार्ग २९ रविवार २०२० मा दिएको भूमिकामा यस्तो टिप्पणी गरेका छन् । वीरेन्द्र गम्भीर साथै चित्रकारका रूपमा लिऔं वीरेन्द्र कवि मात्रै होइनन् चित्रकार पनि हुन् । वीरेन्द्रलाई सङ्गीतको पनि अभिरूचि

भएकाले यी कविताहरूमा सङ्गीत अभिन्न अङ्ग भएर रहन गएका छन् । यस विषयमा लेखेरभन्दा पाठ गरेर प्रस्तुत गर्न सजिलो पर्दछ । म कवि वीरेन्द्रका कविताको विषयमा लेख्न लागिरहेको छु; सबै जस्ता कविताले रहेर अत्यन्त मसिनो तीखो ध्वनि प्रादुभार्व गरी हाँसो एक छिन रोकी उनलाई सहानुभाव गराउनु संकेत गरेका छन् ।

(ग) साझा कविता (२०२४) को सम्पादन गर्ने क्रममा चूडामणि बन्धुले वीरेन्द्र सुब्बाको बारेमा चर्चा गर्दै, प्रवासका अरू, युवक कवि लेखकहरूमा झैं सुब्बामा पनि भानुभक्त, लेखनाथ, सम, देवकोटा र व्यथित जस्ता कविहरूको प्रभाव परेको सङ्केत गरेका छन् । वीरेन्द्र सुब्बा देवकोटा जस्तै कोमल, भावनाका कवि भए पनि उहाँको अभिव्यक्ति आफ्नै ढङ्गले चित्रात्मक हुन गएको छ । नयाँनयाँ प्रयोगहरू चित्रको प्रयोग भएको छ । सुब्बाको कवितासङ्ग्रह मेघमाला मा सङ्ग्रहित उहाँका नेपाल मायासित डायरी लेख्न लागिरहेछ र 'मेला' जस्ता कविताले कवि वीरेन्द्रको प्रतिभाको परिचय दिन्छन् भन्ने पनि उल्लेख भएको छ ।

(घ) लक्खीदेवी सुन्दास (२०४६) नेपाली कविताको विकासमा दार्जिलिङ्को योगदान त्रिभुवन विश्वविद्यालयबाट भएको विद्यावारिधि शोधकार्यमा वीरेन्द्र सुब्बाको बारेमा यस्तो धारणा दिएका छन् - परिष्कारवादी शिल्पबाट काव्ययात्रा सुरु गरेका वीरेन्द्र सुब्बा पछि गएर स्वच्छन्दवादी हुँदै प्रगतिवादी प्रवृत्तिका कविता समेत लेखेका छन् । स्वच्छन्दवादी भावधाराको नियन्त्रित अभिव्यक्ति गरिएका यिनका कविता छायावादी, रहस्यवादी जनजीवनलाई दुःख, सुख, हर्ष, विस्मात, पीडा, नैराष्य, करूणा आदिको चित्रण गरेका छन् । सामाजिक जातीय र राष्ट्रियताको स्वर पनि मुखरित भएको देखिन्छ ।

(ङ) डा.वासुदेव त्रिपाठी र अन्य (सं.) नेपाली कविता भाग-४ (२०४६) मा वीरेन्द्र सुब्बाको छोटो चर्चा यस्तो रहेको छ- वीरेन्द्र सुब्बाका कवितामा प्रगतिवादी स्वच्छन्दवादी भाव धारामा देखापरेका छन् ।

(च) खगेन्द्रप्रसाद लुईटेल कविता सिद्धान्त र नेपाली कविताको इतिहास (२०६०) मा वीरेन्द्र कवितासङ्ग्रहका बारेमा यस्तो धारणा दिएका छन्- वि.सं. २००२ सालतिरदेखि कविता लेखनतर्फ अग्रसर भएका सुब्बाका 'एकान्त'- २००६, मेघमाला-२०१९, कुसुम-

छोरी-२०२४, स्वर्णीमा-२०३६ परिष्कारवादी शिल्पबाट काव्ययात्रा सुरु गरेका सुब्बा पछि गएर स्वच्छन्दवादी हुँदै प्रगतिवादी प्रवृत्तिका कविता समेत लेखेका छन् । यिनले आफ्ना कवितामा छायावादी, रहस्यवादी चिन्तनको प्रभाव पाइन्छ । यिनले आफ्ना कवितामा युगीन जनजीवन, सुख दुःख, हर्ष-विस्मात, पीडा, नैराष्य करुण आदिको चित्रण गरेका छन् । सामाजिक, जातीय र राष्ट्रियताको स्वर पनि मुखरित भएको देखिन्छ । प्रकृतिप्रेम, भावनात्मक प्रेम, ईश्वरीयता, प्रकृतिको मानवीकरण पाइने यिनका आफ्ना कवितामा कृत्रिम भावाशिल्पीय विन्यासका कारण जटिल र अमूर्त देखिए पनि पछिल्लो समयका कविताहरू सरल र मूर्त छन् । यिनका कतिपय कवितामा असङ्ख्य वाक्यविन्यास, चित्रात्मक शैली, अप्रचलित बिम्बको प्रयोग पाइन्छ । मात्राछन्द, लोकछन्द र मुक्तछन्दमा लेखिएका यिनका कविता अन्तरअनुप्रासीयता कारण सङ्गीतात्मक लयात्मक बन्न पुगेको छ ।

## १.७ शोधकार्यको औचित्य

प्रस्तुत शोधपत्रको औचित्य स्रष्टा विधामा कलम चलाउने साहित्यकार वीरेन्द्र सुब्बाको जीवनी, व्यक्तित्व र कृतित्वको विश्लेषण र मूल्याङ्कनको माध्यमबाट नेपाली साहित्यजगत्मा सबैलाई चिनाउने प्रयास हो । उनको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा केन्द्रित भई उनका तीनै क्षेत्रको विस्तृत वैज्ञानिक एवम् सुव्यवस्थित रूपमा विश्लेषण र मूल्याङ्कन गरिने भएकाले आउने पिँढीलाई सुब्बाका बारेमा, उनका कृतिका बारेमा वस्तुगत एवम् प्रामाणिक जानकारी, उपलब्ध हुनेछ । प्रस्तुत शोधपत्रको अध्ययनबाट उनका बारेमा जान्न इच्छुक व्यक्ति सङ्घ संस्थाहरूका लागि सैद्धान्तिक एवम् व्यावहारिक रूपमा तथ्य प्रस्तुत गर्ने उद्देश्य रहेकाले अनुसन्धानका क्षेत्रमा यसको महŒव स्वतः देखिने छ । सुब्बाका बारेमा आजसम्म पूर्णतया अध्ययन हुनसक्ने कुराहरूमा विश्वस्त भइने छ । यसरी नै नेपाली साहित्यको इतिहास लेखनका क्रममा तथा साहित्यिक गतिविधिको मूल्याङ्कन गर्ने क्रममा यस शोधपत्रले सुब्बाको स्थान निर्धारण गर्न पनि सहयोग पुऱ्याउने छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

वीरेन्द्र सुब्बाको जीवनी, व्यक्तित्व प्रभाव क्षेत्रका साथै उनका प्रकाशित कवितासङ्ग्रह उपन्यास कृतिहरूको ऐतिहासिक सर्वेक्षण गरी वैज्ञानिक तथ्यात्मक रूपमा विश्लेषणात्मक जानकारी दिने प्रयास गरिएको छ । यिनको मातृभाषा नेपाली र पेसाका रूपमा चित्रकला भएका नाताले चित्रकलाका माध्यमबाट समाजका विकृति विसङ्गति प्रति तीव्र विरोध तथापि सुब्बाको लिखित प्रकाशित कृतिहरूको विस्तृत अध्ययन विश्लेषण र मूल्याङ्कन गरिएको छ । यसरी नै यिनको जीवनी र व्यक्तित्वका विविध पाटाहरूलाई समेत यस अध्ययनमा समेटिएको छ । मूलतः सुब्बाको जीवनीको सम्पूर्ण आरोह-अवरोह र उनका साहित्यिक योगदानको निरूपण मै प्रस्तुत शोधपत्र सीमाङ्कनबद्ध हुनेछ ।

## १.९ शोधविधि

प्रस्तुत शोधकार्य पूरा गर्नका लागि विशेषतः पुस्तकालीय पद्धतिका साथै क्षेत्रीय अध्ययन पद्धतिलाई समेत प्रयोग गरिएको छ । शोधनायक एवम् शोध नायकका आफन्तहरूसँग प्रत्यक्ष अन्तर्वार्ता पद्धतिको पनि प्रयोग गरिएको छ । यसरी नै विभिन्न कृतिहरूको अध्ययन विश्लेषणका लागि ऐतिहासिक विवरणात्मक वर्णनात्मक र आवश्यकताअनुसार तुलनात्मक पद्धतिको पनि प्रयोग गरिएको छ । यसका साथै सुब्बालाई विविध पाटाहरूबाट गहिरिएर चिन्नु भएका प्राध्यापक गुरु वर्गहरूबाट पनि यस शोधपत्रको स्वरूप दिनका लागि सल्लाह सुझाव समेत प्रयोग गरी प्रस्तुत शोधकार्य सम्पन्न गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रका संरचनालाई सुसङ्गठित र सुव्यवस्थित रूपमा तयार पार्न निम्नलिखित परिच्छेदमा विभाजन गरी सम्पन्न गर्ने लक्ष्य लिइएको छ ।

पहिलो परिच्छेद : शोधपरिचय
दोस्रो परिच्छेद : वीरेन्द्र सुब्बाको जीवनी
तेस्रो परिच्छेद : वीरेन्द्र सुब्बाको व्यक्तित्व
चौथो परिच्छेद : वीरेन्द्र सुब्बाको कृतित्व विश्लेषण तथा मूल्याङ्कन
पाँचौ परिच्छेद : उपसंहार तथा निष्कर्ष र सन्दर्भग्रन्थसूची

उपर्युक्त पाँच परिच्छेदलाई पनि आवश्यकतानुसार विभिन्न शीर्षक, उपशीर्षकहरूमा विभाजन गरी अध्ययन गरिएको छ ।

**दोस्रो परिच्छेद**

# वीरेन्द्र सुब्बाको जीवनी

## २.१ जन्मस्थान

वीरेन्द्र सुब्बाको पुर्ख्यौली थलो दार्जिलिङ् जिल्लाको पश्चिमी क्षेत्र सुकियापोखरीमा नै हो ।[१] उनका बाबाआमाको व्यवसाय त्यहाँ चिया बगानमा काम गर्ने थियो ।[२]

## २.२ जन्म र जन्ममिति

वीरेन्द्र सुब्बाको चिनाको नाम नै वीरेन्द्र सुब्बा हो ।[३] सुब्बा छोराछोरी मध्येका जेठा छोरा हुन् । उनको एक भाइ र तीन दिदीबहिनी रहेका छन् ।[४] उनको जन्म वि.सं. १९८४ मा भएको हो ।[५] यही जन्ममिति उनको शैक्षिक प्रमाणपत्रहरूमा समेत रहेको छ ।[६]

## २.३ बाल्यकाल

वीरेन्द्र सुब्बाको बाल्यकाल बाबाआमाको भरणपोषणमा भएको थियो ।[७] उनको बाल्य जीवन दार्जिलिङ् जिल्लाको सुकियापोखरीमा नै बितेको थियो ।[८] आफ्ना बाबाआमाको जेठो सन्तान भएकाले परिवारमा सबैभन्दा बढी स्नेह पनि उनले पाएका थिए ।[९] उनको परिवारको आर्थिक अवस्था निम्नमध्यम भए पनि उनलाई आवश्यक

---

[१] शोधनायकसँगको मौखिक अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

[२] ऐजन ।

[३] ऐजन ।

[४] ऐजन ।

[५] ऐजन ।

[६] ऐजन ।

[७] ऐजन ।

[८] ऐजन ।

[९] ऐजन ।

कुराको कमी थिएन । उनको बाल्यकाल दार्जिलिङ् जिल्लाको सुकियापोखरीको रमणीय वातावरणमा आफ्ना समकालीन साथीभाइसँग धेरैजसो समय बालुवामा चित्र कोरेर बितेको थियो ।[१०] उनका अनुसार उनको बाल्यकाल सामान्यतः सुखद् नै रहेको थियो । यसरी आफ्नो बाल्यजीवन बिताउने क्रममा वीरेन्द्र सुब्बाको प्राथमिक शिक्षाको पठनपाठन र निम्नमाध्यमिक शिक्षा सुकियापोखरीमा रहेको म्युनिसिपल स्कुलबाट पूरा भएको थियो ।[११]

## २.४ प्रारम्भिक शिक्षादीक्षा

वीरेन्द्र सुब्बाको अक्षरारम्भ सुन्दर, शान्त र स्वच्छ ग्रामीण वातावरणमा घरबाटै सुरू भई ५ वर्षको उमेरमा स्थानीय सुकियापोखरी सञ्चालित म्युनिसिपल स्कुलमा भएको थियो ।[१२] उनले म्युनिसिपल स्कुलबाट प्राथमिक कक्षाको पठनपाठन पूरा गरेका थिए भने त्यही स्कुलबाट उनले निम्न माध्यमिक तहको शिक्षा पनि पूरा गरेका थिए ।[१३] हुने विरुवाको चिल्लो पात भनेझैँ प्राथमिक कक्षादेखि नै उनी तीक्ष्ण बुद्धिको परिचय दिएका थिए । फलस्वरूप उनले प्राथमिक र निम्न माध्यमिक तहको शिक्षा राम्रो श्रेणीमा पूरा गरेका थिए ।[१४] त्यसपछि प्राथमिक र निम्न माध्यमिक तहको कक्षा पूरा भएपछि उनले दार्जिलिङ् बजारमा रहेको दार्जिलिङ् सरकारी स्कुलमा माध्यमिक कक्षा पढ्न पुगे ।[१५] त्यसपछि उनले त्यही सरकारी स्कुलबाट माध्यमिक तहको कक्षा उत्तीर्ण गरेका थिए । यसरी सुब्बाले दार्जिलिङ् सरकारी हाई स्कुलबाट नै म्याट्रिक पास गरेका थिए ।[१६] त्यसपछि प्रमाणपत्र तह अथवा आइ.ए. को कक्षा अध्ययन गरे पनि उनले आफ्नो विविध कारणले आइ.ए. परीक्षा उत्तीर्ण गरेका छैनन् । सुब्बा बाल्यकालदेखि तीक्ष्ण बुद्धि भएका कारण सानैदेखि कविता कोर्ने क्रममा उनले पहिलो पल्ट इ.सं. १९४५ मा लौ शीर्षकको कविता गोर्खा पत्रिकामा प्रकाशित भएको

[१०] ऐजन ।
[११] ऐजन ।
[१२] ऐजन ।
[१३] ऐजन ।
[१४] ऐजन ।
[१५] ऐजन ।
[१६] ऐजन ।

जानकारी

पाइन्छ ।[17]

## २.५ विवाह र पारिवारिक जीवन

वीरेन्द्र सुब्बाको विवाह प्रसङ्ग पनि रोचक किसिमको रहेको छ । वीरेन्द्र आफ्नो नोकरीको सिलसिलामा खरसाङ गएका थिए । त्यसपछि उनको भेट त्यही खरसाङ निवासी कुसुम क्षेत्रीसँग भयो अनि ती दुईबीचको भेटघाट र चिनजान प्रेमको रूपमा परिणत भएको थियो ।[18] त्यसछि उनी सुब्बा र कुसुम क्षेत्री भएका कारण मागी विवाह गर्न सम्भव नदेखेपछि ती दुईले अन्तर्जातीय प्रेमविवाह गरेको कुरा शोधनायक बताउँछन् । यसरी विवाहपश्चात् उनीहरूको घरगृहस्थी स्वच्छ र शान्तिसँग बितेको थियो ।[19] त्यसपछि समयको गतिसँगै ती दुईजनाको दुई छोरी र एक छोरा भएको थियो । इ.सं. १९६८ मा उनको कुसुम क्षेत्रीसँग वैवाहिक जीवनबाट सम्बन्ध विच्छेद हुनपुग्दछ ।[20] यसरी सम्बन्ध विच्छेद भए पछि दुई छोरी र एक छोरा कुसुम क्षेत्रीले नै लगेर गएको जानकारी पाइन्छ ।[21] त्यसपछिको उनीहरूको जीवन एक्लै-एक्लै बिताइरहेका छन् । सुब्बाले पनि कुसुम क्षेत्रीसँग सम्बन्ध विच्छेद भएपछि अरूसँग विवाह नगरी बसेका हुन् ।[22]

यसरी जीवनको दुःख-सुख, हाँसो-रोदन हर्ष-विस्मात आदि काट्दै हाल उनी ७४ वर्षका वृद्ध भएका छन् । उनी अहिले दार्जिलिङ् बजारको तुङ्सुङ् बस्तीमा एउटा कोठा भाडा लिएर एक्लै जीवन बिताइरहेका छन् ।[23] उनकी पत्नी कुसुम क्षेत्री जीवितै रहेकी छिन भने दुई छोरीको विवाह भएको र छोराको पनि विवाह भएर कुसुमसँग रहेको जानकारी पाइन्छ ।[24]

---

[17] सुन्दास लक्खीदेवी (अप्रकाशित **नेपाली कवितामा दार्जीलिङ्को योगदान**, त्रि.वि. विद्यावारिधि, २०४६, पृ. ३९५, ९६ ।

[18] ऐजन ।

[19] ऐजन ।

[20] ऐजन ।

[21] ऐजन ।

[22] ऐजन ।

[23] ऐजन ।

[24] ऐजन ।

## २.६ आजीविका

वीरेन्द्र सुब्बाका आर्थिक अवस्था निम्न मध्यम स्तरको रहेको छ । उनी निम्नमध्यम आर्थिक अवस्थाका व्यक्ति थिए ।[२५] सुब्बाका बाबाआमाले आफ्नो आजीविकाको रूपमा त्यहाँको चिया बगानमा काम गरेका थिए ।[२६] उनले आफ्नो घरपरिवारको जीविका चलाउन म्याट्रिक परीक्षा उत्तीर्ण भएपछि पहिलो पटक नोकरीको रूपमा कलेक्टरको काम गरेका थिए । त्यसपछि उनले रातीको कक्षा पढाउने काम सेन्ट जोसेफ कलेजमा गरेको बताउँछन् ।[२७] त्यसपछि उनले कलेक्टर र पढाउने काम छाडेर, खरसाङ गएपछि पुनः अस्थायी नोकरी गरेका थिए । यसरी एकपछि अर्को नोकरीबाट उनलाई सन्तुष्टि नमिलेपछि पुनः सरकारी जागिर गरेको देखिन्छ ।[२८] त्यसपछि सुब्बा यसरी आजीविकाको रूपमा कहिले अस्थायी कहिले स्थायी नोकरी गर्दागर्दै उनले नोकरीलाई मात्र नलिई लेखरचना, चित्रकारी, सम्पादन र विविध संघ-सस्थामा आबद्ध भएको शोधनायक बताउँछन् ।[२९] उनले प्रगतिशील, नेपाली साहित्य परिषद संस्था खोले, त्यसपछि सुस्केरा पत्रिकाको सम्पादन गरेर, शान्ति निकेतनमा बसेर चित्र कोरेर त्यसपछि अङ्ग्रेजी पत्रिका द आर्ट सम्पादन गरेर आफ्नो आयआर्जन गरिरहेको उनी बताउँछन् ।[३०] सुब्बा हाल वर्तमान समयमा बृद्ध भए पनि लेखरचना लेखेर द आर्ट पत्रिकाको सम्पादन गरेर विविध संघ-संस्थामा आबद्ध रहेर, चित्रकला निर्माण गरी त्यसको बिक्रीबाट आफ्नो एक्लो जीवनको जीविका चलाइरहेका छन् ।

## २.७ स्वभाव

मानिस जुन किसिमको वातावरणमा हुर्किन्छ र बढ्छ, उनको स्वभाव र बानी व्यवहार पनि सोही अनुरूपकै हुन्छ । वीरेन्द्र सुब्बाको स्वभावको कुरा गर्दा उनी कहिले आफ्नो मानसिक सन्तुलन गुमाउँने कहिले आफै ठीक हुने गरेको जानकरी पाइन्छ ।[३१]

---

[२५] शोधनायकसँग भएको मौखिक अन्तरर्वाताबाट ।

[२६] ऐजन ।

[२७] ऐजन ।

[२८] ऐजन ।

[२९] ऐजन ।

[३०] ऐजन ।

[३१] छरछिमेकीले दिएको जानकारीअनुसार ।

यस्तो हुनुमा सुब्बाको आफ्नै पारिवारिक स्थिति, आर्थिक स्थिति र साहित्य रचनाका कारणहरू रहेका छन् । सुब्बाको स्वभाव यस्तो पहिले नभएको तर पछि विवाहपश्चात यस्तो अवस्था भएको जानकारी उनका छरछिमेकीहरू बताउँछन् ।[३२] कहिलेकाहीँ उनको मानसिक स्थिति अस्थिर देखिन थालेपछि उनमा धेरै रिसाउँने बानी बढेको छ । रिसाएको अवस्थामा यस अध्ययन व्यवहारका कुराहरू उनीसँग गर्न सकिने अवस्था रहँदैन । उनी एक रचनाकार, व्यक्तित्व भएकाले स्वभावतः गम्भीर तर बोलीचालीमा कमी रहनु त स्वभाविकै पाइन्छ ।[३३] त्यसपछि उनी तडकभडकबाट टाढै रहन खोज्ने हुँदा आफ्नो कर्मलाई जीवनको अभिन्न अङ्गका रूपमा गर्ने व्यक्तित्व पनि देखिन्छन् । सुब्बामा अहिले पनि फुर्सदको समय हुनासाथ केही न केही लेखिरहने स्वभाव प्रबल रूपमा रहेको छ ।[३४]

## २.८ रूचि

हरेक व्यक्तिमा आ-आफ्नै प्रकृतिका रूचि हुने गर्दछन् । एक व्यक्तिको रूचि अर्को व्यक्तिको रूचिसँग नमिल्न सक्छ । वीरेन्द्र सुब्बा एक सफल कवि, उपन्यासकार र नाटककार व्यक्तित्व भए पनि उनलाई चित्र कोरिरहन जीवनको बढी रूचिको विषय भएको शोधनायक आफैँ बताउँछन् ।[३५] सुब्बा बाल्यावस्थादेखि नै गम्भीर प्रवृत्तिका भएकाले बाल्यकालमा पनि बालुवामा चित्र कोरिरहने रूचि रहेको थियो ।[३६] त्यसपछि उनको अरू किसिमको रूचिको कुरा गर्दा उनलाई साहित्य सिर्जना गरिरहने, संगीत सुन्ने र लेखेका सिर्जनाहरू आफैँ सम्पादन गर्न रूचि रहेको थियो ।[३७] उनको खापपानको रूचिको बारेमा कुरा गर्दा सामान्य दाल, भात, तरकारी अचार आदि रहेका छन् ।[३८] त्यसपछि उनको वेशभूषामा पेन्ट, सर्ट, कोट लगाउन बढी रूचि भएको

---

[३२] ऐजन ।

[३३] ऐजन ।

[३४] शोधनायकसँग भएको मौखिक जानकारीअनुसार ।

[३५] ऐजन ।

[३६] ऐजन ।

[३७] ऐजन ।

[३८] ऐजन ।

शोधनायक बताउँछन् । मानिसहरूले उनलाई तडकभडक देखाउने प्रवृत्ति मन नपराउने व्यक्ति भनेर बताउँछन् ।[39]

## २.९ भ्रमण

भ्रमणको सम्बन्धमा वीरेन्द्र सुब्बाले कुनै लामो देशविदेशको भ्रमण गरेका छैनन् ।[40] सुब्बाले दार्जिलिङ् जस्तो सुन्दर रमणीय वातावरणमा बसेर त्यहाँका प्राकृतिक सौन्दर्यलाई त्यहाँका नेपालीहरूले भोगिरहेका जीवनका विविध घटनाहरूलाई यथार्थ रूपमा चित्रण गर्दै कविता, उपन्यास, नाटक, अमूर्त चित्र कारेका छन् ।[41] सुब्बा सिर्जनाको क्रममा एक पटक साउथ इन्डिया (दक्षिण भारत) को भ्रमणमा गरेका थिए ।[42] त्यसपछि सुब्बा साहित्य लेखन, प्रकाशनको क्रममा नेपालको झापा, इलाम र काठमाडौँ आएको बताउँछन् ।[43] सुब्बा भारतमै जन्मेर त्यहीँ साहित्य, चित्रकारी, सम्पादन गर्ने सिलसिलामा प्रायजसो भारतको ठूला सहरहरू घुमेको बताउँछन् ।[44] सुब्बालाई भ्रमण गरेका ठाउँहरूमध्ये नेपालको राजधानी काठमाडौँ बढी मनपरेको कुरा बताउँछन् ।[45]

## २.१० सम्मान र पुरस्कार

आधुनिक नेपाली साहित्यका विविध पाटाहरूमा कलम चलाएका सुब्बाले कुनै सम्मान र पुरस्कार नपाएको उनी बताउँछन् ।[46] सुब्बाले आफ्नो चार दशक समय साहित्य साधनामा लगाएका छन् ।[47] सुब्बा आधुनिक चित्रकार मध्येका एक विशिष्ट प्रतिभाका धनी भएकाले सिक्किम सरकारले उनलाई चित्रकारको रूपमा सम्मान गरेको

---

३९ ऐजन ।

४० ऐजन ।

४१ ऐजन ।

४२ ऐजन ।

४३ ऐजन ।

४४ ऐजन ।

४५ ऐजन ।

४६ ऐजन ।

४७ ऐजन ।

थियो ।[४८] दार्जिलिङ्मा बसोबास गर्ने नेपालीहरूको दु:ख-सुख, हाँसो-रोदन आदि विविध समसामयिक विषयलाई उनका कविता, उपन्यास र नाटकमा ज्वलन्त रूपमा प्रस्तुत गरेका छन् ।[४९] सुब्बा अहिले पनि साहित्य साधनामा निरन्तर रूपमा लागिरहेका छन् ।[५०]

## २.११ प्रभाव र प्रेरणा

कुनै पनि मानिसको जीवनमा केही राम्रो काम गर्छ भने त्यसको पछाडि कसैको प्रेरणा र प्रभाव अवश्य रहेको हुन्छ । त्यस्तै वीरेन्द्र सुब्बाको जीवनमा पनि परिवारिक प्रेरणाका रूपमा उनको घरमा हजुरबा लेख, रचना सिर्जना गर्ने र सुन्ने सुनाउने गर्थे ।[५१] त्यसपछि उनको दोस्रो प्रेरणाको रूपमा आफ्ना पढाउने गुरु पारसमणि प्रधानबाट छन्द, अलङ्कारबारे प्रारम्भिक जानकारी पाएपछि विद्यार्थी अवस्थामै छन्दोबद्ध कविता रचनातर्फ अग्रसर भएका थिए ।[५२] त्यसपछि उनको साहित्य सिर्जनाको प्रेरणाको स्रोतको रूपमा कम्युनिस्ट सिद्धान्तका पुस्तकहरूको अध्ययन रहेका थिए भने त्यसपछि अरू प्रभाव स्रोतको रूपमा क्रिस्चियन धर्म रहेको छ ।[५३] सुब्बाको साहित्य सिर्जना अरू प्रेरणाका रूपमा अग्रज साहित्यकारहरू भानुभक्त आचार्य, बालकृष्ण सम, हृदयचन्द्रसिंह प्रधान, पारसमणि प्रधान, केदारमान व्यथित आदि रहेको शोधनायक बताउँछन् । सुब्बाले यी साहित्यकारका लेख, रचनाहरू गहिरो अध्ययन गरेका थिए ।[५४]

## २.१२ साहित्य लेखनको आरम्भ

वीरेन्द्र सुब्बाको प्राथमिक शिक्षा र निम्न माध्यमिक शिक्षा आफ्नो जन्म स्थान सुकियापोखरीमा रहेको म्युनिसिपल स्कुलबाट पूरा भएको थियो ।[५५] त्यसपछि सुब्बा

---

[४८] ऐजन ।

[४९] ऐजन ।

[५०] ऐजन ।

[५१] ऐजन ।

[५२] ऐजन ।

[५३] ऐजन ।

[५४] ऐजन ।

[५५] ऐजन ।

माध्यमिक शिक्षा प्राप्त गर्न दार्जिलिङ् सरकारी हाई स्कुलमा भर्ना भए ।[छट] उक्त विद्यालयमा 'सूधपा' जस्ता शिक्षकहरूका मातहतमा शिक्षा प्राप्त गर्दा वीरेन्द्र भित्र रहेको कविले ती गुरुहरूका विचार र साहित्य सिर्जना गर्न प्रेरणा पाएको कुराको जानकारी पाइन्छ ।[छठ] त्यसपछि उक्त विद्यालयमा पारसमणि प्रधानबाट छन्द अलङ्कारबारे प्रारम्भिक जानकारी पाएपछि विद्यार्थी अवस्थामै वीरेन्द्र छन्दोबद्ध कविताका रचनातर्फ अग्रसर भए । फलस्वरूप वीरेन्द्रको पहिलो कविता 'लौ' शीर्षकमा गोर्खा पत्रिका (वर्ष १, अङ्क ७, १९४५) मा प्रकाशित भएको भेटिन्छ ।[छड] यसै समयदेखि सुब्बाले नेपाली साहित्यजगत्मा लेखनको पहिलो पाइलो सारेको देखिन्छ । त्यसपछि सुब्बाको पहिलो कवितासङ्ग्रह नेपाली साहित्य परिषद दार्जिलिङ्बाट वि.सं. २००६ सालमा एकान्त कवितासङ्ग्रह प्रकाशन भएको थियो ।[छढ]

---

[५६] ऐजन ।

[५७] ऐजन ।

[५८] ऐजन ।

[५९] ऐजन ।

## तेस्रो परिच्छेद

# वीरेन्द्र सुब्बाको साहित्यिक व्यक्तित्व

## ३.१ कवि व्यक्तित्व

वीरेन्द्र सुब्बाले आफ्नै जन्मस्थान सुकियापोखरीमा भएको म्युनिसिपल स्कुलमा प्राथमिक र निम्नमाध्यमिक शिक्षा पूरा गरेका थिए ।[1] त्यसपछि यिनी माध्यमिक शिक्षाको पढाइको लागि दार्जिलिङ् सरकारी हाई स्कुलमा भर्ना हुनपुगे ।[2] त्यसपछि त्यहाँ पढाउने शिक्षक 'सूधपा' को प्रेरणा स्वरूप वीरेन्द्रभित्र रहेको कवि प्रस्फूटन हुन पुग्दछ ।[3] त्यसपछि उक्त विद्यालयमा पारसमणि प्रधानबाट छन्द, अलङ्कारबारे प्रारम्भिक जानकारी पाएपछि विद्यार्थी अवस्थामै वीरेन्द्र छन्दोबद्ध कविताका रचनातर्फ अग्रसर भए ।[4] फलस्वरूप वीरेन्द्रको पहिलो कविता 'लौ' शीर्षकमा गोर्खा पत्रिकामा वर्ष १, अङ्क ७, इस्वी सं. १९४५ मा प्रकाशित भएको भेटिन्छ ।[5] उनको जीवनको पहिलो कवितासङ्ग्रह एकान्त वि.सं. २००६ मा नेपाली साहित्य परिषद, दार्जिलिङ्ले प्रकाशन गरेको थियो ।[6] त्यसपछि वि.स.. २००२ सालतिर कविता लेखन तर्फ अग्रसर भएका सुब्बाका एकान्त, मेघमाला, कुसुम-छोरी र स्वर्णिमा जस्ता कविताकृतिहरू प्रकाशित छन् । परिष्कारवादी शिल्पबाट कविता लेखन सुरु गरेका वीरेन्द्र सुब्बाले पछि गएर प्रगतिवादी, स्वच्छन्दवादी प्रवृतिका कविताहरू लेखन गरेका छन् ।[7] वि.सं. २००२ देखि कविता लेख्न सुरु गरेका वीरेन्द्र सुब्बाका चार कवितासङ्ग्रह प्रकाशित भएका छन् ।[8] पष्किारवादी शिल्पबाट काव्ययात्रा सुरु गरेका सुब्बा स्वच्छन्दवादी भावधाराको नियन्त्रित अभिव्यक्ति गरिएका यिनका कविताहरूमा छायावादी, रहस्यवादी चिन्तनको

---

१ शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

२ ऐजन ।

३ लक्खीदेवी सुन्दास, **नेपाली कवितामा दार्जीलिङ्को योगदान**, अप्रकाशित विद्यावारिधि शोधपत्र, त्रि.वि., २०४६, पृ. ३९५-९६ ।

४ ऐजन ।

५ ऐजन ।

६ ऐजन ।

७ घट्टराज भट्टराई, **नेपाली लेखककोष,** काठमाडौं : लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान, २०५६ ।

८ खगेन्द्र लुइटेल, **नेपाली कविता सिद्धान्त र नेपाली कविताको इतिहास,** काठमाडौं : नेपाली राजकीय प्रज्ञा प्रतिष्ठान, २०६०), पृ. २५४ ।

प्रभाव पाइन्छ । यिनले आफ्ना कवितामा युगीन जनजीवनका सुख दुःख, विस्मात, पीडा, नैरास्य, करूणा आदिको चित्रण गरेका छन् । यिनका कविता सामाजिक, जातिय राष्ट्रियताको स्वर पनि मुखरित भएको देखिन्छ । प्रकृतिप्रेम, भावनात्मकप्रेम, ईश्वरीयचिन्तन, प्रकृतिको मानवीकरण पाइने यिनका कवितामा जातिप्रेम, नेपालीपन, राष्ट्रिय चिन्तन क्रान्तिकारी स्वरको अभिव्यक्ति साथै सामाजिक विसङ्गति र विकृतिप्रति अक्रोशपूर्ण व्यङ्ग्य प्रहार गरेका छन् ।[९]

**'एकान्त' (२००६) कवितासङ्ग्रहमा सङ्कलित कविताहरू**

| क.सं. | शीर्षक | प्रकाशक र प्रकाशन मिति |
|---|---|---|
| १. | चक्रव्यूह | नेपाली साहित्य परिषद दार्जिलिङ, २००६ |
| २. | एक्लै बढ्दो छ त्यो वीर | " " " " " |
| ३. | जीवनको एक झाँकी | " " " " " |
| ४. | हा, मानिस म हुँ | " " " " " |
| ५. | क ? | " " " " " |
| ६. | हिमालय | " " " " " |
| ७. | अमावस्थाको राती | " " " " " |
| ८. | मृत्युसित | " " " " " |
| ९. | सत्यता | " " " " " |
| १०. | दार्जिलिङ्प्रति | " " " " " |
| ११. | संस्करण | " " " " " |
| १२. | म गाउनै भनी यहाँ उपस्थित | " " " " " |
| १३. | हे विश्व | " " " " " |

**'मेघमाला' (२०१९) कविता सङ्ग्रहका कविताहरू**

| क.सं. | शीर्षक | प्रकाशक र प्रकाशन मिति |
|---|---|---|
| १. | स्वागत गायन | वीरेन्द्र सुब्बा, दार्जिलिङ, २०१९ |
| २. | त्रिरत्नप्रति | " " " " " |

[९] ऐजन

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | देवतासित | ” | ” | ” | ” | ” |
| ४. | मेरो अपराध | ” | ” | ” | ” | ” |
| ५. | उनी आउँछन् | ” | ” | ” | ” | ” |
| ६. | भर्त्सना | ” | ” | ” | ” | ” |
| ७. | सयपत्रीसित | ” | ” | ” | ” | ” |
| ८. | भानुभक्तप्रति | ” | ” | ” | ” | ” |
| ९. | जूनकीरी | ” | ” | ” | ” | ” |
| १०. | प्राणको प्रतिष्ठा | ” | ” | ” | ” | ” |
| ११. | हे भाय मता आगोको हुँ बग्दो नदी | ” | ” | ” | ” | ” |
| १२. | शिशिरको उक तुण | ” | ” | ” | ” | ” |
| १३. | गाउँकी जूही | ” | ” | ” | ” | ” |
| १४. | सिद्धिचरणप्रति | ” | ” | ” | ” | ” |
| १५. | मेरो कविता | ” | ” | ” | ” | ” |
| १६. | मानिस मण्डूक | ” | ” | ” | ” | ” |
| १७. | प्रतीक्षा | ” | ” | ” | ” | ” |
| १८. | मेरो मान्छे | ” | ” | ” | ” | ” |
| १९. | फूल र म | ” | ” | ” | ” | ” |
| २०. | साँझ | ” | ” | ” | ” | ” |
| २१. | पिशाच | ” | ” | ” | ” | ” |
| २२. | लाचारी | ” | ” | ” | ” | ” |
| २३. | बेला टर्दैछ | ” | ” | ” | ” | ” |
| २४. | बसन्तको जन्म | ” | ” | ” | ” | ” |
| २५. | हिमाल | ” | ” | ” | ” | ” |
| २६. | म जानदिने छैन | ” | ” | ” | ” | ” |
| २७. | नेपाल आमासित | ” | ” | ” | ” | ” |
| २८. | डायरी लेख्न लागिरहेछु | ” | ” | ” | ” | ” |
| २९. | पृथ्वीको मोह | ” | ” | ” | ” | ” |
| ३०. | छोराको जन्म | ” | ” | ” | ” | ” |

| | | |
|---|---|---|
| ३१. | तीन मुक्त | " " " " " |
| ३२. | मेला | " " " " " |
| ३३. | बिहान | " " " " " |
| ३४. | सुन्दर | " " " " " |
| ३५. | अँध्यारोको आडमा | " " " " " |
| ३६. | भिजेको रातको रक्सी | " " " " " |
| ३७. | खरीको बोट | " " " " " |
| ३८. | उ | " " " " " |
| ३९. | मेरो सपना | " " " " " |
| ४०. | इच्छा | " " " " " |
| ४१. | मानिस | " " " " " |
| ४२. | विदा | " " " " " |
| ४३. | नीलोको मोहनी | " " " " " |
| ४४. | पूर्णेको रात | " " " " " |
| ४५. | विभग वर्ष | " " " " " |
| ४६. | दुर्शा | " " " " " |

## 'कुसुम-छोरी' (२०२५) कवितासङ्ग्रहका कविताहरू

| क.सं. | शीर्षक | प्रकाशक र प्रकाशन मिति |
|---|---|---|
| १. | यहाँ ता उ आएकै थिइन | जगदम्बा, पाटनढोका वि.सं. २०२५ |
| २. | खोई ती यहाँ यहाँ कुन के ह ? | " " " " " |
| ३. | मेरो यो कोठाको चकम्नन्ले | " " " " " |
| ४. | कैयौं देखिएका नदेखिएका फालहरू नाघी | " " " " " |
| ५. | अब ता मेरो 'म' मभित्र नअटाउने भए सिद्धियो | " " " " " |
| ६. | भाव मृगको शरीर | " " " " " |
| ७. | यहाँको पानी नै बिखालो | " " " " " |
| ८. | यहाँको यो उज्यालोमा हामी एक अन्धकार | " " " " " |

| | | |
|---|---|---|
| ९. | कैलो खार्लाङ्ग, विस्पट्ट माथि | " " " " " |
| १०. | केही गह्रौं केही हन्फा फुटका | " " " " " |
| ११. | बाटो डोऱ्याइरहेछ कसैको पाइला | " " " " " |
| १२. | च्याखुराहरूमाझ | " " " " " |
| १३. | जुनको चह चहमा | " " " " " |
| १४. | मेरा पवल छाया नैमसीशोषकको सेतोमा | " " " " " |
| १५. | गाडाहरू दर्गुन छाड्नु | " " " " " |
| १६. | फुलले रंगलाई | " " " " " |
| १७. | घर ओडार बन्छ | " " " " " |
| १८. | पहाडको बेला यो | " " " " " |
| १९. | जिउँदो चिहान | " " " " " |
| २०. | साँपले नारीलाई शरम दियो | " " " " " |
| २१. | केही नभएको पनि खुरु खुरु भैइरहेको कै | " " " " " |
| २२. | हे ताराका काँडालु रात | " " " " " |
| २३. | विधाको बगिजान नसकेर रहेको | " " " " " |
| २४. | यो कठबार कि नि ! | " " " " " |
| २५. | यो धुरीहरू र हिमालयहरूमाथि | " " " " " |
| २६. | यही उज्यालोसित मेरो पृथ्वी | " " " " " |
| २७. | जन्मन्छ आज कोइलो भैँ | " " " " " |
| २८. | सुरका उतार चढावका कलिला धारिला मुखमा | " " " " " |
| २९. | मनको | " " " " " |
| ३०. | अतिशय जीवन | " " " " " |
| ३१. | पछ्यौलामा अनुहार गाडेर | " " " " " |
| ३२. | मलाई देऊ साथी | " " " " " |
| ३३. | मेरो दिनमा | " " " " " |
| ३४. | भैभरि लुकेर रहेका | " " " " " |
| ३५. | त्यो थियो | " " " " " |
| ३६. | यहाँ प्रत्येक छायाहरू मेरो आस्थाहरू हुन् | " " " " " |

| | | |
|---|---|---|
| ३७. | साँझ सेता फुस्रा आकाश कोरेर | ” ” ” ” ” |
| ३८. | छ्याप्प यसरी एक कलिला रापिला ओठले | ” ” ” ” ” |
| ३९. | मेरा कविताको खाता बाक्लो बन्दै जान्छ | ” ” ” ” ” |
| ४०. | क एक तूफानी प्रेमी | ” ” ” ” ” |
| ४१. | घाँसी सिर्गेटसितै सुकरता-सुकरता बदामी पात | ” ” ” ” ” |
| ४२. | तरुणीको मखमली मुहारमा | ” ” ” ” ” |

**'स्वर्णिमा' (२०३६) कविता सङ्ग्रहका कविताहरू**

| क्र.सं. | शीर्षक | प्रकाशक र प्रकाशन मिति |
|---|---|---|
| १. | ए मेरा माझी | श्याम ब्रदस, दार्जिलिङ, वि.सं. २०३६ |
| २. | स्वप्नमा मख्ख साथी | ” ” ” ” ” |
| ३. | ए ठिटौलो साथी | ” ” ” ” ” |
| ४. | काल अकाल बाडलीमा पसेर बसेर | ” ” ” ” ” |
| ५. | पथ | ” ” ” ” ” |
| ६. | तिमीलाई भित्रमा आफ्नै | ” ” ” ” ” |
| ७. | एक कैला मैला कौवा | ” ” ” ” ” |
| ८. | म भित्र इ के | ” ” ” ” ” |
| ९. | ए सुन्दरी तिमरा सरल शर्मालु | ” ” ” ” ” |
| १०. | आफ्ना उत्तम जिहामा लिएँ | ” ” ” ” ” |
| ११. | हो उनी आए हिज जसतै, असित जसतै | ” ” ” ” ” |
| १२. | बहिनी मेरी सुन्दरी | ” ” ” ” ” |
| १३. | बाटा कराइरहेछन् | ” ” ” ” ” |
| १४. | आफ्नै सिक्रो लौरी | ” ” ” ” ” |
| १५. | हो गऱ्यो ग्रास तिमीलाई समेत | ” ” ” ” ” |
| १६. | आफू | ” ” ” ” ” |
| १७. | अचाकली, कोइला मास्तिर भए | ” ” ” ” ” |
| १८. | सधैंभरका प्यारा पीर ममा ऊ | ” ” ” ” ” |

| | | |
|---|---|---|
| | अचूक रहिरिने भइँ | |
| १९. | दृष्टि रुक्ष मरुमय | ” ” ” ” ” |
| २०. | इ भूमि रियाल | ” ” ” ” ” |
| २१. | बेला यो अपराहन | ” ” ” ” ” |
| २२. | इ श्यामलीमा | ” ” ” ” ” |
| २३. | नयन द्धय इ मेसरा | ” ” ” ” ” |
| २४. | विशाल विमुक्त | ” ” ” ” ” |
| २५. | व्याङ्ग फूल मयका | ” ” ” ” ” |
| २६. | स्मरण स्मृतिका | ” ” ” ” ” |
| २७. | दिग्व्यय दीप्ति | ” ” ” ” ” |
| २८. | सम्भ्रान्त पथ अनुसरण अनपात | ” ” ” ” ” |
| २९. | इ मारुत | ” ” ” ” ” |
| ३०. | इ श्याम सम्मोहन सुन्दर | ” ” ” ” ” |
| ३१. | इधा, लिड, गिड, गिड, गिड, धा | ” ” ” ” ” |
| ३२. | पथ प्रागणमा | ” ” ” ” ” |
| ३३. | याहाँ सदावर्ट | ” ” ” ” ” |
| ३४. | ममता तिमरा माहा | ” ” ” ” ” |
| ३५. | सुर्यले प्रतिप्रन्पित करुण किरण नुहाई | ” ” ” ” ” |
| ३६. | स्मृतिका मन्दाकिनी हुँदा सुखद | ” ” ” ” ” |

## ३.२ उपन्यासकार व्यक्तित्व

वीरेन्द्र सुब्बाको कवि व्यक्तित्व पहिलो उनको दोस्रो व्यक्तित्वका रूपमा हामी उपन्यासकार व्यक्तित्व लिन सक्छौँ । सुब्बाको पहिलो उपन्यास कृति मूलसडकतिर वि.सं. २०२५ सालमा साझा प्रकाशनले प्रकाशित गरेको थियो ।[10] सुब्बा विविध विषयमा रूचि राख्ने भए तापनि उनको उपन्यास व्यक्तित्व निक्कै खारिइएको पाइन्छ । आधुनिक नेपाली उपन्यास परम्पराको इतिहास हेर्दा वि.सं. २०२१ देखि नयाँ मूल्य र

[10] ऐजन ।

परम्परा लिएर उपन्यासहरू लेखिएको देखिन्छ । परम्परागत लेखनको समाप्तिलाई इङ्गित गर्ने साहित्यिक आन्दोलनहरू पनि यसै समयमा भएका थिए । नयाँ विषय र शिल्पको अन्वेषणमा यसै समयदेखि नेपाली उपन्यासकारहरूले रूचि लिनाको फलस्वरूप वीरेन्द्र सुब्बाले पनि आधुनिक नेपाली उपन्यास परम्पराको मूल्य मान्यतालाई ग्रहण गरी मूलसडकतिर उपन्यास लेखेका थिए ।[11]

यिनको ‘मूलसडकतिर’ उपन्यास दार्जिलिङ्मा बसोबास गर्ने निम्नमध्यम वर्गका नेपालीहरूको दुःख-सुख, हर्ष-आँसु, रोदन-विस्थापन, सौतेनी माम्लो आदि विषयवस्तु ग्रहण गरिदिए लेखिएको प्रस्तुत उपन्यास सफल उपन्यास हो । यस उपन्यासमा प्रयोग गरिएको कथावस्तु त्यहाँका नेपालीहरूको त्यस समयमा भोगिरहेका समस्याहरूको उद्घाटन मूलसडकतिर उपन्यासभित्र गरिएको छ ।[12] यस मूलसडकतिर उपन्यासभित्र प्रयोग गरिएका चरित्रहरू त्यस बेलाका समाजमा बसोबास गर्ने निम्नमध्यमवर्गीय परिवारबाट ग्रहण गरिएको छ । यस उपन्यास मूलसडकतिर उपन्यास भित्र प्रयोग गरिएको विचार तथ्य पनि स्वभाविक रहेको छ भने उपन्यास पक्षको कुरा गर्दा छोराछोरी बीचको भेदभाव, सौतेनी माम्लो र विस्थापन आदि टड्कारो रूपमा भेट्न सकिन्छ । त्यसपछि यस मूलसडकतिर उपन्यास प्रयोग गरिएको भाषाशैली निम्नमध्यम परिवारले स्थानीय भाषिका, हिन्दी, अङ्ग्रेजी आदि भाषाहरू र सरल रूपमा सबै पाठकले बुझ्ने रहेको छ ।[13]

### ३.३ नाटककार व्यक्तित्व

वीरेन्द्र सुब्बा कवि, उपन्यासकार व्यक्तित्व नभएर उनी नाटककार व्यक्तित्व पनि हुन् । सुब्बा आधुनिक नेपाली नाटकका विकास प्रक्रियामा तेस्रो चरणमा देखा परेका एक कुशल नाटककार हुन् ।[14] यिनको पहिलो नाटक फिस्टा वि.सं. २०३१ सालमा साझा प्रकाशनले प्रकाशित गरेको थियो ।[15] उनी एक दार्जिलिङ् नाटककार

---

[११] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास,** (काठमाडौं : साझा प्रकाशन, २०३४), पृ. १२२ ।

[१२] शोधनायकसँग भएको अन्तर्वार्ताबाट ।

[१३] ऐजन ।

[१४] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, पूर्ववत्, पृ. १६४ ।

[१५] शोधनायकसँग भएको मौखिक अन्तरर्वार्ताबाट ।

मध्ये सफल नाटककार हुन् । उनको 'फिस्टा' नाटक दार्जिलिङ्मा बसोबास गर्ने निम्न मध्यम वर्गका नेपालीहरूको दु:ख-सुख, हाँसो-रोदन, बिछोड, विस्थापन, नैरास्य आदि विषयवस्तु बनाएर चित्रण गरिएको छ । सुब्बाको फिस्टा नाटकभित्र एक फिस्टा र तस्बिर गरी दुई नाटक रहेका छन् । प्रस्तुत तस्बिर नाटकभित्र त्यसबेलाका नेपालीहरूको दु:ख, पीडा, हर्ष, विस्मात, नैरास्य, विछोड आदि विषयवस्तु बनाएर यर्थाथ चित्रण गरिएको नाटक सुब्बाको सफल नाटक रहेको छ ।[16]

## ३.४ सम्पादक व्यक्तित्व

वीरेन्द्र सुब्बा कवि व्यक्तित्व, उपन्यासका नाटककार व्यक्तित्व मात्र नभएर उनी एक सम्पादक व्यक्तित्व पनि हुन् । सुब्बाले नेपाली भाषामा सुस्केरा पत्रिकाको सम्पादन गरेका थिए ।[17] यस पत्रिकामा साहित्यसम्बन्धी विशेष लेखरचनाहरू छपाउने गरिन्थ्यो । शोधनायकको भनाईमा सुस्केरा पत्रिका दार्जिलिङ्मा धेरैजसोले पढ्ने गर्दथेँ ।[18] त्यसपछि सुब्बाले अङ्ग्रेजी भाषामा द आर्टस शीर्षकमा ई.सं. १९७३ सालदेखि त्रैमासिक अङ्ग्रेजी पत्रिका सम्पादन गरेका थिए ।[19] सुब्बा यस त्रैमासिक पत्रिकामा अङ्ग्रेजी कविता, लेख रचना छपाउने गरेका थिए ।[20] सुब्बाले नेपाली प्रगतिशील लेखकहरूको रचनाहरू छपाउनका लागि प्रगतिशील नेपाली साहित्य परिषद्को स्थापना इ.सं. १९५० दार्जिलिङ्मा गरेका थिए ।[21] यस परिषदमा त्यस बेलाका प्रगतिशील लेखकहरूको रचनाहरू छपाउने काम यस परिषदले गर्थ्यो ।[22]

## ३.५ चित्रकार व्यक्तित्व

वीरेन्द्र सुब्बा सम्पादक व्यक्तित्व मात्र नभएर चित्रकार व्यक्तित्व पनि हुन् । सुब्बाले विश्ववाणी प्रतिष्ठान दार्जिलिङ्मा रहेर केही समय व्यावसायिक रूपमा

---

[16] शोधनायकसँग भएको मौलिक अन्तरर्वार्ताबाट ।

[17] ऐजन ।

[18] लक्खीदेवी सुन्दास, पूर्ववत्, पृ. ३९५-९६ ।

[19] ऐजन ।

[20] ऐजन ।

[21] शोधनायकसँग भएको मौलिक अन्तरर्वार्ताबाट ।

[22] ऐजन ।

चित्रहरू कोरेका थिए ।[२३] सुब्बाका धेरै चित्रहरू 'शान्ति निकेतन' दार्जिलिङ्मा रहेको जानकारी शोधनायक बताउँछन् ।[२४] सुब्बा धेरै जसो अर्मूत चित्र कार्ने गरेको र यही चित्र कोरेकाले सिक्किम सरकारले सम्मान दिएको थियो ।[२५] त्यसपछि सुब्बाले केही समय चित्र कोरेर घरखर्च टारेका थिए भने चित्रहरू व्यावसायिक रूपले उत्कृष्ट रहेका थिए ।[२६] सुब्बाका अमूर्त चित्रहरूमा मानिसहरूले जीवनजगत्मा भोगिरहेका सन्त्रास, पीडा, नैराश्र्यता, हाँसो, रोदन आदि कुराहरू अमूर्त रूपमा देखाउँछन् । सुब्बाले विविध विषयवस्तुमा हात हाले पनि उनलाई सबैभन्दा बढी रूचि चित्र कोरिरहन मनपर्छ भने हाल उनी ७४ वर्षका भएर पनि चित्र कोरिरहन्छ ।[२७] सुब्बा आफूले कोरेका चित्रहरू आफूलाई भेट्न आएका पाहुनाहरूलाई खुशी हुँदै देखाउँछन् ।[२८]

---

[२३] ऐजन ।

[२४] ऐजन ।

[२५] ऐजन ।

[२६] ऐजन ।

[२७] ऐजन ।

[२८] ऐजन ।

## चौथो परिच्छेद

# वीरेन्द्र सुब्बाको साहित्य यात्रा

### ४.१ नेपाली कविताको प्रारम्भ र विकास

नेपाली कविताको विकास क्रम प्रक्रियामा धेरै विवादहरू पहिलेदेखि वर्तमान समय सम्म भइरहेको छ । नेपाली कविताको प्राथमिक काल विवादको काल हो । नेपाली कविता लिखित स्वरूपमा आउनुभन्दा पहिले लोकमानसमा प्रचलित लोकगीत, लोकगाथा र मनोरञ्जनात्मक लोककथाले यसको विकासमा ठूलो सहयोग पुऱ्याएको देखिन्छ । नेपाली कविताको लेखन आरम्भ श्री ५ पृथ्वीनारायण शाहको नेपाल एकीकरणको अभियान सँगसँगै कविहरूले नेपालीमा मौलिक कविता रचिएको पाइन्छ । शाहको पालामा नेपाली भाषा काव्य रचिएको पाइन्छ । शाहको पालामा नेपाली भाषा कथ्य रूपबाट लेख्य रूपतर्फ अगाडि बढ्दै गइरहेको अवस्थामा नेपाली कविहरूले युगीन परिवेशअनुरूप कविता लेख्न थाल्दछन् । नेपाली पहिलो कवि र कविताको कुरा गर्दा त्यसमा धरै विवादहरू रहेका छन् । जेहोस् विद्वान्हरूको भनाइअनुसार नेपाली कविताको प्राथमिक कालको पहिलो कविता “चित्तरञ्जन नेपालीको खोजबाट सुवानन्ददास रचित श्री ५ पृथ्वीनारायणसम्बन्धी ‘कविता’ नेपाली भाषाको पहिलो कविता मानिँदै आएको छ ।”[१] यो कविताको रचनाकाल समय नखुलाइएको सो रचनाको सम्बन्धमा कसैले वि.सं. १८०१ तिर त कसैले वि.सं. १८३१ तिर यसको रचनाकाल मानेको पाइन्छ । सुवानन्दको कविताको प्रामाणिक रचनाकाल अज्ञात हुँदा र पहिलो नेपाली कविको खोजी अझै सम्म निरन्तरता रहेको छ । यस समयको निश्चित आरम्भ तोक्नचाहिँ गाह्रो छ । यस कविताको रचनाकाल (वि.सं. १८०१-१८३१) हुनुपर्छ भन्ने अडकल मात्र गरिएको छ । त्यसपछि पृथ्वीनारायण शाह वि.सं. १७९९ मा गोर्खाको राजगद्दिमा बसेपछि नेपाल र नेपालीहरूको स्थिति ज्यादै कमजोर भएको थियो, त्यसको कारणमा पश्चिममा बाईसे, चौबीसे राज्य र काठमाडौं उपत्यकाभित्र राज्यहरू थिए । यस्ता स-साना राज्यहरू हुँदा विदेशीहरूले आँखा गाड्ने

---

[१] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास,** चौथो संस्करण (काठमाडौं : साझा प्रकाशन, २०४९) पृ. २३ ।

एकिकरण अभियान सानो राज्य गोर्खाबाट सुरु गरे । यो समयलाई नेपाली कविताको वीर धाराअन्तर्गत राख्न सकिन्छ । यसको पृथ्वीनारायण शाहको एकीकरण अभियानमा त्यसबेला कविहरूले वीर योद्धा, वीरहरूको साहस, बलिदान, त्यागजस्ता वीर योद्धाहरूको स्तुति गान गाएका थिए । यस कार्यले जनमानसमा धेरै प्रभावित पारेको थियो । राष्ट्रनिर्माणमा लागेको वीरयोद्धाहरूको मनोबल बढाउन, मुटु बलियो बनाउन, कृतज्ञ भावले यिनको प्रशंसा र स्तुतिगान गर्नु, गर्ने कार्य त्यसबेलाका कविहरूले गरेका थिए ।

नेपाली कविताको वीरधाराका पहिला कवि सुवानन्ददास हुन् । यिनको खास जीवनको बारेमा जानकारी पाइँदैन । नेपाली कविताको विकासक्रमलाई हेर्दा यस समयलाई वीरकाल भनिन्छ । यस कालका कविहरूमा सुवानन्ददास, उदयानन्द अर्ज्याल, सुन्दरानन्द बाँडा राघबल्लभ अर्ज्याल आदि यस धाराका कविहरू रहेका छन् ।

नेपाली कविताको वीरधारापछि अर्को उपधाराको रूपमा भक्ति धारा रहेको छ । यस धाराअन्तर्गत कृष्णभक्तिधारा, रामभक्ति र निर्गुण सन्तभक्तिधारा रहेका छन् । यस चरणको कवितामा युद्धदेखि नडराउने नेपालीहरूमा वि.सं. १८७२ मा सुगौली सन्धिले निराश बनाएपछि वीरयुद्ध योद्धाहरूको आत्मबल बढाउने कविताहरू लेख्न छाडेर यस कालका कविताहरूबाट ईश्वरको शरणमा जाने अनि उनैले रक्षा गर्छन् भन्ने भक्तिवादी स्वर गर्न थाल्दछन् । त्यसपछि यस भक्तिधाराअन्तर्गत कृष्णभक्ति धारा देखापर्दछन् ।

यस कृष्णभक्ति धाराअन्तर्गत कृष्णको स्तुति गान गर्ने, कृष्णको जीवनलीलाहरूको वर्णन गर्ने गर्दछन् । त्यसपछि यी कविहरूको आस्थाको केन्द्रविन्दु र कविताको मुख्य विषयवस्तु श्रीकृष्ण नै रहेको देखिन्छ । यस धाराका केन्द्रीय कवि इन्दिरस हुन् । उनको ‘गोपीकास्तुति’ (वि.सं. १८८४) शीर्षकको अनूदित रचना उपलब्ध छ । त्यसपछि यस कृष्णभक्ति धाराका कविहरूमा बसन्त शर्मा हुन् । उनका ‘श्रीकृष्णचरित्र’ र ‘समुन्द्रलहरी’ रहेका छन् । यस धाराका अरू कविहरूमा वीरशाली पन्त, हीनव्याकरणी विद्यापति आदि हुन् ।

यस धारापछि रामभक्ति उपधाराको सुरुवात भएको छ । यस धारामा श्रीरामको जीवनसँग सम्बन्धित अनेक गतिविधिहरूलाई विषय बनाई कविताहरू लेखिइएको पाइन्छ । रामलाई नै ईश्वरको साकार रूपमध्ये श्रीरामलाई आराध्यदेव मानी त्यसैको कविताहरू स्तुति गर्ने आफ्ना भावनाहरू व्यक्त गर्ने काम यस धाराका कविहरूले गरेका छन् । यस धाराका केन्द्रीय कविहरूमा रघुनाथ पोखेल उनको कृति 'रामायणको सुन्दरकाण्ड' हो । यस धाराका अर्का हस्ती, भानुभक्त आचार्य हुन, उनको कृतिहरूमा रामायण, भक्तमाला, रामगीता आदि रहेका छन् ।

त्यसपछि अर्को उपधाराको रूपमा निर्गुण सन्तभक्तिधारा पर्दछ । यस धाराका कविहरूले ईश्वरका साकार र निराकार रूप मध्ये विशेषगरी निराकार रूपको वर्णन गरेको पाइन्छ । यस धाराका केन्द्रीय कविहरूमा सन्तज्ञानदिल दास हुन्, उनको उदयलहरी भजनसङ्ग्रहले रचना गरेको देखिन्छ । त्यसपछि यस सर्गुण भक्तिधाराका कविहरूका अखण्डदिल दास, अगमदिल दास, शशिधरदिल दास आदि रहेका छन् ।[६]

## ४.२ नेपाली कविताको माध्यमिक काल

नेपाली कविताका विकासयात्रामा माध्यमिक काल भन्नाले मोतीराम भट्टको आगमन वि.सं. १९४१ देखि प्रारम्भ भएको हो । नेपाली कविताको माध्यमिक चरणमा प्रवेश लेखोट युग पार गरी छापाखाना युगमा प्रवेश नेपाली कविताको एक मुख्य घटना हो । त्यसपछि मोतीरामको भानुभक्तीय रामायण को बालकाण्ड प्रकाशन यस कालको उल्लेखनीय घटना मानिन्छ । त्यसपछि नेपाली कविता क्रमशः पुस्तकाकारमा र गोर्खापत्र वि.सं. १९५८ सुन्दरी वि.सं. १९६३ जस्ता पत्रिकाहरू प्रकाशित हुनु आज यसकालको महŒवपूर्ण उपलब्धि मानिन्छ । माध्यमिक नेपाली कविताको केन्द्रीय प्रवृत्ति शृङ्गारिक भावधारा हो । यस कालका नेपाली कविताका अरू प्रवृत्तिमध्ये अनुवाद रूपान्तरणको प्रवृत्ति कम भई मौलिक कविताहरू प्रशस्त लेखनमा वृद्धि हुनु पनि हो । नेपाली कविताको माध्यमिक चरणको पूर्वाद्धमा संस्कृत, हिन्दी, उर्दू, फारसी आदि भाषाका कविताहरू सिर्जना प्रविधिमा रूचि बढ्नु यस कालको एक उल्लेख्य कवितात्मक अभिलक्षण हो । त्यसपछि यस कालको अर्को मुख्य प्रवृत्तिका रूपमा हामी

[६] खगेन्द्रप्रसाद लुईटेल र अन्य, **नेपाली कविता** (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०५४), पृ. १९८, २० ।

शृङ्गारिक धारामा बढी कवि र कविताहरू रचना गरिएको भेटिन्छ र 'मोतीमण्डलीको' स्थापना पनि महŒवपूर्ण उपलब्धिको रूपमा लिन सकिन्छ ।

त्यसपछि माध्यमिककालीन नेपाली कवितामा ठूलो प्रभाव राजनैतिक वातावरण रहेको छ । नेपालको इतिहासमा राणशासन अवधिको एक खास समयसँग जोडिन पुगेको छ । राणाशासन कालमा राणाहरू धेरैजसो समय भोगविलास मानसिकता, नाचगान, खानपान आदिमा ठूलो प्रभाव परेको छ । यसरी राणादरबारी भोगविलासी प्रवृत्तिले गर्दा शृङ्गारिक कविताहरू रचिन पुग्दछन् । त्यसपछि माथिल्ला ओहोदामा रहेकाले जे मनपराउँछ त्यही धारामा कविताहरू रच्न कविहरू उत्साहित भएको भेटिन्छ । फलस्वरूप यस शृङ्गारिक धाराका प्रवर्तन तथा केन्द्रीय कवि मोतीराम भट्ट हुन् । उनका कृतिहरूमा वि.सं. १९४८ को पञ्चक प्रपञ्च, गजेन्द्रमोक्ष, तीजको कथा, उषा रचित आदि रहेका छन् । त्यसपछि माध्यमिक नेपाली शृङ्गारिक धारामा कविताहरू लेख्ने कविहरूमा गोपीनाथ लोहनी, उनको कृति ध्रुवचरित्रकथा सत्यहरिषचन्द्र कथा आदि रहेका छन् भने राजीवलोचन जोशी, भोजराज पाण्डे, डोलेश्वर पाण्डे, पहलमानसिंह, स्वाँर, शम्भुप्रसाद ढुङ्ग्याल, लक्ष्मीदत्त पन्त, केदारनाथ खतिवडा आदि उत्कृष्ट कविहरू रहेका छन् ।[३]

त्यसपछि नेपाली कविताको माध्यमिककालको पूर्वाद्ध चरणपछि उत्तरार्द्ध चरणको थालनी हुन्छ । यस चरणका कवि लेखनाथ पौड्याल जस्ता कविले शृङ्गारिक धारालाई तोड्दै नेपाली कविता परम्परामा नवयुगको प्रयास गरिरहे तापनि सूक्तिसिन्धु शृङ्गारिक कवितासङ्ग्रह वि.स. १९७४ चर्चित हुनुपुग्यो । अन्तिम सङ्ग्रह सूक्तिसिन्धु रहेको थियो । माध्यमिककालीन नेपाली कविताको शास्त्रीयतावादी परिष्कारवादी धारा मानिन्छ । नेपाली कवितामा माध्यमिक कालको उत्तरार्द्धतिर थालिएको यो धारा देवकोटाको आगमनपूर्ण प्रमुख धाराका रूपमा र उनको आगमनपछि गौण धाराका रूपमा हामी भेट्छौं । यस धाराका केन्द्रीय कृतिहरू कविताकल्पद्रुम वि.सं. १९६२, त्यसपछि सत्यकलि संवाद वि.सं. १९७६ ऋतुविचार वि.सं. १९९१ आदि रहेका छन् । यस धारामा केन्द्रित रहेर कविता लेख्ने अन्य कविहरू सोमनाथ सिग्देल उनको

[३] डा. वासुदेव त्रिपाठी र अन्य, **नेपाली कविता भाग-४** (ललितपुर : साझा प्रकाशन, २०५३) पृ. १०८-१० ।

'पथिकप्रेम' वि.सं. १९७३ कुलचन्द्र गौतम उनको कृति अलङ्कार चन्द्रोदय वि.सं. १९७५, धरणीधर कोइराला, उनको नैवेद्य महानन्द सापकोटा उनको मनलहरी आदि उत्कृष्ट कविहरू रहेका छन् । यस शास्त्रीयवादी धाराको मूल प्रवृत्तिका रूपमा लेख्य व्याकरण अनुशासनभित्र रहेर परिष्कृत शैलीमा वस्तुपरकमा जोड दिने, साहित्यिक नियमभित्र रहेर कविताको सिर्जना गर्ने आदि रहेका छन् ।[४]

## ४.३ नेपाली कविताको आधुनिककाल

नेपाली कविताको आधुनिक कालको प्रारम्भका बारेमा अनेक मतमतान्तर र वादविवाद रहेको पाइन्छ । आधुनिक कविता विकासक्रममा पहिला कवि को हुन् भन्ने बारेमा विद्वान्हरूको धेरै मतमतान्तर भएको भेटिन्छ । यस सम्बन्धमा खगेन्द्रप्रसाद लुइटेलको पुस्तक आधुनिक नेपाली समालोचना (वि.सं. २०५७) नामक पुस्तकमा निम्नलिखित अवधारणा र मान्यता प्रस्तुत गरिएको छ । नेपालीमा सामान्यत पश्चिमीकरणलाई आधुनिकता भन्ने गरेको पाइन्छ । आधुनिकता विविध परिवेशबाट पनि प्रभावित हुन सक्छ । हाम्रो देशको बारेमा कुरा गर्दा तत्कालीन भारतीय राजनैतिक, सामाजिक र साहित्यिक परिवेश द्वितीय विश्वयुद्धबाट फर्केका नेपालीहरूबाट नेपालमा भित्रिएको नवीन दृष्टिकोण, सङ्गठित रूपमा थालिएको युगीन निरङ्कुश राजनैतिक परिपाटिप्रति विरोध, विद्रोह पश्चिमी शिक्षाको प्रभाव आदिलाई आधुनिकताको उत्प्रेरक कारक मान्न सकिन्छ ।

नेपाली कविताको विकासक्रममा आधुनिककालको सुरुवातमा लेखनाथ पौड्यालबाट भएको हो र भएको होइन भन्ने मूलतः दुईवटा मान्यता देखिन्छन् । नेपाली कवितामा पहिला आधुनिक कवि को हुन् भन्ने पहिलो मत दिने व्यक्ति रत्नध्वज जोशी रहेका छन् । उनको नेपाली साहित्यमा आधुनिक काल (२०२७) शीर्षक लेखनमा उनको मत यस्तो दिएका छन्- परम्पराको अन्धसमर्थन, विज्ञानको विरोध, संस्कृत साहित्यको नीतिवादी चेतनाको अवलम्वन प्रवृत्तिका कारण लेखनाथ आधुनिक कवि होइनन् ।

---

[४] ऐजन ।

त्यसपछि अर्को मत दिने विद्वान्मा मोहनराज शर्मा रहेका छन् । उनको नेपालीका केही आधुनिक साहित्यकार (२०३६) नामक पुस्तकमा उनले लेखनाथ आधुनिक कविका पङ्क्तिमा बस्न पाउँदैनन् भन्ने मत दिएका छन् त्यसपछि अर्को विद्वान् वामदेव पहाडीले आफ्नो पुस्तक आलोचनाको वृत्त (२०५४) मा लेखनाथ समाजका सचेत कवि थिएनन् कवि मात्र थिए भन्दै आधुनिक कवि मानेका छैनन् ।

त्यसपछि लेखनाथलाई आधुनिक नेपाली कविताका पहिला कवि मान्दै वासुदेव त्रिपाठीले आफ्नो मत अघि सारेका छन् । उनको आफ्नो विद्यावारिधि शोधप्रबन्ध लेखनाथ पौड्यालको कवित्वको विश्लेषण तथा मूल्याङ्कन (२०३४) मा लेखनाथलाई आधुनिक कवि सिद्ध गरिएको पाइन्छ । आधुनिक कवि लेखनाथ हुन् भन्ने कुराको विरोध विभिन्न विद्वान्हरूले समय समयमा गरेका छन् । खगेन्द्रप्रसाद लुइटेलले कविता सिद्धान्त र नेपाली कविताको इतिहास नामक पुस्तकमा लेखनाथ पौड्याल आधुनिक नेपाली पहिला कवि होइनन् भन्ने तर्क दिएका छन् । नेपाली कवितामा तत्काल प्रचलित परिष्कारवादी धाराबाट भिन्न गराउने स्वच्छन्दतावादी लेखन नै माध्यमिक र आधुनिक कालको विभेदक रेखा हो । नेपाली कवितामा परिष्कारवादी धाराको वस्तुपरक लेखन, व्याकरणिक अनुशासन, शिल्प संरचना संयमित सन्तुलित जस्ता कुराहरू अस्वीकार गर्दै नेपाली कवितापरम्परामा स्वच्छन्दवादको जग बन्छ । यही स्वच्छन्दवादी धाराको प्रारम्भ नै नेपाली कवितामा आधुनिक कालको प्रारम्भको सङ्केत गर्दछ । नेपाली कवितामा आधुनिक कालको प्रारम्भ व्यक्ति विशेषबाट नभएर विभिन्न कविहरूबाट साझा प्रयास वि.स. १९९१ पछि भएको हो । यस धाराका कविहरूले परिमार्जित युगीन मूल्य र मान्यता स्विकार्दै कवितालाई नवीन रूपमा प्रस्तुत गरेका छन् । यो पूर्ववर्ती शास्त्रीयवादी कठोर बन्धनका विरुद्धमा आएको विद्रोहात्मक काव्यप्रवृत्ति हो । आधुनिक नेपाली कविहरूमा लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, गोपालप्रसाद रिमाल, युद्धप्रसाद मिश्र आदि रहेका छन् ।

त्यसपछि आधुनिक नेपाली परिष्कारवादी धारा पछि नेपाली कवितामा स्वच्छन्दवादी धारा वि.सं. १९९१ को ‘शारदा’ पत्रिकाका माध्यमबाट सुरु भएको हो । नेपाली जनमानससम्म भित्रभित्रै सल्किएको राणाविरोधी अभियान, नेपाल प्रज्ञाप्ररिषद्को

स्थापना, १९९७ सालको सहिद पर्व, २००४ सालको राजनैतिक घटना देवकोटाको बनारसप्रवास तथा युगवाणी पत्रिकाको सम्पादन आदि घटनाहरूबाट यो धारा अघि बढ्दछ । त्यसपछि स्वच्छन्दतावादभित्र प्रगतिवादी कविताहरू लेखिन थाल्दछन् । वि.सं. २००७ सालको राजनैतिक परिवर्तनले यस धारालाई अझ बढी प्रभावित पारेको छ भने देवकोटाको नेतृत्व तथा तत्कालीन कविहरूको सक्रियतामा यस धाराले अझ विस्तारित भएको पाइन्छ । यसरी वि.सं. १९९१ मा प्रारम्भ भएको स्वच्छन्दतावादी धारा २००३, २००४ सालसम्म शुद्ध स्वच्छन्दवादी धाराका रूपमा लिइन्छ भने त्यसपछि प्रगतिवादी धाराका रूपमा विस्तारित हुँदै जान्छ । यो स्वच्छन्दवादी धाराका केन्द्रीय कवि लक्ष्मीप्रसाद देवकोटा हुन् भने उनले यस धारालाई प्रर्वतन विस्तारितमा अगि बढाउने कार्य गरेका छन् । यस धारामा केन्द्रित रहेर लेखिएका कृतिहरू मुनामदन वि.सं. (१९९२), कुञ्जिनी वि.सं. (२००२), मायाविनी सर्सी (२०२४), म्हेन्दू वि.सं. (२०१३) आदि रहेका छन् ।

यो धारा देवकोटाको मृत्यु वि.सं. २०१६ सालसम्म रहन गएको छ । यस स्वच्छन्दवादी धाराका अन्य प्रमुख कविहरूमा सिद्धिचरण श्रेष्ठ, गोपालप्रसाद रिमाल, युद्धप्रसाद मिश्र, धर्मराज थापा, माधवप्रसाद घिमिरे, गोमा, भिमनिधि तिवारी आदि रहेका छन् ।[छ]

त्यसपछि वीरेन्द्र सुब्बा पनि आधुनिक नेपाली स्वच्छन्दवादी, प्रगतिवादी धारामा केन्द्रित रहेर कविताहरू सिर्जना गरेका छन् । सुब्बाको जम्मा चार कविता सङ्ग्रहहरू यसै धारामा रचना भएका छन् । उनका कविताहरू, सामाजिक राजनैतिक व्यङ्ग्य, प्रकृतिप्रेम, देशप्रेम, विश्वप्रेम प्रणयप्रेम आदि विषयवस्तुहरूमा आधारित रहेका छन् भने उनका कविताहरू धेरैजसो गद्यलय वर्पमातृक र शार्दूलविक्रीडित र मालिनी आदि छन्दमा रहेका छन् ।[ट]

---

[५] खगेन्द्रप्रसाद लुईटेल, पूर्ववत्, पृ. २२६, २७, २८, ३८ ।

[६] डा. वासुदेव त्रिपाठी र अन्य, पूर्ववत्, पृ. १२३ ।

## ४.४ वीरेन्द्र सुब्बाको साहित्य यात्रा आरम्भ

आधुनिक नेपाली साहित्यका बहुमुखी व्यक्तित्व भएका साहित्यकार वीरेन्द्र सुब्बा हुन् । नेपाली साहित्यका धेरै विधामा उनको कलम चलेको पाइन्छ । कविता, उपन्यास, नाटक आदि विधामा उनका रचनाहरू प्रकाशित भएको पाइन्छ ।[७] उनको पहिलो साहित्यिक कृतिका रूपमा कवितासङ्ग्रह रहेको छ । उनका कविताहरूमा दार्जिलिङ् क्षेत्रमा बसोबास गर्ने निम्नमध्यम वर्गका नेपालीहरूको यथार्थ स्थितिको चित्रण, मानवतावादी दृष्टि, देशप्रेम, व्यक्तिप्रेम, विपरीत्य लिगसँगैको सामाजिक व्यङ्ग्य, विश्वप्रेम, जातिप्रेम, जन्मस्थल दार्जिलिङ्प्रेम आदि विषयवस्तुमा केन्द्रित रहेर कविताहरू कोरिएको पाइन्छ । उनका कविताहरू स्वच्छन्दतावाद हुँदै प्रगतिवादतर्फ अगाडि बढेका छन् भने कविताहरू गद्य र पद्य दुवै प्रकारका रहेका छन् ।[८]

त्यसपछि सुब्बाको दोस्रो विधाको रूपमा उपन्यास लेखन रहेको छ । उनको पहिलो उपन्यास कृति मूलसडकतिर रहेको छ । उनको यस उपन्यासमा दार्जिलिङ्मा बसोबास गरेका नेपालीहरूको दुःख, सुख, हाँसो, रोदन, बिछोड, विस्थापन, सौतेनी माम्लो आदि विषयवस्तुमा केन्द्रित रहेर चित्रण गरिएको सफल उपन्यास हो ।[९]

त्यसपछि दोस्रो लेखन नाटक विधा रहेको छ । सुब्बाको पहिलो नाटक कृति फिस्टा रहेको जानकारी शोधनायक दिन्छन् । प्रस्तुत नाटकमा पनि दार्जिलिङ्मा बसोबास गर्ने नेपालीहरूको यथार्थ विषयवस्तुको चित्रण गरिएको छ भने भाषाशैली नाटकको पात्रअनुकूल चयन गरिइएको छ ।[१०]

## ४.५ वीरेन्द्र सुब्बाका कविताहरूको विश्लेषण

वीरेन्द्र सुब्बाका कवितासङ्ग्रहहरूमा रहेको मानवीय प्रेम कविताहरू जम्मा 'जीवनको एक झाँकी', 'अमाबस्याको राती', 'संस्मरण', 'उनी आउँछन्', 'मानिस',

---

[७] शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

[८] लक्खीदेवी सुन्दास, **नेपाली कवितामा दार्जीलिङ्को योगदान,** (अप्रकाशित विद्यावारिधि शोधपत्र, त्रि.वि., २०४६, पृ. ३९५-९६ ।

[९] शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

[१०] ऐजन ।

'नीलोको मोहनी', 'केही गह्रौ केही हल्का फुल्का', 'ए मेरा माझी' रहेका छन् । यी कविताहरूलाई तŒवको आधारमा विश्लेषण गरिन्छ ।

### ४.५.१ विषयवस्तुको प्रयोग

काव्य रचनाका लागि चयन गरिएको भाव, विचार कथ्य वा वस्तुलाई नै विषयवस्तु भनिन्छ । कविले आफ्ना रचनामा ब्रह्माण्डका सम्पूर्ण वस्तु मानवीय स्वभाव प्रवृत्ति प्राकृतिक वस्तु, धर्म संस्कार र संस्कृतिजस्ता विविध पक्षलाई ग्रहण गरेर काव्य सिर्जना गर्दछ । काव्यमा प्रयोग गरिने विषयवस्तु जति सशक्त र उपयुक्त हुन्छ, कविता पनि त्यति नै सशक्त र जीवन्त बन्दछ । कविताको विषयवस्तुलाई भावविधानका तात्पर्यमा पनि बुझ्न सकिन्छ ।[११] जविनजगत्का यावत् विषयमा कविता लेख्न सकिने भएकाले कवितामा विषयत विविधता हुन्छ । जीवन भोगाइका क्रममा कविलाई उत्प्रेरित गर्ने वस्तु नै कविताको विषय बन्न सक्ने भएकाले विषय चयनमा कविहरू स्वतन्त्र हुन्छन् । त्यसैले काव्यभित्र पनि विविध विषय पाउन सकिन्छ । कविको कल्पनाप्रधान चिन्तन नै काव्यको विषयवस्तु हो । विषयवस्तु कविता सिर्जनाको आधार भएकाले जीवनजगत्का विविध पक्षमा सत्य घटना वा काल्पनिक परिवेश चयन गरी कविता रचना गरिन्छ । यसैमा कविले आफ्नो जीवनदर्शन समेत समेटेको हुन्छ ।[१२]

कवि वीरेन्द्र सुब्बाका विषयवस्तुगत काव्य प्रवृत्तिलाई केलाउँदा निम्नानुसार विषयहरू विषयवस्तुको रूपमा पाइन्छन्-

#### ४.५.१.१ मानवीय प्रेम

कवि वीरेन्द्र सुब्बाका कविता मानवीय प्रेम चिन्तनले पनि ओतप्रोत छन् । उनका कविताहरू मानवलाई नै यस पृथ्वीको सम्पूर्ण नायकको रूपमा चित्रण गरेका छन् । उनले विश्वमा सम्पूर्ण मानवताको रक्षा गर्न परम्पर शान्ति, सहअस्तिŒव र सहिष्णुता सञ्चार गर्न मानवीय प्रेम हुन नितान्त आवश्यक रहेको छ । उनले यस

---

[११] खगेन्द्रप्रसाद लुईटेल, **अन्य नेपाली कविता**, पृ. ६ ।

[१२] वासुदेव त्रिपाठी र अन्य, पूर्ववत्, पृ. २० ।

संसारमा बसोबास गर्ने सम्पूर्ण मानवहरूको भविष्य उज्ज्वल भएर फलोस फूलोस मानवताको सूर्य नडुब्दै भन्ने आग्रह गरेर यसरी चित्रण गरेका छन् ।

उज्ज्वल मम आशा प्रत्याशा
फलोस् फूलोस् अनि म देखूँ
मानवताको सूर्य न डुब्दै
जीवन-संगीत म गाइसकूँ
माया-मोहको अमृत जल
जीवन प्याला नभरे समन
शोभा अम्बरका अञ्जल चञ्चल (मृत्युसित, पृ. १२)

**(क) संरचनागत प्रवृत्ति**

कुनै पनि वस्तुको निर्माणात्मक तŒवहरूको पारस्परिक सम्बन्धको समष्टिलाई संरचना भनिन्छ । साहित्यिक कृतिलाई आकृति प्रदान गर्ने सम्पूर्ण अवयवहरूको योग संरचना हो ।[ञघ] कविताको संरचनात्मक ढाँचा नै संरचना हो । प्राचीनकालीन काव्य रचनामा रस छन्द, अलङ्कार, सर्ग, अनुच्छेद, परिच्छेद, पाउ हरफ आदिलाई संरचना तŒव मानिन्छ । साहित्यिक संरचना शैलीमार्फत नै भाषिक संरचनामा रूपान्तरित हुन्छ ।[ञढ] बाह्य संरचनाले कवितामा हरफ, पाउ वा सर्ग र लयविधानलाई बुझाउँछ भने आन्तरिक संरचनाले चाहिँ कविताको कथनपद्धति, भावविधान र छन्द ढाँचाभित्रको अन्तर्लयलाई समेत बुझाउँछ । आन्तरिक संरचना भावविचारको उठान र रागात्मक अभिव्यक्तिसँग सम्बन्धित भएकाले यसले भाषाशैली, भावविचार र रूपतŒवलाई गतिमय बनाउँछ । कविताको संरचना भन्नाले एउटा साहित्यिक कृतिको बनोट भन्ने बुझिन्छ । प्रत्येक कृतिको संरचना आफ्नो हुन्छ, यो विना कृति निर्माण हुन सक्दैन । संरचना कविको निजी विशेषता भएकाले यो प्रत्येक कविपिच्छे फरक हुन्छ ।[ञछ]

कवि वीरेन्द्र सुब्बाका कविता गद्यलयको बाह्य संरचनातर्फ दृष्टि दिँदा उनले न्यूनतम ती हरफका कवितादेखि अधिकतम १४० हरफसम्म कविता रचना गरेको

---

[१३] खगेन्द्रप्रसाद लुईटेल र अन्य, पूर्ववत्, पृ. ४ ।

[१४] ऐजन ।

[१५] डा. वासुदेव त्रिपाठी र अन्य, पूर्ववत्, पृ. १८ ।

पाइन्छ । उनको मानवीय प्रेम विषयवस्तु अन्तर्गत सबैभन्दा साना आकारका 'संस्मरण', 'मृत्युसित', 'जीवनको एक झाँकी', 'तीनवटा कविता चार, छ हरफका छन् । भने 'मानिस', 'नीलोको मोहनी', 'मेरो मान्छे', 'केही गह्रौं केही हल्का फुल्का', 'उनी मेरो माझी', 'यो कठबार कि नि !' कविताहरू ४६ पंक्तिमा संरचित पर्ने रचना हुन् । कविताको बाह्य संरचना त्यसको विधागत रूप तथा आयामको सङ्केतहरू पनि हुन्छ । यसरी उनको काव्य-यात्राको अधिकांश कविताहरू छोटा पाइनाले मूलत लघू आयमका कविता रचना गर्ने कविताका रूपमा उनलाई लिन सकिन्छ । उनका अधिकांश कविताहरू प्रथम पुरुष (म, हामी) दृष्टिविन्दुमा रचिएका छन् भने केही कविताहरू द्वितीय र तृतीय पुरुषात्मक कथन ढाँचामा लेखिएको पाइन्छ । कविताका प्रत्येक पंक्ति हरफ समान आकारका हुँदैन् ।

### (ख) बिम्ब-प्रतीक

'वी' धातुमा 'वन' प्रत्यय लागेर बिम्ब शब्द निर्माण भएको हो । जीवनजगत्का व्यापक क्षेत्रबाट टिपिएका सामग्रीहरू नै बिम्ब हुन् ।[१६] बिम्बले लाक्षणिक अर्थ बहन गर्दै व्यापक अर्थमा भाषामा प्रयुक्त शब्द हुन्छन् । प्रस्तुतबाट अप्रस्तुत भएकोबाट नभएको, उपस्थितबाट अनुपस्थित सन्दर्भ बुझाउने प्रक्रिया प्रतीक विधान हो । थोरैमा धेरै भन्न तथा विशिष्ट र प्रभावपूर्ण अभिव्यक्ति दिन कवितामा प्रतीकको प्रयोग गरिएको हुन्छ । उच्च कोटिका कविता रचना गर्न बिम्ब प्रतीक तथा अलङ्कारहरूले सन्तुलिन प्रयोग गर्नुपर्दछ । बिम्ब प्रतीकको तथा अलङ्कारका प्रयोगले कवितामा कलात्मक सौन्दर्य थप्ने काम गर्दछ ।[१७]

वीरेन्द्र सुब्बाले सिर्जनाको प्रारम्भिक अवस्थादेखि नै आफ्ना कवितामा नयाँनयाँ बिम्ब प्रतीक तथा अलङ्कारहरूको प्रयोग गरेको पाइन्छ । उनले कवितामा मूलतः मानवीय जीवन र जगत्का सम्बद्ध बिम्बहरूको प्रयोग गरेका छन् । त्यसै गरी उनका कवितामा नेपाली प्रकृति, जीवन, परिवेश, संस्कृति, मिथक आदि झल्किने विभिन्न प्रकारका बिम्बहरूको प्रयोग गरिएको पाइन्छ । यसरी अतीत र परम्पराको पुनरावलोक

---

[१६] खगेन्द्रप्रसाल लुइटेल, नेपाली कवितामा ।

[१७] वासुदेव त्रिपाठी र अन्य, पूर्ववत्, पृ. १८ ।

र अन्वेषण गरी हिन्दू पौराणिक परिवेशका आधारमा नयाँ-नयाँ बिम्ब तथा मिथक प्रयोग गर्नु कवि सुब्बाको निजी विशेषता हो । यसरी बिम्ब-प्रतीक प्रयोगको बाहुल्यताभित्र उनका कविता सापेक्षित रूपले सरल सुबोध तथा बोधगम्य हुनु कवि सुब्बाको प्रवृत्तिगत विशेषता हो । यही बिम्ब र प्रतीककै माध्यमबाट उनी आफ्ना कवितामा वर्तमान जीवनका जटिलता र विषमता, देशप्रेम, मानवीयप्रेम भावनालाई सशक्त रूपमा व्यक्त गर्न सफल भएका छन् । मानवीय प्रेम कवितामा बिम्ब-प्रतीकको प्रयोग सुन्दर रूपमा भएको छ ।

**बिम्ब-प्रतीक**

प्रत्येक बियाउँदो उज्यालोको गर्भमा
गुलाबको काँडा र शीतको आँखा छलेर
फुलबारीको मखमली मुलायम विछ्यौनामा
- जोहसित
सुनाइराख्तछु

(मेघमाला कवितासङ्ग्रह, इच्छा, पृ. ९२)

यहाँ कविले जीवनरूपी सङ्घर्षलाई काँडा र शीतको विम्बात्मक उपस्थित गराएका छन् ।

आकाशको नीलोद्वारानै
जीवन टम्म, कसिलो, बाँधिएझैं लागिरहन्छ,
कतै कहिले भौंचक्रिएर जान परे
सबैको ऋण चुक्न सकिन्छ, साथी
नीलोको ऋण चुकिन
कहिलेकाँही, बादलहरू त्यहाँ तर्दा
आफू, त्यतै नीलो आँगन भएर
गुञ्रें झैं लागिरहन्छ ।

(मेघमाला कवितासङ्ग्रह, नीलीको मोहनी, पृ. ९९)

यहाँ कविले नीलो मोहनी लोभको प्रतीकको रूपमा ल्याएका छन् ।

**अलङ्कार**

साहित्यका पूर्वीय जगत्मा भामहदेखि काव्यमा अलङ्कारको महŒवलाई स्विकारिदै आएको पाइन्छ । उनले अलङ्कारलाई सौन्दर्यवर्धक तत्वको रूपमा हेरेका छन् । वास्तवमा अलङ्कारको प्रयोगले कविता अधिक आकर्षक, सौन्दर्यपूर्ण र ज्यादा प्रभावशाली बन्न पुग्दछन् । वीरेन्द्र सुब्बाले पनि आफ्ना कवितामा शब्दालङ्कार तथा अर्थालङ्कारको प्रयोग गरेर कवितालाई मिठासयुक्त बनाउने प्रयास गरेका छन् ।

**उपमा अलङ्कार**

जस्तो देखिएको छ

फुंग बाहिर हरियो

भित्र गाढा नीलो

यौटा चौकुने कमराको

प्राण जस्तो

कालो समकोणको

सानो मानिस

(मानिस, पृ. ९४)

यहाँ कविले जस्तो देखिएको छ, चौकुने कमराको प्राण जस्तो दाँजेर उपमा अलङ्कारको सुन्दर प्रयोग गरेका छन् ।

**स्वभावोक्ति अलङ्कार**

गुलाबले मुना हालिदिन्छ, बढिदिन्छ

कोपिलाउँछ, फुल्छ, फक्रन्छ

मानिस अकमक्क पर्छ मानौ उमूढ

सहस्रौं काँडा पहरी बने पछिता

(मेघमाला कवितासङ्ग्रह, मानिस, पृ. ९५)

यहाँ कविले मानिसको जीवन गुलाबले मुना हालिदिन्छ, बढिदिन्छ, फुल्छ, फक्रन्छ भन्दै स्वभोक्ति अलङ्कारको सुन्दर प्रयोग गरेका छन् ।

**तुल्यतुल्य अलङ्कार**

तिमी कति निठुरी

जति रातलाई तारा निठुरी

हेर जल्दाछन् ती

रातको निश्वास थुनी

त्यसैले यो रात जो चकमन्न

मानो वर्षैको थाग्नो रोगी

मरणसन्न

(मेघमाला, कवितासङ्ग्रह, अँध्यारोको आडमा, पृ. ८२)

यहाँ कविले तिमी कति निठुरी, जति रातलाई तारा निठुरी भन्दै तुलना गरेका छन् । त्यसकारण यहाँ तुल्यतुल्य अलङ्कारको सुन्दर प्रयोग भएको छ ।

यसरी वीरेन्द्र सुब्बाका कविताहरूमा 'मासुको जिब्रो', 'चाँदीसरिको आँशु', 'सपनाको सुत्ला', 'चुम्न चट्टान', 'चोइटिएर सत्बलाई', 'कमलो किरण', 'आकाशको छाती', 'ताराका चौटा', 'चिसो मरेको अगेना', 'थाकिसकेको दिन', 'दिन पुरानो र मैलो', 'मेरो खुम्चेको आकाश', 'पृथ्वी अँगालेर', 'निर्मल नीद', 'लाखौँ प्रेम', 'पृथ्वी रोगी', 'पूर्वच्याती', 'धरती फारी', 'इच्छा बाली', 'बसन्त डाकी', 'मखमली मुहार', 'दृष्टि सबै चोरी', 'आकाशपारिको पति', 'दुब्लो संसार', 'वनको टुक्रा', 'आकाश जसो आँखा' जस्ता बिम्बहरू रहेका छन् । यसरी सुब्बाले आफ्ना मानव जीवनका मानवीयप्रेम सम्बन्धि विविध क्षेत्रबाट टिपिएका बिम्ब-प्रतीकको तथा अलङ्कारको नवीनता र मौलिकता पाइन्छ । उनका अधिकांश कवितामा बिम्ब-प्रतीक तथा अलङ्कारको प्रयोगबाट सुन्दर ढंगबाट गरिइएको छ ।

**(ग) भाषाशैली**

भाषा भाव अभिव्यक्तिको साधन हो भने शैलीचाहिँ भावाभिव्यक्तिको पद्धति हो । कथ्य अर्थलाई खास कथनपद्धतिद्वारा व्यक्त गर्ने तŒव वा घटक भाषाशैली नै हो ।[18] निश्चित शब्दहरूको माध्यमबाट भावको अभिव्यक्ति गरिन्छ, शब्दहरूका स्वर-व्यञ्जन वर्णहरूको सही नाप, छनोट र आयोजनाबाट लयविशेष प्रकट हुन्छ । भाषाशैलीले कवितालाई लयात्मक बनाउँछ, मुक्त लयमा लेखिएका कविताहरू आन्तरिक संरचनामा लयात्मकता हुन्छ भने बद्ध लयमा लेखिएका कवितामा बाहयन्तरिक संरचना नै लयात्मकता हुन्छ ।[19] विविध भाषिक विकल्पमध्येबाट बढी ललित र रागात्मक व्यञ्जक र लयात्मक हुने वर्ण, पद, पदावली, वाक्यखण्ड वाक्य र अनुच्छेदविधान सिर्जना गर्नुलाई नै रचनाकारको विशिष्ट भाषाशैली मानिन्छ । कवितामा प्रयोग गरिने सङ्कथनगत पद्धतिलाई शैली भनिन्छ । शैली व्यक्तिपिच्छे फरक फरक हुने गर्दछ । सरल, आलङ्कारिक, नाटकीय, वर्णनात्मक आदि शैली कवितामा रहेका हुन्छन् । भावअभिव्यक्तिका लागि कवितामा अति आवश्यक तŒव भाषाशैली हो ।[20]

वीरेन्द्र सुब्बा गद्य कवि हुन् । उनले आफ्ना कवितामा सहज र सरल भाषाशैलीको प्रयोग गरेका छन् । उनले आफ्ना गद्यकविताहरूमा सहज तथा स्वाभाविक पदावलीको प्रयोग गरी मार्मिक भाव व्यक्त गरेका छन् । आफ्ना कोमल भावनालाई बौद्धिकताको सन्तुलन सहित प्रयोगवादी ढाँचाका अभिव्यक्ति प्रस्तुत गर्नु कवि सुब्बाको विशेषता हो । उनका कविताहरूमा प्रयोगले कवितामा क्लिष्टताको आभास पाइए पनि धेरै रूपमा भाषा सरल, सुबोध र कलात्मकताले भरिएको देखिन्छ । उनका कवितामा अभिधा, लक्षणा र व्यञ्जना तीनै अर्थ प्रयोग भएको पाइन्छ साथै भाषानुकूल शैलीको प्रयोग उनका कवितामा भेटिन्छ । वर्णनामूलक, विश्लेषणात्मक,

---

१८ खगेन्द्रप्रसाद लुईटेल र अन्य, पूर्ववत् ।

१९ पूर्ववत् ।

२० वासुदेव त्रिपाठी र अन्य, पूर्ववत्, पृ. २१ ।

प्रश्नात्मक, व्यङ्ग्य आदि शैलीको प्रयोग गरेका छन् भने कतै पदक्रमको विचलन भएको पनि पाइन्छ ।

कवि सुब्बाले आफ्ना कवितामा तत्सम्, तद्भव तथा आगन्तुक तीनै खालका शब्दहरूको प्रयोग गरेका छन् । त्यसै गरी झर्रा नेपाली शब्द र अनकुरणात्मक शब्दको प्रयोग पनि पाइन्छ ।

सुब्बाका मानवीय प्रेम कविताहरूमा तत्सम् शब्दहरूको उदाहरण 'शिर', 'दान', 'प्राण', 'बादल', 'वीण', 'सृष्टि', 'दुःख', 'बाहु', 'संघार', 'आकाश', 'विश्वास', 'तुषार', 'रोशनी', 'विन्दु', 'दयालु', 'किन्तु', 'रम्य', 'रग्ण', 'दया', 'प्रणीण', 'सत्य', 'जीर्ण', 'रोदन', 'शून्य', 'प्रमोद', 'मनुष्य' जस्ता शब्दहरू रहेका छन् भने नेपालीका मौलिक र कतिपय स्वनिर्मित शब्दहरू 'चियान', 'सुकेर', 'उफ्रेर', 'डाली', 'चट्टान', 'भरोसा', 'कडालु' आदि जस्ता शब्दहरू रहेका छन् । सुब्बाका अनुकरणात्मक शब्दहरूमा 'चुकचुक', 'धिपधिप', 'कुहूकुहू', 'लहलह', 'खितिति', आदि शब्दहरू रहेका छन् । उनले आफ्ना कवितामा सरल, मिश्र अनि संयुक्त तीनै संरचनाका वाक्य ढाँचाहरू प्रयोग गरेका छन् भने अर्थका दृष्टिले सामान्यार्थ, विध्यर्थ र प्रश्नार्थक वाक्यहरूको प्रयोग गरेको पाइन्छ । उनका कविताहरूमा विविध उपमा, रूपक आदिको प्रयोग पाइन्छ । विभिन्न मूलका शब्दहरूको प्रयोग गरेर वर्णनपरक, प्रश्नार्थक अनि व्यङ्ग्यात्मक भाषाशैलीको प्रयोग गरी लयात्मक गद्य कविता रचना गर्नु कवि सुब्बाको भाषाशैलीगत विशेषता हो ।

### ४.५.१.२ प्रकृतिको मानवीकरण

वीरेन्द्र सुब्बाका चार कविता सङ्ग्रहभित्र रहेका विषयवस्तुमध्ये यहाँ मानवीय प्रेम सम्बन्धित विषयवस्तुको कविताका तŒवका आधारमा विश्लेषण गरिन्छ । उनका प्रकृतिको मानवीकरण कविताहरू जम्मा ६ वटा कविताहरू रहेका छन्, ती कविताहरू 'मानिस मण्डूक', 'फूल र म', 'लाचारी', 'बिहान', 'हे ताराका कडालु रात', 'फूलले रंगलाई' आदि रहेका छन् ।

**(क) विषयवस्तु प्रवृत्ति**

कवि वीरेन्द्र सुब्बाका चार कवितासङ्ग्रह भित्रका कवितामा विविध विषयवस्तु रहेका छन् । उनका कविताहरूमा भएका विविध विषयवस्तु मध्ये यहाँ प्रकृतिको मानवीकरण विषयको विश्लेषण गरिन्छ । जीवनजगत्का यावत् विषयमा कविता लेख्न सकिने भएकाले कवितामा विषयगत विविधता हुन्छ । जीवन भोगाइका क्रममा कविलाई उत्प्रेरित गर्न वस्तु नै कविताको विषय बन्न सक्ने भएकाले विषय चयनमा कवि स्वतन्त्र हुन्छन्, कविको कल्पनाप्रधान चिन्तन नै काव्यको विषयवस्तु हो । यसैमा कविले आफ्ना जीवनदर्शन समेत समेटेको हुन्छ । उनका कवितामा पाइने विषयगत विविधता यहाँ मध्ये प्रकृतिको मानवीयकरण विषयको चित्रणको उदाहरण यसरी व्यक्त भएको पाइन्छ ।

एउटा प्रेमीले आफ्नी प्रेमिकालाई काल मेघझैँ पर्खेको त्यो पर्खाइमा बसन्तलाई सोध्न नजाने आग्रह गरिएको छ । यही भाव प्रस्तुत कवितामा व्यक्त यसरी गरेका छन् ।

भावनालाई जन्माई मारी

पर्खिरहुँला खडेरीले खाएको खेतले

काल मेघलाई पर्खेझैँ तिमीलाई

सोध्न जान्न म वसन्तलाई शरद

गृष्म, शिशिर, वर्षा कुनैलाई । (प्रतिक्षा, पृ. ४४)

हिजो गर्भ बसेकी पृथ्वीले

आज वसन्त जन्माई

हिजै उ रोई जाडोको ढुकढुकमा

बिना रंगको दलिनमा

रातको झ्याँक्रो फिँजाएर

शीतको आँशु बगाएर (मेघमाला कवितासङ्ग्रह, 'वसन्तको जन्म', पृ. ५९)

**(ख) संरचनागत प्रवृत्ति**

कवि वीरेन्द्र सुब्बाका कविताहरूको बाह्य संरचनातर्फ दृष्टि दिँदा उनले न्यूनतम तीन हरफका कवितादेखि अधिकतम ९२ हरफसम्मका कविता रचना गरेको पाइन्छ । संरचनाका दृष्टिले सबैभन्दा साना आकारका 'लाचारी', 'प्रतीक्षा', 'साँझ', 'हे ताराका काँडालु रात', उनको सबभन्दा ठूलो हरफमा संरचित 'बिहान', 'फूल र म', 'हिमाल', 'गाउँकी जुही', आयाम भित्र पर्ने फुटकर रचना हो । यसरी उनको काव्य-यात्राको दुवै चरणका अधिकांश कविताहरू छोटाछोटा पाइनाले मूलतः लघु आयामका कविता रचना गर्ने कविका रूपमा उनलाई लिन सकिन्छ ।

उनका अधिकांश कविताहरू प्रथम पुरुषवाची (म, हामी) दृष्टिविन्दुमा रचिएका छन् भने केही कविताहरू द्वितीय र तृतीय पुरुष ढाँचामा लेखिएको पाइन्छ । शब्द प्रयोगका दृष्टिले उनका कवितामा प्रयोगवादी प्रवृत्ति पाइन्छ । कविताका प्रत्येक हरफहरू समान आकारका हुँदैनन् । एउटै कवितामा पनि केही समान आकारका पङ्क्ति पाइन्छन् भने केही पङ्क्तिहरूमा थोरै शब्द अर्थात् एक शब्दसम्मको प्रयोग गरेको देखिन्छ । बिम्ब र प्रतीकको अत्यधिक प्रयोग पाइए पनि उनका अधिकांश कविताले दर्शाउन खोजेको भाव सहज र स्पष्ट व्यक्त भएको पाइन्छ ।

### (ग) बिम्ब-प्रतीक तथा अलङ्कार

वीरेन्द्र सुब्बाले सिर्जनाको प्रारम्भिक अवस्थादेखि नै आफ्ना कवितामा नयाँनयाँ बिम्बहरूको प्रयोग गरेको पाइन्छ । उनले कवितामा मूलतः मानवीय जीवन र जगत्सँग सम्बद्ध बिम्बहरूको प्रयोग गरेका छन् । त्यसैगरी उनका कवितामा दार्जिलिङ्को प्रकृति, दार्जिलिङ्को जीवन र परिवेश तथा संस्कृति झल्किने विभिन्न प्रकारका बिम्बहरूको प्रयोग गरिएको पाइन्छ । कवि सुब्बाले आफ्ना कतिपय कविताका शीर्षकमै बिम्ब र प्रतीकको प्रयोग गरेको देखिन्छ । कवि सुब्बाको बिम्ब र प्रतीकको आयोजनाले पनि उनका कविता दुर्बोध्य देखिँदैनन्, बरु कलात्मक सौन्दर्य थपिएको पाइन्छ । यही बिम्ब र प्रतीककै माध्यमबाट उनी आफ्ना कवितामा वर्तमान जीवनका जटिलता र विषमता, देशप्रेम र राष्ट्रियताका भावका साथै मृत्युबोध निराशा, मानवीय प्रकृतिलाई मानवीकरण गरिएको भावनालाई सशक्त र जीवन्त रूपमा व्यक्त गरेका छन् । यी तथ्यलाई स्पष्ट्याउनका लागि तल केही उदाहरणहरू दिइएका छन्-

**बिम्ब** मेरो निम्ति दुलाहाको संसार लिएर
दुलहीको अनुहार लिएर
मोति मोतिको दलिन टेकी
फेरी बिहान
मेरी बिहान
मलाई जगाउन आइपुगी (मेघमाला कविता सङ्ग्रह, 'बिहान', पृ. ७७)
× × × × × ×

त्यसैले ता बुझिनौ कि, हिजो, रात रोयो
हरियोका छाती छाम
आँशुको चिसोले तिम्रो हत्केला भिज्नेहरू
रूपक अहिले आकाशको दलिनमा रग्ने
रातको प्रतिबिम्बले (मेघमाला कविता सङ्ग्रह, 'बेला टर्दै छ', पृ ५७)
× × × × × ×
उपमा मैले पनिता फूलले झै" छोइदिएको छु
अलङ्कार फुलेर एकान्तमा एक्लै प्रार्थना भनेको छु
सारा रात फूलले झैँ नीलो उदाएको
आकाश मुनि, जागो बसेर
प्रतीक जलिरहने ताराहरूको आ"च तापी
हाती कै तकिया दिएको छु ।

माथि प्रस्तुत उदाहरण (१) मा 'दुलाहाको संसार', 'मोतीको दलिन','मेरी बिहान' आदि सार्थक तथा नवीन बिम्ब-प्रतीक र रूपक विधानको प्रयोग गरिएको छ । उदाहरण (२) मा 'रात रोयो', 'आकाशको दलिन', 'ताराहरूको आँच तापी' आदि नयाँ-नयाँ बिम्ब र प्रतीक, 'हिमालको चित्कार', 'नदीको निदान', 'हृदर्य मुसारेर', 'ताराका शिरबन्दी', 'हिमाल जस्ती', 'बसन्त जन्माई', 'बसेको पृथ्वी', 'सपना सुतेको', 'रंगको दलिनमा', 'वृक्षको रौं', 'पृथ्वी च्यातिएर', 'काँडालु रात', 'पहाडको काखमा' जस्ता नवीन बिम्ब-प्रतीक र रूपकहरूको प्रयोगद्वारा कविले आफ्ना मनोजगत्का पीडा एवम् व्यथालाई मार्मिक रूपमा व्यक्त गरेका छन् ।

यसरी कवि सुब्बाले आफ्ना कविताहरूमा प्रकृतिमा भएका विविध विषयवस्तु, बिम्ब, प्रतीक लिएर प्रकृतिलाई मानवीकरण गरेका छन् । मानव जीवनका तितामिठा, दु:ख, सुख, हाँसो, रोदन आदि कुरालाई प्रकृतिको साहरा लिएर मानवीय यथार्थको उद्घाटन गरेका छन् । उनका कवितामा राष्ट्रिय, अन्तर्राष्ट्रिय परिवेश, निराश विसङ्गति तथा भयावह देशको सामाजिक विषयप्रति पनि प्रकृतिको माध्यमबाट तीव्र व्यङ्ग्य समेत प्रकट गरेका छन् ।

**(घ) भाषाशैली**

भाषा भाव अभिव्यक्तिको साधन हो भने शैलीचाहिँ भावाभिव्यक्तिको पद्धति हो ।[२१] भाषाशैलीले कवितालाई लयात्मक बनाउँछ । मुक्त लयमा लेखिएका कविताहरूमा आन्तरिक संरचनामा लयात्मकता हुन्छ भने बद्ध लयमा लेखिएका कवितामा बाह्यान्तरिक संरचना नै लयात्मक हुन्छ । शैली व्यक्तिपिच्छे फरक फरक हुने गर्दछ । भाषाशैली आलङ्कारिक, नाटकीय वर्णनात्मक आदि हुन्छन् ।[२२]

वीरेन्द्र सुब्बा गद्य कवि हुन् । उनले आफ्ना कवितामा सहज र सरल भाषाशैलीको प्रयोग गरेका छन् । कोमल भावनालाई बौद्धिकताको सन्तुलन सहित अभिव्यक्ति प्रस्तुत गर्नु कवि सुब्बाको विशेषता हो । उनले आफ्ना कविताहरूमा प्रयोग गरेको भाषा क्लिष्ट, कठिन, दुरुह तथा असम्प्रेष्य किसिमको देखिँदैन । उनका कवितामा अभिधा, लक्षणा र व्यञ्जना तीनै अर्थ भएको पाइन्छ । उनका कवितामा भावानुकूल भाषाशैलीको प्रयोग भेटिन्छ ।

कवि सुब्बाले आफ्ना कवितामा तत्सम्, तद्भव तथा आगन्तुक तीनै खालका शब्दहरूको प्रयोग गरेका छन् । त्यसै गरी झर्रा नेपाली शब्द र अनुकरणात्मक शब्दको प्रयोग पनि पाइन्छ ।

आफ्ना कवितामा 'शिशिर', 'प्यास', 'पाली', 'प्रार्थना', 'आँच', 'शंक', 'साँझ', ' पुष्पाञ्जली', 'सृष्टि', 'निष्प्राण', 'सौम्य', 'अमृत', 'कुती', 'प्रचण्ड', 'धरती', 'श्वास', 'आकाश' आदि जस्ता तत्सम् शब्दहरू रहेका छन् भने 'चित्कार', 'मुलायम', 'पोती',

---

[२१] पूर्ववत् ।

[२२] बासुदेव त्रिपाठी र अन्य, नेपाली कविता भाग-४, पूर्ववत्, पृ. २१ ।

'बिछ्याएर', 'बिछोड', 'डटेर', 'डाँडा', 'रुखो', 'फुलाउ', 'काँडालु' आदि जस्ता तद्भव शब्दहरूको पनि परिवेशअनुकूल प्रयोग गरिएको छ । उनका कविताहरूभित्र प्रयोग गरिएका अनुकरणात्मक शब्दहरूमा 'लहलह', 'झिमिक झिमिक', 'धिपधिप', 'धुकधुकी', 'चुकचुक', 'झिलिल्क' आदि शब्दहरू प्रकृतिको मानवीकरण कविताहरूमा प्रयोग गरिइएको छ । त्यसपछि उनका कविताहरूमा उपमा, रूपक आदि अलङ्कारको प्रयोग पनि भेटिन्छ । उनका कविताहरूमा अर्थमा दृष्टिले सामान्यार्थ, विध्यर्थ तथा प्रश्नार्थक वाक्यको प्रयोग गरेको पाइन्छ भने विविध बिम्ब-प्रतीक एवम् स्वाभाविक सुकोमल अभिव्यक्ति उनको शैलीगत विशेषता हो । उनका कविताहरूमा 'विश्वको धन', 'मुक्तिको फूल', 'दुलहाको संसार', 'मोतीको दलिन', 'बसेको पृथ्वी', 'बसन्त जन्माई', 'हरियो हातीमाथि' आदि जस्ता शब्दबिम्बको प्रयोगमा कवि सुब्बाको स्वकीयपन झल्किएको देखिन्छ । यसरी विविध शब्दहरूको अन्त्यानुप्रास र अन्तरअनुप्रासीय प्रयोगले उनका कवितामा भाषिक सौन्दर्यको सिर्जना गरेको पाइन्छ । कवि सुब्बाका कवितामा तीनै पुरुषको समिश्रण गरिएर कविताहरू लेखिएका छन् । यसरी विविध मूलका शब्दहरूको प्रयोग गरेर वर्णनात्मक, प्रश्नार्थक, अनि व्यङ्ग्यात्मक भाषाशैलीको प्रयोग गरिएको छ भने लयात्मक गद्य कविता रचना गर्नु सुब्बाको विशेषता हो । उनको कविताभित्रको अभिव्यक्ति स्पष्ट, स्वभाविक, सरल, सरस साथै परिमार्जित हुनु शैलीगत विशेषता हो ।

### ४.५.१.३ प्रणयप्रेम

वीरेन्द्र सुब्बाका चार कवितासङ्ग्रह भित्रका प्रणयप्रेम सम्बन्धी जम्मा 'खरीको बोट', 'प्राणको प्रतिष्ठा', 'शिशिरको एक तृणा', 'पहाडको बेला यो', 'एक तूफानी प्रेम', 'ऊ', 'ए सुन्दरी तिमरा सरल शर्मालु', 'यहाँ ता उ आएकै थिइन', 'म जान दिने छैन', 'यो कठबर किन नि !' दशवटा रहेका छन् । यी कविताहरूमा कवि सुब्बाले आफ्नो जीवनसम्बन्धी प्रायजसो प्रणयप्रेम कविताहरू रचना गरिइएको छ । उनका प्रणयमूलक कविताहरूमा आफ्नो जीवनजगत्मा घटेका, दार्जिलिङ्को सेरोफेरोमा घटित घटनाहरूलाई विषयवस्तु बनाएका छन् । विशेष गरी उनका प्रणयमूलक कविताहरू उनको जीवनसँग सम्बन्धी रहेको भेटिन्छ । कवितामा आफ्नी प्रेमिकालाइ पर्खेको, विरह

चलेको, कहिले भेटुँजस्तो भएको, रूखको भेदमा बसेर अँगालो हालेर प्रेम साटासाट गरेको, उसको प्रतिक्षा गर्दागर्दै रात परेको आदि प्रसङ्गहरू भावुक, कोमल, मर्मस्पर्शी रूपभा चित्रण गरिएको पाइन्छ ।

(क) **विषयवस्तुगत प्रवृत्ति**

वीरेन्द्र सुब्बाका चारवटा कविता सङ्ग्रहभित्रका कविताहरू विविध विषयवस्तु रहेका छन् । उनका कविताहरू विविध विषयवस्तु मध्ये यहाँ प्रणयप्रेम विषयवस्तुको विश्लेषण गरिन्छ । विषयवस्तु कविता सिर्जनाको आधार भएकाले जीवनजगत्का विविध पक्षका सत्य घटना वा काल्पनिक परिवेश चयन गरी कविता रचना गरिन्छ । यसैमा कविले आफ्ना निजी कुराहरू समेत समेटेको हुन्छ । जीवन भोगाइका क्रममा कविलाई उत्प्रेरित गर्ने वस्तु नै कविताको विषयवस्तु हो । कविताको विषय चयनमा कवि स्वतन्त्र हुन्छन् ।

कवि सुब्बाका विषयवस्तुगत काव्य प्रवृत्तिलाई केलाउँदा विविध भए पनि यहाँ प्रणयमूलक प्रेम, विरह, राग-अनुराग, आलाप-विलाप झन्कारहरू छन् । यस कवितामा अभौतिक प्रेमको महिमालाई गुनगान गरिएको छ । प्रेमको पराकाष्ठा त्याग र समर्पणले मात्र पूरा हुन्छ । कवितामा दुई प्रेमीप्रेमिका एक आपसमा प्रेमभाव देखाउँदै अँगालोमा बाँधिएको र ज्यादै नजिक हुँदै आफू अरू कसैको नभई तिम्रो मात्र हुने आग्रह गरिएको भाव यी कविताहरूमा पाइन्छ ।

उ सुक्सुकाउँथी म सुक्सुकाउँथे
अनि उसलाई म मेरो सुक्सुकाउँथे
अनि बेसरी कस्थे उसलाई इ सब
अर्थहरूदेखि म लुकाउँथे
अनिता उसलाई
नगिचै ज्यादै नगिचै
आफ्ना बसाउँथे
अनि सानो
म तिम्रो हुँ (मेघमाला कविता सङ्ग्रह, 'खरीको बोट' पृ. ८६)
× × × × × ×

अब यो जीवनसितको
साँचो प्रेम शुरु भयो
कारण, आँखामा बसेर करुण
दुई बाहुमा बसेर बल
हृदयमा बसेर स्नेह ऊ भै गई (मेघमाला कविता सङ्ग्रह, 'उ', पृ. ८८)

## संरचनागत प्रवृत्ति

कवि वीरेन्द्र सुब्बाका प्रणयप्रेम कविताहरूको बाह्य संरचनातर्फ दृष्टि दिँदा उनले न्यूनतम् तीन हरफदेखि अधिकतम ६३ हरफसम्मका कविता रचना गरेको पाइन्छ । संरचनाका दृष्टिले सबैभन्दा साना आकारका 'ऊ', 'म जान दिने छैन', 'यहाँ ता उ आएकै थिइन', 'पहाडको बेला यो', 'यो कठबार किन नि !' पाँचवटा कविता १६ हरफदेखि २२ हरफका छन् भने ६३ हरफका संरचित 'शिशिरको एक तृणा' कविता उनको सबभन्दा ठूलो आयमभित्र पर्ने रचना हो ।

उनका प्रणयप्रेम सम्बन्धी कविताहरूमा प्रथम पुरुष (म, हामी) दृष्टिविन्दुमा रचिएका छन् भने केही कविताहरू द्वितीय र तृतीय पुरुषात्मक कथन ढाँचामा लेखिएको पाइन्छ । उनको शब्द प्रयोगका दृष्टिले प्रयोगवादी प्रवृत्ति पाइन्छ । कविताका प्रत्येक हरफहरू समान आकारका छैनन् । एउटै कवितामा पनि केही समान आकारका पङ्क्ति पाइन्छन् भने केही पङ्क्तिहरूमा थोरै शब्द अर्थात् एक शब्दसम्मको प्रयोग गरेको देखिन्छ । उनले आफ्ना अनुभूतिलाई सुगठित बनाई प्रस्तुत गर्न सक्नु विशेषता हो । उनका प्रणयमूलक कविताहरूमा बिम्ब र प्रतीकको अत्यधिक प्रयोग भए पनि कविताको भाव सहज, सरस, सुकोमल र स्पष्ट व्यक्त भएको पाइन्छ । उनले आफ्ना प्रणयमूलक कविताहरू सुकोमल भावमा राग विराग, आलाप-विलाप, अभौतिक प्रेमको महिमालाई सरस रूपमा व्यक्त गरेका छन् ।

## बिम्ब-प्रतीक तथा अलङ्कार

वीरेन्द्र सुब्बाका यहाँ प्रणयमूलक कविताहरूमा नयाँ-नयाँ बिम्ब-प्रतीकहरूको प्रयोग गरेको पाइन्छ । उनले आफ्ना कविताहरूमा मूलतः मानवीय प्रयणप्रेम, राग-विराग, अभौतिक प्रेम, जीवनजगत्‌का सम्बद्ध बिम्बहरूको प्रयोग गरेका छन् । यसरी

आफ्ना कविताहरूमा अतीत जीवनको स्थिति, वर्तमान जीवनको विविध आधारमा बिम्ब प्रतीकहरू प्रयोग सुकोमल भावमा गरिएको भटिन्छ ।

कवि सुब्बाले आफ्ना प्रणयमूल कविताहरूमा शीर्षकमै बिम्ब प्रतीकको तथा अलङ्कारहरू प्रयोग गरेको देखिन्छ । यही बिम्ब प्रतीकको तथा अलङ्कारको आयोजनाले उनका कविताका अधिकांश शीर्षक लामा रहेका छन् । सुब्बाका प्रणयमूलक कविताहरूमा बिम्ब र प्रतीकको आयोजनाले पनि कविता दुर्बोध्य, क्लिष्ट देखिँदैनन् ।

यसरी उनका प्रणयमूलक कविताहरूमा यो संसारका माया भनेको अरू सबै नाशवान वस्तु भए पनि मायाप्रेम नमासिने वस्तुको रूपमा चित्रण गरेका छन् । जो समुन्द्र जत्तिकै गहिरो, सूर्य जस्तै उज्यालो, आकाश जत्तिकै फरकिलो, जो पहाड जतिकै संयमित भएको यस्तो प्रेम सधै अटुट रहने यी तथ्यलाई स्पष्ट्याउनका लागि तल केही उदाहरणहरू दिइएका छन्-

**'प्रणयप्रेममा'- अलङ्कार**

कवि वीरेन्द्र सुब्बाले पनि आफ्ना कवितामा शब्दालङ्कार तथा अर्थालङ्कारको प्रयोग गरी कवितालाई मिठासयुक्त बनाउने प्रयास गरेका छन् ।

त्यस्तै छेकानुप्रास शब्दालङ्कारको पनि सुन्दर प्रयोग भएको पाइन्छ । उदाहरणका लागि-

आकाश जस्तो म भैसकेको थिएँ
उ आएर गएको हेर्नलाई मैले आफूलाई
छरप्रष्ट पारी बोटाघाटो छरेको थिएँ ?
हरिया हरिया चिन्हहरू देखाइरहेका थिए
उ कतै यतै ता आएकी छैन
कि वा मैले उसलाई चिन्हिन
मलाई थाह लाग्यो आरुको बोट
आधी बदामी आधी आकाशी
(कुसुम छोरी, कवितासङ्ग्रह भित्र, यहाँ ता उ आएकै थिइन, पृ. १)

यहाँ कविले आफ्नी प्रेमिका आउँने आशामा आफू आकाश भएका बाटोघाटो छिरेको तर प्रियसी नआएको भावना कलात्मक रूपमा व्यक्त गरेका छन् ।

त्यस्तै उपमा अतिशयोक्ति अर्थालङ्कारको पनि प्रयोग भएको पाइन्छ । उदाहरणका लागि-

व्याकुल बनी शिशिरको चिसो हुँदो
तृणा रूप काँपिरहेको लुगलुग पक्री
कल्पना
जीवनको राग यो हृदय बेजुरा
त्यसैलाई तुल्याई अधरको रंगीन सुरा
बित्यासमा म मानी गरुँला

उनका कविताका विविध विषयवस्तु मध्ये यहाँ प्रयणमूलक विषयहरू समावेश गरिएका छन् । प्रणयमूलक बिम्ब-प्रतीक तथा अलङ्कार जस्तै 'तूफानी प्रेमी', 'धैर्य टोहयायो', 'आँसु सलबलायो', 'गोलो जीवन', 'बाटो हरेको', 'गुच्छाभित्र बोली', 'मुटु मिची', 'चिसो बोली', 'चन्द्रमा हाँसिरहेकी', 'छानी लुछालुछु', 'आकाशको छाती', 'फुलाउने म्वाइँ', 'म्वाइँको स्पर्श', 'चोइटिएको जून', 'सन्तोषको सास', 'सुखद सम्झना', 'कोमल कर', बिम्ब-प्रतीक तथा अलङ्कारले कवितालाई सशक्त र जीवन्त बनाउने काम गरेका छन् । त्यसै गरी 'चट्टानमाथिको सुनखरी जस्तो उ मुस्काउँथी', 'घेरा हालेर चन्द्रमा चियाउँथी', 'यो रूपाली बस्ती', 'आँखामा बसेर करुणा', 'पूजारी बन्न, भेटी लिएर आउने' जस्ता उपमा र रूपकद्वारा प्रणयमूलक विछोड, विरह, हाँसो, रोदन, खुसी आदिको चित्रण गरेका छन् ।

यसरी कवि सुब्बाले आफ्ना गद्य कवितामा आफ्नो निजी प्रणय भावना, दार्जिलिङ् नेपालीहरूको प्रेममूलक विषयवस्तुबाट टिपिएका बिम्ब प्रतीक तथा अलङ्कारको सहज र स्वाभाविक रूपमा आफ्ना कवितामा प्रयोग गरेका छन् ।

**भाषाशैली**

उनले आफ्ना कवितामा सहज र सरल भाषाशैलीको प्रयोग गरेका छन् । उनले आफ्ना गद्यकविताहरूमा सहज तथा स्वाभाविक पदावलीको प्रयोग गरी मार्मिक भाव

व्यक्त गरेका छन् । आफ्ना प्रणयमूलक भावनालाई कोमल र बौद्धिकताको सन्तुलित ढाँचामा अभिव्यक्ति दिनु सुब्बाको विशेषता हो । उनले आफ्ना प्रणयमूलक कविताहरूमा प्रयोग गरिएको भाषा क्लिष्ट कठिन, दुरुह तथा असम्प्रेष्य किसिमको देखिँदैन । नयाँनयाँ प्रणयमूलक बिम्ब र प्रतीकको प्रयोगले उनका कवितामा भाषा सरल, सुबोध र कलात्मकता भरिएको देखिन्छ । उनका प्रणयमूलक विषय कवितामा अभिधा, लक्षणा र व्यञ्जना तीनै शब्दशक्तिको प्रयोग भएको पाइन्छ । भावानुकूल भाषाशैलीको प्रयोग उनका कवितामा भेटिन्छ । उनका कविताहरूमा वर्णनमूलक विश्लेषणात्मक, प्रश्नात्मक, व्यङ्ग्यात्मक आदि शैलीको प्रयोग गरेको पाइन्छ भने कतैपदक्रमको विचलन भएको पनि देखिन्छ ।

कवि सुब्बाले आफ्ना कवितामा तत्सम्, तद्भव तथा आगन्तुक तीनै खाले शब्दहरूको प्रयोग गरेका छन् । त्यसै गरी नेपाली शब्द र अनुकरणात्मक शब्दको प्रयोग पनि पाइन्छ । उनले आफ्ना प्रणयमूलक कविताहरूमा जस्तै 'तुषार', 'रबि', 'मानव', 'मेघ', 'आँगन', 'बादल', 'चरण', 'जून', 'पृथ्वी', 'सन्तोष', 'गुच्छा', 'फूल', 'आत्मा', 'पदचाप', 'छाँया', 'धरती', 'श्वास', 'चन्द्रमा', 'करुणा', 'स्नेह', 'सन्ध्या', 'वीणा', 'प्रकाण्ड', 'आँसु' आदि तत्सम् शब्दहरू प्रयोग गरिएको छ । त्यस्तै गरी सुब्बाका प्रणयमूलक कविताहरूमा तद्भव शब्दहरूमा 'भुण्डिन्छे', 'चाँटू', 'रोइदिन्छे', 'जुम्सो', 'पनिउँ', 'चोइटिन्थे', 'कसिएको', 'फुटेका', 'मुस्लो', 'गिर्खा', 'छरपष्ट' आदि शब्दहरूको प्रयोग गरेको पाइन्छ आदि शब्दहरूको प्रयोग गरेको पाइन्छ । त्यस्तै गरी प्रणयमूलक कविताहरूमा शब्दबिम्बको प्रयोग यसरी गरिएको छ, जस्तै 'गुच्छाभित्र बोली', 'पोन्टाको जून', 'चन्द्रमा हाँसिरहेकी', 'आकाश मुस्काउँछे', 'पहाडको काखमा', 'फूल फुलाउने म्वाइँ', 'पृथ्वीले नै खुइय', 'सूर्यका शिथिल किरणले', 'दृष्टिले सोला सन्काई', 'आँखामा तीतो टाटो' आदि जस्तै शब्दबिम्बहरूले प्रेमीप्रेमिका बीचको विरह, बिछोड, पखाई, मानसिक द्वन्द्व आदि कुराहरूको राम्ररी चित्रण गरिइएको पाइन्छ ।

स्वच्छन्दतावादी-प्रयोगवादी शिल्पका माध्यमबाट कविले आफ्ना कवितामा व्यक्त गरेका छन् । उनले आफ्ना कवितामा सरल, मिश्र अनि संयुक्त तीनै संरचनाका वाक्यढाँचाहरू प्रयोग गरेका छन्, भने अर्थका प्रयोगका दृष्टिले सामान्यार्थ, विध्यर्य

तथा प्रश्नार्थक वाक्यहरूको प्रयोग गरेको पाइन्छ । त्यसपछि विविध, उपमा, रूपकजस्ता अलङ्कारको आीदको प्रयोग पनि उनका कवितामा भेटिन्छ । यसका साथै शब्दहरूको अन्त्यानुप्रास र अन्तरअनुप्रासीय प्रयोगले उनका कवितामा भाषिक सौन्दर्यको कलात्मक प्रयोग भएको पाइन्छ ।

उनको प्रणयप्रेम कविताहरू प्रायजसो प्रथम पुरुष शैलीमा लेखिएका छन् । उनको भाषिक अभिव्यक्ति सरल र सरस रहेको छ ।

**व्यक्तिप्रतिभाप्रेम**

कवि वीरेन्द्र सुब्बाका कविताहरू व्यक्तिप्रेम पनि छन् । उनले आफ्ना कवितामा विविध विषयवस्तु प्रयोग गरेका छन् । यहाँ व्यक्तिप्रेम कविताहरूको तŒवको आधारमा विश्लेषण गरिन्छ । उनले आफ्ना व्यक्तिप्रेम कविहरू जम्मा पाँचवटा रचना गरेका

छन् । उनले यी कविताहरूमा आफ्ना अग्रजहरू जस्तै भानुभक्त, लेखनाथ बालकृष्ण सम, व्यथित, सिद्धिचरणप्रति अगाध श्रद्धाभाव, प्रेम, स्नेह र आफूलाई साहित्यप्रति झुकाव पनि यी व्यक्तिहरूबाट भएको उल्लेख गरेका छन् । उनले भानुभक्तलाई आफ्नो प्रेरणाको स्रोतका रूपमा व्याख्या गरेका छन् । भानुले आफ्नो परिवारलाई चटक्क छाड्नु परेकोमा कवि वीरेन्द्रले दुःख व्यक्त गरेका छन् । अर्का कवि व्यथितलाई उनले आफैँ जली, जलाई यतिकै अँध्यारामा यौटा मोहन जूनकीरी आएको छ । यसरी कवि व्यथितलाई देशभक्तिले ओतप्रोत भएको व्यक्तिको रूपमा चित्रण गरेका छन् । उनले 'त्रिरत्न' शीर्षकमा कविता लेखेर कवि लेखनाथ, बालकृष्ण, देवकोटा यी तीन कविलाई आफ्नो प्रेरणाको स्रोतको रूपमा चित्रण गरेका छन् । उनका व्यक्तिप्रेम कविताहरू सहज, सरस, कोमल भावमा कलात्मक भाषाको प्रयोग गरेका छन् ।

**विषयवस्तुगत प्रवृत्ति**

कवि वीरेन्द्र सुब्बाका यहाँ विषयवस्तुगत प्रवृत्तिको बारेमा लेख्दा उनको व्यक्तिप्रेम कविताहरूको विशेष रूपमा चित्रण गरिन्छ । उनका व्यक्तिप्रेम कविताहरूमा ती व्यक्तिप्रति अगाध माया, स्नेह पोख्तछन् । ती कविहरूबाट आफू सिर्जना क्षेत्रमा

प्रवेश गरेको कुरा उल्लेख गरिएको छ । उनका ती कविताहरू 'भानुभक्तप्रति', 'त्रिरत्नप्रति', 'जूनकीरी', 'सिद्धिचरणप्रति', 'छोराको जन्म' आदि कवितामा व्यक्तिप्रति सुन्दर चित्र प्रस्तुत गरेर विविध भाव व्यक्त गरेका छन् । कवितामा मुटुलाई हुरहुरती जलाउने, शोला दिने बचन जहीँ तहीँ मरेर पनि बाँच्नको इरादा हरघडी सताउँछ होला हे भानु भनेर सम्बोधन कविले यसरी गरेको उदाहरण तल प्रस्तुत गरिन्छ ।

खोइ हँ के भन्नु मुटुलाई हुर्हुर्ती जलाउने छ दृश्य
        अनि छ शोला दिने बचन जहीँ तहीँ
मरेर पनि बाँच्नको इरादा हरघडी सताउँदो होला हे भानु तिमीलाई
बाँचेकैमा म चाहिँ मर्नको इरादा गरिरहेछु, आश्चर्य होइन छाम
        छाती यहाँ आई
यो महफिल केवल कोहोलोको जमघट, स्वर मेरो छ सानु ज्यादै सानु
        हे ! भानु
बहलाउन जान्दै जानिन मैले ता उनीहरूको दिल मेरो यो गीत विरानु
        हाय मेरो गीत बिरानु !
(मेघमाला कवितासङ्गह, 'भानुभक्तप्रति', पृ. १८)

× × × × × ×

तिलभरको प्राण त्यो
उसको उडान अँध्यारालाई सजाई
त्यही सानो चमकले चम्म, चम्म
तारकालाई तल ल्याई
(मेघमाला कवितासङ्गह, 'जूनकीरी', पृ. २०)

**संरचनागत प्रवृत्ति**

उनको कविताहरूको विषयगत संरचनाको बारेमा लेख्दा यहाँ व्यक्तिप्रेम कविताहरूको संरचनागत प्रवृत्ति विश्लेषण गरिन्छ । उनको व्यक्तिप्रेम कविताहरू न्यूनतम् २३ पंक्तिदेखि अधिकतम ६४ पंक्तिसम्म रचना गरेको पाइन्छ । संरचनाका दृष्टिले सबैभन्दा साना आकारका 'भानुभक्तप्रति', 'जूनीकिरी', 'त्रिरत्नप्रति' रहका छन् भने ६४ पंक्तिमा संरचित 'सिद्धिचरणप्रति', 'छोराको जन्म' उनको सबभन्दा ठूलो

आयामभित्र पर्ने फुटकर रचना हो । उनका व्यक्तिप्रेम कविताहरूमा अन्त्यानुप्रास र अन्तर अनुप्रासीय संयोजनले कविताहरू लयात्मक बन्न पुगेका छन् ।

उनका व्यक्तिप्रेम कविताहरू तृतीय पुरुष कथन ढाँचामा रचिएको पाइन्छ । शब्द प्रयोगका दृष्टिले उनका कवितामा प्रयोगवादी प्रवृत्ति पाइन्छ । उनका प्रत्येक कवितामा पंक्तिहरू समान आकारका हुँदैनन् । एउटै कवितामा पनि केही समान आकारका पंक्ति पाइन्छन् भने केही पङ्क्तिहरूमा थोरै शब्द अर्थात् एक शब्दसम्मको प्रयोग गरेको देखिन्छ । यसरी आफ्ना अनुभूतिलाई सुगठित बनाई प्रस्तुत गर्न सक्नु व्यक्तिप्रेम कविताहरूको केन्द्रीय कथ्यलाई बहन गर्नु उनको वैशिष्ट्य हो । उनका व्यक्तिप्रेम कविताहरूमा बिम्ब र प्रतीकको अत्यधिक प्रयोग भए पनि कविताले भन्न खोजेको भाव सहज र स्पष्ट रूपमा व्यक्त भएको पाइन्छ । त्यसैले आफ्ना अनुभूतिलाई कवितात्मक रूप दिएर सहज, सरल रूपमा कलात्मक रूपमा बनाई प्रस्तुत गर्नु कवि सुब्बाको प्रमुख प्रवृत्ति हो ।

**व्यक्तिप्रेम कवितामा अलङ्कार**

कवि वीरेन्द्र सुब्बाले सिर्जनाको प्रारम्भिक अवस्थादेखि आफ्ना कवितामा नयाँ-नयाँ बिम्बहरूको प्रयोग गरेको पाइन्छ । त्यस्तै यहाँ उनको व्यक्तिप्रेम कविताहरूमा मानवीय जीवनजगत्, प्रेरणा, प्रभाव सम्बद्ध बिम्बहरूको प्रयोग गरेका छन् । उनका व्यक्तिप्रेम कविताहरू, दुर्बोध्य देखिँदैनन् बरु कलात्मक सौन्दर्य थपिएको पाइन्छ । उनका कविता सरल, सुबोध तथा बोधगम्य हुनु प्रवृत्तिगत विशेषता हुन् । उनका व्यक्तिप्रेम कवितावहरूमा फूलहरूको सुगन्ध बटुल्न, ताराहरूसित सिंगारी खेल्ने तप्काले शरीर आफ्नो जलाई एउटा व्यक्ति रचनाकारले आफूलाई सम्पूर्ण रूपमा खालि बनाई अर्काका लागि आफू जलेर पनि रचनाको रस आस्वादन गराउँछन् भन्ने भाव स्पष्ट्याउनका लागि तल केही उदाहरणहरू दिइएका छन्-

सुब्बाले आफ्ना कवितामा शब्दालङ्कार तथा अर्थालङ्कारको प्रयोग गरी कवितालाई मिठासयुक्त बनाउने प्रयास गरेका छन् ।

त्यस्तै यहाँ अतिशयोक्ति अर्थलङ्कारको पनि सुन्दर प्रयोग भएको पाइन्छ ।

व्याकुल बनी शिशिरको चिसो हुँदो
तृणा रूप काँपिरहेको लुगलुग पक्री
    कल्पना
जीवनको राग यो हृदय बेसुरा
त्यसैलाई तुल्याई अधरको रंगीन सुरा

(शिशिरको एक तृण, पृ. २६)

यहाँ कविले छेकानुप्रास शब्दालङ्कारको पनि सुन्दर प्रयोग गरेका छन् ।

रुँदारुँदै चटक छाड्नु परेकोमा तिमीलाई
अमिला पानीले परेको होला चिस्याउनु जलेको आँतलाई,
हाम्रो अब सम्झना आई हरघडी परोन्दो हो नित्यनै तिमीलाई
हुने बेलामा विदा, गुनासोले, यौटा फुटेको बोली बोल्ने नपाई

(भानुभक्तप्रति, पृ. १८)

यहाँ कविले भानुभक्तप्रति आदर भाव व्यक्त गरेका छन, अमिला पानीले परेको होला चिस्याउनु जलेको आँतलाई हाम्रो सम्झना आई पिरोलोमा गुनासोले यौटा फुटेको बोली, बोल्न नपाई भन्ने भाव व्यक्त गरेका छन् ।

**प्रणयभावका कवितामा - बिम्ब प्रतीक**

वीरेन्द्र सुब्बाले पनि आफ्ना कवितामा बिम्ब-प्रतीकका प्रयोग सुन्दर तरिकाले गरेका छन् । कवि सुब्बाले पनि आफ्ना प्रतिभाप्रेम कवितामा विभिन्न बिम्ब प्रयोग गरेका छन् । यसकारण उनका कतिपय कविताको शीर्षक नै प्रतीकात्मक छन् भने कतिपय कविताको भावार्थलाई उनले प्रतीकात्मक छन् भने कतिपय कविताको भावार्थलाई उनले प्रतीकात्मक रूपमा अभिव्यक्ति दिएका छन् । कविले ‘जूनकीरी’ कवितामा प्रतिभाप्रेमबाट यथार्थ बिम्ब रूप भन्दै मृत्युबिम्बको प्रयोग गरेका छन्-

आएको छ रे, यतिकै अँध्यारामा,
बिम्ब- यौटा सानो जूनकीरी
भूँग्रोलाई जिस्काउँदै
तृणभरको उज्यालोले
प्रतीक-तिम्रा जन्म छद्‌म अँध्यारा आकाश मुनि

कुकुर विरालालाई चाल नदिई थुनी
परेवाका पहर बाँधले बोलीको लयदार
धुर्र, धुर्र, भुर्र, भुर्र बन्धनसितै भयो
(मेघमाला कविता सङ्ग्रह, सिद्धिचरणप्रति, पृ. ३४)

माथिको पंक्तिमा प्रतिभाप्रेम कविता अन्तर्गत सिद्धिचरणप्रति कवितामा सिद्धिचरणलाई नेपाली साहित्यकाशका परेवाका जस्तो शान्तिको प्रतीकको रूपमा उल्लेख गरेका छन् ।

उनका व्यक्तिप्रेम कविताहरूमा छायालाई 'सजाई', 'किरण पिई', 'अँध्यारालाई सजाई', 'सुगन्ध बटुल्न', 'सिंगेरी खेल्ने', 'गर्षित भूमि', 'देहको शियाँल', 'मुटुमाथि मोहनी', 'पहाडको प्राण', 'पसीने दह', 'आशा यहाँ जोख्तछु' आदि जस्ता बिम्ब-प्रतीक र रूपकहरूको प्रयोगबाट कविले आफ्ना मनोजगत्का भाव, प्रेरणाका स्रोतहरूको मार्मिक रूपम व्यक्त गरेका छन् । त्यसैगरी व्यक्तिप्रेम कविताहरूमा 'पहाडको प्राण', 'सुगन्ध बटुल्न', 'हर्षित भूमि' आदि रूपकहरूको संयोजनले कवितामा कलात्मक सौन्दर्य थपेको छ ।

यसरी सुब्बाले आफ्ना गद्य कविताहरूमा नेपाली साहित्यका विशिष्ट साहित्यकारका प्रेरणा, प्रभाव, जीवन सम्बन्धी कुराहरू सहज र स्वभाविक रूपमा आफ्ना कवितामा प्रयोग गरेका छन् । उनको बिम्ब र प्रतीकको प्रयोगमा नवीनता र मौलिकता पाइन्छ । कवि सुब्बाका विविध विषयका कविताहरूमा बिम्ब-प्रतीकको प्रयोग पाइन्छ ।

**भाषाशैली**

उनका यहाँ व्यक्तिप्रेम कविताहरूको भाषाशैलीको विश्लेषण गरिन्छ । उनले आफ्ना कवितामा सहज र सरल भाषाशैलकिो प्रयोग गरेका छन् । उनले आफ्ना कविताहरूमा व्यक्तिप्रेमलाई सहज तथा स्वाभाविक पदावलीको प्रयोग गरेर मार्मिक भाव व्यक्त गरेका छन् । उनले व्यक्तिप्रेम कविताहरूमा प्रयोग गरेको भाषा क्लिष्ट कठिन, दुरुह तथा असम्प्रेष्य रहेको छैन । नयाँ-नयाँ बिम्ब र प्रतीकको प्रयोगले उनका

कविताहरू कलात्मक र सौन्दर्यको भाव थपिएको छ । उनका व्यक्तिप्रेम कविताहरूमा अभिधा लक्षणा र व्यञ्जना तीनै शब्दशक्तिको प्रयोग भएको पाइन्छ ।

सुब्बाले आफ्ना कवितामा तत्सम, तद्भव तथा आगन्तुक तीनै खालका शब्दहरूको प्रयोग गरेका छन् । त्यसै गरी झर्रा नेपाली शब्द र अनुकरणात्मक शब्दको प्रयोग पनि पाइन्छ । त्यस्तै गरी हिन्दी शब्दहरूको प्रयोग गरेको पाइन्छ । त्यस्तै उनको व्यक्तिप्रेम कविताहरूमा तत्सम् शब्दहरू 'नित्य', 'मंगलमय', 'तन', 'मृदू', 'कैवल्य', 'मोहनी', 'आश्रित', 'राग', 'पथ', 'आकाश', 'पृथ्वी', 'क्षोम', 'विदग्ध', 'जीर्ण', 'स्नेह', 'मातृ', 'मर्त्य', 'कुटि', 'प्राण' आदि रहेका छन् भने 'जली, 'भुँग्रो, 'जमघट, 'छोपी आदि जस्ता तद्भव शब्दहरूको प्रयोग गरिएको छ । त्यस्तै गरी 'झिमिक झिमिक', 'लहलह', 'रहहर', 'धुरुधुरु' आदि जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोग कलात्मक रूपमा गरिएको छ । त्यस्तै गरी उनका व्यक्तिप्रेम कविताहरूमा 'मुलायम', 'इरादा', 'महफिल', 'हाय' आदि जस्ता हिन्दी शब्दहरूको कलात्मक रूपमा प्रयोग गरिएको छ । त्यस्तै गरी उनका व्यक्तिप्रेम कविताहरूमा 'ताराहरूसित सिंगारी खेल्छन्', 'अँगालो भरीको सम्पति', 'नीलो सपनाको तरेली च्याती', 'आनन्दको सागर', 'पहाडको किरण पिई' आदि शब्दबिम्बहरूको प्रयोगले कवितामा भाषाशैली स्वाभाविक, कलात्मक र अर्कोतिर आकर्षक पनि बन्न पुगेका छन् ।

यसरी सुब्बाका व्यक्तिप्रेम कवितामा विशेष गरी तृतीय पुरुष शैलीमा कविता लेखेका छन् । विभिन्न मूलका शब्दहरूको प्रयोग गरेर वर्णनात्मक प्रश्नार्थक, अनि व्यङ्ग्यात्मक भाषा शैलीको प्रयोग गरिएको छ भने अभिव्यक्ति स्पष्ट, स्वाभाविक सरल, सरस समेत हुनु उनको शैलीगत वैशिष्ट्य हो ।

**˘क्रान्तिकारी भाव'**

वीरेन्द्र सुब्बाका क्रान्तिकारी भावका कविताहरू पनि छन् । उनले आफ्ना कविताहरूमा विविध विषयवस्तु प्रयोग गरेका छन् तर यहाँ क्रान्तिकारी भाव कविाहरूको तŒवको आधारमा विश्लेषण गरिन्छ । उनले आफ्ना क्रन्तिकारी भावका कविताहरू जम्मा आठवटा रचना गरेका छन् । उनले यी कविताहरूमा आफ्नो देश,

भाषा, संस्कृत, साहित्य, स्वतन्त्रता र देश विकास गर्ने भनौदा नेताहरूको विरोध स्वरूप क्रान्तिकारी भाव प्रखर रूपमा व्यक्त गरेका छन् । देश विकासको लागि क्रान्ति गर्नुपर्छ भन्ने दृष्टिकोण उनका क्रान्तिकारी भावका कविताहरूमा पाइन्छ । कविताहरूमा सहस्रौं सपना टुक्रन्छन्, आस्थाहरू चोइटिइन्छन्, सहस्रौं हृदय उड्छन् हाम्रो जीवन जिउँदो चिहानजस्तो बितिरहेको छ त्यस्तो अवस्थामा म होइन हामी सबै मिलेर क्रान्ति गर्नुपर्छ भन्ने कविता मार्फत आग्रह गर्दछन् । उनले कवितामा चमारको जस्तै जग्जगी जीवन यहाँ छ, दिन र रात पनि छ । यहाँको पानी नै बिखालो रहेको छ, त्यसैले कोई ऊ चिच्याउन सकेको, पसिनाका व्यथा खन्याउन सकेको, हे ख्याउटे, लुले, लँगडो, फोहरी, जुम्सो, बाउन्ने सूर्य वर्षौ ग्रहण लागेको छ । देशको र जनताको विकासको लागि टिन ठोक्ने आग्रह गरेका छन् । त्यस्तै कवितामा हुनेहरूले नहुनेहरूलाई थिचिमिचो गरेको, देख्दा स्वयम् कवि यौटा यौटा फिलुंगो छातीमा थुपार्दै उल्लासको विरोधमा, रातको विरोधमा, बन्धनको विरोधमा, आधा विश्व थर्काएर जुटेको हे भाइ म ता आगोको हुँ बग्दो नदी जस्ता क्रान्तिकारी भावको उद्घाटन गरेका छन् ।

**विषयवस्तुगत प्रवृत्ति**

कवि वीरेन्द्र सुब्बाका कविताहरू विषयवस्तुगत प्रवृत्तिलाई केलाउँदा विविध विषयवस्तु भए पनि यहाँ उनको क्रान्तिकारी भाव सम्बन्धी कविताहरूको विश्लेषण गरिन्छ । उनका क्रान्ति भावका कविताहरू जम्मा सातवटा रहेका छन् भने ती 'यहाँको पानी नै बिरालो', 'जिउँदो चिहान', 'बाटो डोऱ्याइरहेछ कसैको पाइला', 'हे भाइ मता आगोको हुँ बग्दो नदी', 'अँध्यारोको आडमा', 'नेपाल आमासित' आदि कविताहरू क्रान्तिभावले ओतप्रोत भएका छन् । उनका क्रान्तिकारी भावका कविताहरू देश, भाषा, साहित्य, संस्कृत, कला, गरिबी उन्मुलन आदि कुराहरूको संरक्षण र विकस गर्नका लागि क्रान्तिकारी कदमहरू चाल्नुपर्छ भन्ने आग्रह कविताहरूमा भेटिन्छ । त्यस्तै गरी हुनेले नहुनेलाई थिचोमिचो, दार्जिलिङ् समाजमा रहेका सामन्ती वर्गले निमुखा वर्गलाई गरिएको व्यवहारको यथार्थ चित्रण गरी त्यसको विरुद्धमा सबै एक भएर यौटा-यौटा फिलुंगो छातीमा थुपार्दै रातको विरोधमा बन्धनको विरोधमा, आधा विश्व थर्काएर

जुटेको आफू आगोको ज्वाला भएर निस्कने आग्रह कविले यसरी व्यक्त गरेको उदाहरण तल प्रस्तुत छ–

म बाहिर आउने उमंगमा रमाउँछु,
कहिलेकाहिँ, म आफूलाई, सम्भन्छु
भुल्का, बग्दो आगोको, छोपिएको, परिएको
तर जिउँदो चट्टानहरूको गर्भ तुहुँदै
नित्य बगिरहेको ।
धेरै दिनसम्मन म बसे
उपमा शीला झैँ, दुर्गाको मूर्तिझैँ
यौटा आगोको फिलुंगो छातीमा थुपार्दै
उल्लासको विरोधमा आँसु,
रातको विरोधमा दिन,
बन्धनको विरोधमा जीवन,
शोषणको विरोधमा मोचन,
बाँड्ने हेतुले, आधा विश्व थर्काएर
म जुटे ।
(मेघमाला कवितासङ्ग्रहभित्र, हे भए म ता आगोको हुँ बग्दो नदी, पृ. २५)
बढ्दै गैरहेछ, रात
कालो करतुतको यो रात
म देख्नु यहाँ सहस्रौं जामुण्ड मडराउँछन्
सहस्रौं आमाहरूको आर्तनाद सनसनाउँछन् ।
सहस्रौं सपना टुक्रन्छन्
सहस्रौं उमंग र आस्थाहरू चोइटिइन्छन्
सहस्रौं हृदय उड्छन्
मुर्दाहरूको रात
जागिर रात

**संरचनागत प्रवृत्ति**

कवि वीरेन्द्र सुब्बाका कविता क्रान्तिभावका कविताहरूको संरचनातर्फ दृष्टि दिँदा न्यूनतम २३ पंक्तिदेखि अधिकतम ५२ पंक्तिसम्म कविता रचना गरेका छन् ।

संरचनाका दृष्टिले सबैभन्दा साना आकारका 'नेपाल आमासित', 'यहाँको पानी नै बिखालु', 'जिउँदो चिहान', तीनवटा कविताहरू २३ पंक्तिदेखि २९ पंक्तिसम्मका रहेका छन् भने ३४ देखि ५२ पंक्तिसम्म संरचित कविताहरूमा 'हे भाइ माता आगोको', 'अँध्यारोको आडमा', 'बाटो डोऱ्याइरहेछ' आदि कविताहरू ठूलो यामभित्र पर्ने कविता हुन् । यसरी हेर्दा सुब्बाले अधिकांश कविताहरू छोटा छोटा हुनाले लघु आयमका कविता रचना गर्ने कविका रूपमा लिन सकिन्छ । उनका कविताहरू अन्त्यानुप्रास, अन्तरअनुप्रासीय संयोजले कविताहरू लयात्मक बन्न पुगेका छन् ।

उनका अधिकांश क्रान्तिकारी भावका कविताहरू प्रथम पुरुष शैलीमा रचिएका छन् भने केही कविताहरू तृतीय पुरुष कथन ढाँचामा लेखिएको पाइन्छ । उनका क्रान्तिकारी भावका कविताहरू प्रत्येक पंक्ति समान आकारका पंक्ति पाइन्छन् भने केही पंक्तिहरूमा थोरै शब्द अर्थात् एक शब्दसम्मको प्रयोग गरिएको देखिन्छ । यसरी आफ्ना अनुभूतिलाई सुगठित बनाई प्रस्तुत गर्न सक्नु कवि सुब्बाको विशेषता हो । उनका क्रान्तिभावका अधिकांश कवितामा बिम्ब र प्रतीकको सफल प्रयोग कलात्मक रूपमा संयोजन गरिएको छ । कविताले दर्शाउन खोजेको भाव सहज र स्पष्ट रूपमा व्यक्त भएको पाइन्छ । त्यसैले कवितात्मक अनुभूतिलाई प्रायः सुगठित र व्यवस्थित बनाई प्रस्तुत गर्न सक्नु कवि सुब्बाको प्रमुख प्रवृत्ति हो ।

### क्रान्तिभावका कवितामा अलङ्कार

कवि वीरेन्द्र सुब्बाले सिर्जनाको प्रारम्भ अवस्थादेखि नयाँ-नयाँ बिम्ब-प्रतीक प्रयोग गरेको पाइन्छ । त्यस्तै उनको यहाँ क्रान्ति भाव कवितामा पाइन्छ ठूलोले सानालाई थिचोमिचो गर्ने प्रवृत्ति, गरिबी उन्मूलन, भाषा साहित्य, संस्कृतिप्रति तीब्र विरोध देखाएको छ । कवितामा क्रान्तिभाव व्यक्त गरिएको बिम्ब-प्रतीक तथा अलङ्कारको प्रयोग कलात्मक रूपमा गरिएको पाइन्छ । त्यस्तै गरी उनका कवितामा दार्जिलिङ्मा बसोबास गर्ने निम्नमध्यम वर्गीय नेपालीहरूलाई उच्च वर्गका शोषक वर्गले गर्ने व्यवहार, आफ्नो भाषा, संस्कृति, साहित्य जातिय विभेद आदिजस्ता विषयवस्तुबाट नयाँनयाँ बिम्ब-प्रतीक तथा अलङ्कारहरू टिपिएको देखिन्छ । त्यस्तै दार्जिलिङ् सेरोफेरोमा रहेका प्राकृतिक, जीवनजगत, परिवेशबाट पनि बिम्बहरू लिएर

कलात्मक रूप दिएर सहज सास रूपमा अभिव्यक्ति दिनु उनको आफ्नै वैशिष्ट्य रहेको पाइन्छ ।

सुब्बाका कवितामा पानी नै विखालु भएको क्रान्ति, विद्रोह गर्नका लागि खोइ तिम्रो स्वर चिच्याउन सकेको, खोइ पसिनाको घडा खन्याउन सकेको, भन्दै प्रायः सम्पूर्ण व्यक्तिहरू ख्याउटे, लुले, लँगडो, जुम्सो, बाउन्ने आदि सबैले वर्षौंसम्म लागेको ग्रहण हटाउन क्रान्तिसम्म स्वरूप टिन ठोक्न आग्रह गरिएको उदाहरण तल प्रस्ततु गरिन्छ-

**क्रान्तिभावका कविता- अलङ्कार**

सुब्बाले पनि आफ्ना कवितामा शब्दालङ्कार तथा अर्थालङ्कारको प्रयोग गरी कविलाई मिठासयुक्त बनाउने प्रयास गरेका छन् ।

त्यस्तै उपमा अर्थलङ्कारको पनि सुन्दर प्रयोग भएको पाइन्छ, उदाहरणका लागि-

यहाँको पानी नै बिखालु
खोइ तिम्रा दुई बाहु
कत्तिको बलसित हान्न सक्तो रहेछ
कत्तिको चट्टान चूत्य देखिन सक्तो रहेछ । (यहा“को पानी, बिखालो, पृ. १५)

यहाँ कविले यहाँको पानी नै बिखालु भएको क्रान्तिको लागि कोइ दुई बाहु, खोइ तिम्रो अनुहार, कविताको चट्टान तुत्य भएर अगाडि बढेको भन्दै बढ्ने आग्रह गरिएको पाइन्छ ।

त्यस्तै यहाँ उत्प्रेक्षा अलङ्कारको पनि सुन्दर प्रयोग भएको पाइन्छ, उदाहरणका लागि-

तिमी कति निठूरी
जति रातलाई तारा निठुरी
हेर जल्दछन् ती
रातको विश्वास थुनी
त्यसैले यो रात जो चकमन्न
मानो वर्षौंको थागे रोगी

मरणासन्ना (अँध्यारोको आडमा, पृ. ८२)

माथिको 'अँध्यारोको आडमा' शीर्षकको कवितामा रातलाई तिमी कति निठुरी भएको जति रातलाई तारा निठुरी भएर जल्दछन् भने रातको विश्वास थुनी, भित्रभित्रै भत्कँदै रहने मैले अझै के पर्खदैं रहनु भन्ने आग्रह गरेका छन् ।

सुब्बाका कतिपय शीर्षक नै प्रतीकात्मक छन् भने कतिपय कविताको भावनार्थलाई उनले प्रतीकात्मक रूपमा अभिव्यक्ति दिएका छन् । कविले 'अँध्यारोको आडमा' कवितामा देशमा भएको शोषण, दमन, गरिबी रूपी अन्धकारलाई हटाउने आग्रह गरेका छन्-

कहिले उज्यालो

कहिले अँध्यारो भोगी

राताको विहानविरै

बिम्ब- धिप्प धिप्प जलिरहेको

टाढाको टड्कालो दिपालो झैँ

एकान्तका एक्लै पट्पती

अझैँ के पर्खदै रहनु मैले !

(अँध्यारोको आडमा, पृ. ८२)

माथिको कवितामा दियालोलाई क्रान्तिचेतको बिम्बको रूपमा उभ्याइएको छ ।

उनका क्रान्तिभावका कविताहरूमा 'उज्यालो लुछ्दै', 'सुस्केराले बाँध्छ', 'रात सुसाउँछ', 'आँसुका घडा', 'पानी बिखालु', 'ताराहरू टुक्रिसके', 'टड्कारो मेघ', 'तातो वीभत्स', 'टुक्रा टुक्रा', 'कटनीका गिर्खा', 'जूनकीरी छरेर', 'चाहको सृष्टि', 'अगेना सल्काइँदै', 'पलाएको ममता', 'आगोको फिलुँगो', 'रातको विरोध', 'विश्व थर्काएर' आदि बिम्ब-प्रतीक अलङ्कारको प्रयोगले कवितालाई सशक्त र जीवन्त बनाएको छ । त्यस्तै गरी 'अगेनाहरू सल्काइँदै', 'बलौटोको तातो वीभत्स', 'पाइला पाइलाको अनुहार', 'उज्यालोहरू निमोठ्तै', 'हाडखोडको बजारमा' आदि जस्ता रूपक योजनाद्वारा कविले भाषा, साहित्य, जाति, संस्कृतिप्रति क्रान्तिकारी भाव व्यक्त गरेका छन् ।

यसरी कवि सुब्बाले आफ्ना क्रान्तिभाग गद्यकविताहरूमा दार्जिलिङ्मा बसोबास गर्ने त्यहाँका नेपालीहरूले भोग्नु परेका शोषक, शोषित भाव साहित्य, आतिथ्य, संस्कृति आदि विविध विषयवस्तुबाट बिम्ब प्रतीक तथा अलङ्कारका प्रयोग गरिएको छ ।

**भाषाशैली**

उनले आफ्ना गद्यकविताहरूमा सहज तथा स्वभाविक पदावलीको प्रयोग गरी मार्मिक भाव व्यक्त गरेका छन् । उनले आफ्ना क्रान्तिभावका कविताहरूमा प्रयोग गरेको भाषा क्लिष्ट कठिन, दुरुह तथा असम्प्रेष्य किसिमको देखिँदैन । उनका क्रान्तिभावका कविताहरूमा नयाँनयाँ बिम्ब र प्रतीकको प्रयोग गरिएको छ । उनका क्रान्तिभावका कवितामा अभिधा, लक्षण र व्यञ्जना तीनै शक्ति प्रयोग भएको पाइन्छ । उनका क्रान्तिभाका कविताहरू वर्णनमूलक प्रश्नात्मक, व्यङ्ग्यात्मक आदि शैलीको प्रयोग गरेको पाइन्छ भने कतै पदक्रमको विचलन भएको पनि देखिन्छ ।

कवि सुब्बाले आफ्ना क्रान्तिभावका कवितामा तत्सम्, तद्भव तथा आगन्तुक तीनै खालका शब्दहरूको प्रयोग गरेका छन् । उनले आफ्ना क्रान्तिभावका कविताहरूमा ‘बाहु’, ‘घडा’, ‘ग्रहण’, ‘क्षण’, ‘त्रास’, ‘आशा’, ‘विद्रुप’, ‘स्वर’, ‘सुस्तरी’, ‘तरवार’, ‘सृष्टि’, ‘दलिन’, ‘मेघ’, ‘ज्योतिपुञ्ज’, ‘मरुभूम्य’, ‘विषाद’, ‘सन्ताप’, ‘मिथ्या’ आदि जस्ता तत्सम् शब्दहरूको प्रयोग गरिइएको पाइन्छ भने कतिपय कवितामा ‘चोइटिएर’, ‘पबितो’, ‘ठ्याम्म’, ‘पिरोलिएका’, ‘गाँठो’, ‘चौतारो’, ‘गिर्खा’, ‘धिक्कार’, ‘पखाल्छ’, ‘चोबलिएर’, ‘लहसिएकी’ आदि जस्ता तद्भव शब्दहरूको प्रयोग कलात्मक रूपमा गरिएको छ । त्यस्तै गरी कलात्मक रूपमा गरिएको छ । त्यस्तै गरी क्रान्तिभावका कविताहरूमा ‘धिपधिप’, ‘दहदह’, ‘कुहूकुहू’, ‘खितिति’ आदि जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोग गरिएको छ । त्यस्तै गरी क्रान्तिभावका कविताहरूमा ‘फिलंगो’, ‘खुइय’, ‘टड्कारो’, ‘ख्याउटे’, ‘बाउन्ने’, ‘हाडखोड’, ‘पिलन्धर’, ‘नटिठाउ’ आदि जस्ता ठेट नेपालीपनको सफल प्रयोग गरेका छन् । त्यस्तै गरी उनका कविताहरूमा क्रान्तिभावका उपमा प्रतीकको प्रयोग सफल तरिकाले गरिएको छ । उनले आफ्ना क्रान्तिभाका कविताहरूमा ‘अगेना सल्काइँदै’, ‘तातो वीभत्स’, ‘धुरी ओकेलिइँदै’, ‘काख कुल्चन’, ‘मुर्दाहरूको रात’, ‘सपना टुक्रन्छन्’ आदि जस्ता प्रतीक-

बिम्बहरूको प्रयोगद्वारा देशमा, समाजमा घटिरहेका विकृति विसङ्गति शोषक वर्गले शोषित वर्गलाई गर्ने व्यवहारप्रति तीव्र आलोचना गरिएको छ ।

कवि सुब्बाका क्रान्तिभावमा कवितामा अधिकांश कविताहरू प्रथम पुरुष र तृतीय पुरुष शैलीमा लेखिएका छन् । उनको अभिव्यक्ति शैली सरल र स्वभाविक भएको देखिन्छ । विभिन्न मूलका शब्दहरूको प्रयोग गरेर वर्णनपरक, प्रश्नार्थक अनि व्यङ्ग्यात्मक भाषा शैलीको प्रयोग गरिएको पाइन्छ । उनको भाषिक अभिव्यक्ति स्पष्ट, स्वभाविक, सरल र परिमार्जित हुनु शैलीगत वैशिष्ट्य हो ।

**ँसामाजिक व्यङ्ग्य’**

वीरेन्द्र सुब्बाले विविध विषयमा कलम चलाए तापनि सामाजिक व्यङ्ग्यमा पनि सफल कलम चलाएका छन् । उनले आफ्नो सामाजिक व्यङ्ग्य कविताहरूमा समाजमा रहेका कुरीति, कुप्रथा, जातजाति, छुवाछुत, ठूलोले सानोलाई गर्ने निच व्यवहार, नारीलाई गरिने व्यवहार आदि सामाजिक विकृति विसङ्गतिप्रति तीव्र विरोधस्वरूप कविताहरू रचना गरेका छन् । कविताहरूमा दार्जिलिङ् नेपाली समाजमा विध्यमान सामाजिक समस्याहरूलाई तीव्र व्यङ्ग्य प्रहार गरेका छन् । उनका सामाजिक व्यङ्ग्यपरक कविताहरू जम्मा ६ वटा रहेका छन् । उनका सामाजिक व्यङ्ग्यका कविताहरू उच्च वर्गका व्यक्तिहरूले निम्न स्तरका व्यक्तिहरूलाई गरिने चिथोमिचो शोषण आदि कुराहरूलाई व्यङ्ग्य प्रहार गरी उजागर गर्ने काम गरेका छन् । उनका सामाजिक व्यङ्ग्य कविताले समाजमा नारीप्रति गरिने व्यवहारको तीव्र व्यङ्ग्य प्रहार गरेको छ । त्यस्तै गरी समाजमाम विद्यमान छुवाछुत, जातजातिप्रति व्यङ्ग्यप्रहार गरिएको पाइन्छ । उनका सामाजिक व्यङ्ग्यका कविताहरूलाई कविताको तŒवको आधारमा विश्लेषण गरिन्छ ।

**ँविषयवस्तु प्रवृत्ति’**

जीवन भोगाइका क्रममा कविलाई उत्प्रेरित गर्ने वस्तु नै कविताको विषयवस्तु हुन् भने विषय चयनमा कवि स्वतन्त्र हुन्छन् । विषयवस्तु कविता सिर्जनाको आधार भएकाले जीवनजगत्का विविध सत्य घटना वा काल्पनिक परिवेश चयन गरी कविता रचना गरिन्छ ।[द्घ]

कवि वीरेन्द्र सुब्बाका कविताहरू विषयवस्तु प्रवृत्तिलाई केलाउँदा विविध विषयवस्तु भएपनि यहाँ सामाजिक व्यङ्ग्य सम्बन्धी कविताहरू विश्लेषण गरिन्छ । उनका सामाजिक व्यङ्ग्यका कविताहरू ६ वटा रहेका छन् भने ती ‘पिशाच’, ‘मेरो सपना’, ‘मेला’, ‘मेरो कविताको खाता बाक्लो बन्दै जान्छ’, ‘सुरका उतार चढावका कलिला धारिला मुखमा’, ‘यहाँको यो उज्यालोमा हामी एक अन्धकार’ आदि रहेका

[२३] खगेन्द्रप्रसाद लुइटेल र अन्य, नेपाली कविता ।

छन् । उनका सामाजिक व्यङ्ग्यका कविताहरू दार्जिलिङ् सेरोफेरोमा बसोबास गर्ने नेपालीहरूको खानपान उठबस, बोलचाल, रहनसहन, आदि कुराहरूको तिखो व्यङ्ग्य प्रहार गरेका छन् । दार्जिलिङ् समाजमा रहेका विकृति, विसङ्गित, ठूलाले सानालाई गर्ने भेदभाव, आफ्नो स्थिरभन्दा बढी लवाइखुवाई गर्ने प्रवृत्तिलाई गर्ने प्रवृत्तिलाई तीव्र व्यङ्ग्य कविताहरूमा गरेका छन् ।

यहाँको यो उज्यालोमा हामी एक अन्धकार
एक मुस्कान, एक खुइय, अनि एक चित्कार
विहानको कर्कलाको हामी एक बुँद पानी
मृत्युकै अघि सूर्यको उत्तापम एक सौन्दर्यको हामी दानी
समुद्रको बेठेगानको ठेगानअघि
हामी एक लहरको एक दल एक बल
तूफानी तहश नहशको अघि

**संरचनागत प्रवृत्ति**

कवि वीरेन्द्र सुब्बाका कविता सामाजिक व्यङ्ग्य भावका कविताहरूको संरचनातर्फ दृष्टि दिँदा न्यूनतम १० पंक्तिदेखि अधिकतम ५५ पंक्तिसम्म कविता रचना गरेका छन् । संरचनाका दृष्टिले सबैभन्दा साना आकारका 'यहाँको यो उज्यालोमा हामी एक अन्धकार', 'भाव मृगको शरीर', 'मेरो कविताको खाता बाक्लो बन्दै जान्छ', तीनवटा कविताहरू १० पंक्तिको १५ पंक्तिसम्म रहेका छन् । त्यस्तै गरी ५५ पंक्तिको कवितामा 'सुरका उतार चढावका धारिला मुखमा' एकमात्र कविता ठूलो आयामभित्र पर्ने कविता हुन् । यसरी हेर्दा सुब्बाले अधिकांश कविताहरू छोटा-छोटा हुनाले लघु आयमका कविता रचना गर्ने कविका रूपमा लिन सकिन्छ । उनका कविताहरू अन्त्यानुप्रास, अन्तरअनुप्रासीय संयोजनले कविताहरू लयात्मक बन्न पुगेका छन् ।

उनका अधिकांश सामाजिक व्यङ्ग्य भावका कविताहरू प्रथम पुरुष शैलीमा रचिएका छन् भने केही कविताहरू तृतीय पुरुष कथन ढाँचामा लेखिएको पाइन्छ । उनका सामाजिक व्यङ्ग्यका कविताहरू प्रत्येक पंक्ति समाज आकारका पंक्ति पाइन्छन् भने केही पंक्तिहरूमा थोरै शब्द अर्थात एक शब्दसम्मको प्रयोग गरिएको देखिन्छ ।

यसरी आफ्ना अनुभूतिलाई सुगठित बनाई प्रस्तुत गर्न सक्नु कवि सुब्बाको विशषेता हो । उनका सामाजिक व्यङ्ग्यका अधिकांश कविताहरू बिम्ब र प्रतीकको सफल प्रयोग कलात्मक रूपमा संयोजन गरिएको छ । कविताले दर्शाउन खोजेको भाव सहज र स्पष्ट रूपमा व्यक्त भएको पाइन्छ । त्यसैले कवितात्मक अनुभूतिलाई प्राय सुंगठित र व्यवस्थित बनाई प्रस्तुत गर्न सक्नु कवि सुब्बाको प्रमुख प्रवृत्ति हो ।

**सामाजिक व्यङ्ग्य कवितामा अलङ्कार**

कवि वीरेन्द्र सुब्बाले सिर्जनाको प्रारम्भ अवस्थादेखि नयाँनयाँ बिम्ब-प्रतीक प्रयोग गरेको पाइन्छ । त्यस्तै उनको यहाँ सामाजिक व्यङ्ग्य भावका कविताहरूमा पाइने दार्जिलिङ्मा बसोबास गर्ने नेपालीहरूको खानपान, बोलचाल, भेषभूषा, छोराछोरीमा भेदभाव, सौतेनी माग्लो, जातजातिमा भेदभाव आदि विषयवस्तुमा तीव्र व्यङ्ग्य गरिएको छ । दार्जिलिङ् नेपाली समाजको सेरोफेरोमा विद्यमान सामाजिक विकृति-विसङ्गतिलाई सुब्बाले आफ्ना कविता कलात्मक रूप दिइ व्यङ्ग्य गरिएको पाइन्छ ।

सुब्बाले नयाँनयाँ बिम्ब-प्रतीक तथा अलङ्कारहरू जातिय भेदभाव, बोलचाल, खानपान सौतेनी माम्लो, छोराछोरीमा भेदभाव आदि विषयवस्तु बिम्बहरू टिपिएको पाइन्छ ।

सुब्बाका कवितामा नै 'यहाँको यो उज्यालोमा हामी एक अन्धकार' मा हामीले एक मुस्कान, एक चित्कार लिएर समाजलाई उज्यालोतर्फ अग्रसर गराउँनुपर्छ गरिएको उदाहरण प्रस्तुत गरिन्छ-

यहाँको यो उज्यालोमा हामी एक अन्धकार बिम्बात्मक र प्रतीकात्मक रहेका छन्-

बिम्ब- यहाँको यो उज्यालोमा हामी एक अन्धकार
एक मुस्कान, एक खुइय, अनि एक चित्कार
रूपक विहानको कर्कलाको हामी एक बूँद पानी
मृत्युकै अघि सूर्यको उत्तापमा एक सौन्दर्यको हामी दानी
समुद्रको बेठेगानको ठेगानअघि

(यहा“को यो उज्यालोमा हामी एक अन्धकार, पृ. १७)

माथिको कविताको पंक्तिमा जीवन एउटा विहानको कर्कलाको जस्तो हामी एक बूँद पानी भनी बिम्ब-प्रतीकको प्रयोग गरिएको छ।

**सामाजिक व्यङ्ग्य कवितामा अलङ्कार**

सुब्बाले पनि आफ्ना सामाजिक व्यङ्ग्य कवितामा शब्दालङ्कार तथा अर्थालङ्कारको प्रयोग गरी कवितालाई मिठासयुक्त बनाउने प्रयोग गरेका छन्।

त्यस्तै यहाँ उपमा अर्थालङ्कारको पनि सुन्दर प्रयोग भएको पाइन्छ।

उदाहरणका लागि-

भाव मृगको शरीर
कसिलो तर लयालु लम्सिलो लट्ठलट्ठ
जूनको आकाशजस्तो अनुहार
सेतो सेतो कैलो कैलो नीलो नीलो
तर जूनले दिल बसेको
उ ती कोइलाका ढिकाहरूमाझ
अँधेरी रातमासको कलिलो जुन जस्तो
देखा पर्दछे

यहाँ कविले प्रियसीको शरीर मृगको शरीर, जूनको आकाशजस्तो अनुहार र कलिलो जून जस्तो देखापर्दछ भनेर दाँजेको हुनाले यहाँ उपमा अर्थालङ्कारको प्रयोग भएको छ।

कवि सुब्बाले पनि आफ्ना अनुभूतिहरूलाई व्यक्त गर्ने क्रममा कवितामा विभिन्न प्रतीकहरूको प्रयोग गरेका छन्। उनका कतिपय कविताको शीर्षक नै प्रतीकात्मक छन् भने उनका सामाजिक व्यङ्ग्य कविताहरूमा 'इन्द्रेणी दृष्टि', 'हरियो आकाशमुनि', 'कलिलो जून', 'पोल्टोमा गाँठो', 'हिमाल भसाएर', 'कोठा च्यातिन्छ', 'पोटिलो सुन्दरी', 'शिथिल किरण', 'आकाशले जुराएको' आदि बिम्ब-प्रतीकहरूले दार्जिलिङ्मा बसोबास गर्ने नेपालीहरूको खानपाना वेषभूषा, जातजाति भेदभाव, 'सौतेनी माम्लो', विसङ्गति आदि सामाजिक विषयवस्तुलाई बिम्ब-प्रतीकद्वारा व्यङ्ग्य

गरिएको छ । त्यस्तै गरी 'जूनको आकाश जस्तो अनुहार', 'साँझको सूर्य जस्तो कलिलो जून', 'साँझको पृथ्वीजस्तो दुई कप्टेरा' आदि उपमा योजनाद्वारा कविले दार्जिलिङ् सेरोफेरोमा चित्रण छ । विद्यमान सामाजिक विकृति विसङ्गति, सांस्कृतिक विषमता, जातीय भेदभाव, रहनसहनप्रति तीव्र व्यङ्ग्य समेत प्रकट गरेका छन् ।

उनका सामाजिक व्यङ्ग्य भावका कविताहरूमा शिथिल किरण, पोटिलो सुन्दरी, साँझको पृथ्वी, बुँद पानी, इन्द्रेणी दृष्टि, ब्राण्डीको जादूले, पोल्टोमा गाँठो, आदि बिम्ब-प्रतीकहरूको प्रयोगले कवितालाई सशक्त र जीवन्त बनाएको छ । त्यस्तै गरी 'सन्क्याइएका अगुल्टाहरू तुल्य', 'ग्लासमालोपलिए', 'ब्राण्डीको जादूले छाडेपछि', 'मोलपोन्टोमा गाँठो', 'सौन्दर्यको हामी दानी', 'आफू लुटिएर पिलन्धर' जस्ता रूपक योजनाद्वारा कविले जाति, संस्कृतिप्रति, खानपान, रहनसहन, बोलीचाली, जातीय भेदभाव, सौतेनी माम्लो सामाजिक व्यङ्ग्य भाव व्यक्त गरेका छन् ।

यसरी कवि सुब्बाले आफ्ना सामाजिक व्यङ्ग्य गद्यकविताहरूमा दार्जिलिङ्मा बसोबास गर्ने त्यहाँका नेपालीहरूले भोग्नु परेका शोषण जातिय भेदभाव, रहनसहन आदि विविध विषयवस्तुबाट बिम्ब, प्रतीक तथा अलङ्कारका प्रयोग गरिएको छ ।

**भाषाशैली**

उनले आफ्ना गद्यकविताहरूमा सहज तथा स्वाभाविक पदावलीको प्रयोग गरी मार्मिक भाव व्यक्त गरेका छन् । उनले आफ्ना सामाजिक व्यङ्ग्य भावका कविताहरूमा प्रयोग गरेको भाषा क्लिष्ट, कठिन, दुरुह तथा असम्प्रेष्य किसिमको देखिँदैन । उनका सामाजिक व्यङ्ग्य भावका कविताहरूमा नयाँ-नयाँ बिम्ब र प्रतीकको प्रयोग गरिएको छ । उनका सामाजिक व्यङ्ग्य भावका कवितामा अभिधा, लक्षणा र व्यञ्जना तीनै शक्ति प्रयोग भएको पाइन्छ । उनका सामाजिक व्यङ्ग्य कविताहरूमा वर्णनमूलक, प्रश्नात्मक व्यङ्ग्यात्मक आदि शैलीको प्रयोग गरेको पाइन्छ भने कतै पदक्रमले विचलन भएको पनि देखिन्छ ।

कवि सुब्बाले आफ्ना सामाजिक व्यङ्ग्य भावका कवितामा तत्सम, तद्भव तथा आगन्तुक तीनै खालका शब्दहरूको प्रयोग गरेका छन् । त्यसै गरी झर्रा नेपाली शब्द र

अनुकरणात्मक शब्दहरूको प्रयोग पनि पाइन्छ । उनले आफ्ना सामाजिक व्यङ्ग्य भावका कविताहरूमा ‘महात्म्य’, ‘गन्ध’, ‘मोती’, ‘इन्द्रेणी’, ‘आकाश’, ‘शून्य’, ‘पथ’, ‘शिर’, ‘पृथ्वी’ आदि जस्ता तत्सम शब्दहरूको प्रयोग गरिइएको पाइन्छ भने कतिपय कवितामा ‘चोइटिएर’, ‘काटेरा’, ‘पोटिलो’, ‘तस्बिर’, ‘टकटकिन्छ’, ‘धारिला’, ‘खुइय’, ‘चित्कार’, ‘छाया’, ‘ठेगाना’, ‘आना’, ‘कोलाहल’ आदि तद्भव शब्दहरूको प्रयोग कलात्मक रूपमा गरिएको छ । त्यस्तै गरी सामाजिक व्यङ्ग्य भावका कविताहरूमा ‘धिपधिप’, ‘दहदह’, ‘खितिति’ आदिजस्ता अनुकरणात्मक शब्दहरूको प्रयोग गरिएको छ । त्यस्तै गरी उनका कविताहरूमा उपमा, प्रतीक, बिम्बहरूको प्रयोगद्वारा समाजमा घटिरहेका विकृति विसङ्गति, जातिय विभेद, सौतेनी माम्लो, भेषभूषा आदि विषयवस्तुप्रति तीव्र व्यङ्ग्य गरिएको छ ।

कवि सुब्बाका सामाजिक व्यङ्ग्य भावका कवितामा अधिकांश कविताहरू प्रथम पुरुष र तृतीय पुरुष शैलीमा लेखिएका छन् । उनको भाषिक अभिव्यक्ति स्पष्ट स्वभाविक सरल र परिमार्जित हुनु शैलीगत वैशिष्ट्य हो ।

**˘आत्मिक कथन’**

वीरेन्द्र सुब्बाका आत्मिक कथन भावका कविताहरू पनि हुन् । उनले आफ्ना कविताहरूमा विविध विषयवस्तु प्रयोग गरेका छन् । यहाँ आत्मिक कथन भाव कविताहरूको तŒवको आधारमा विश्लेषण गरिन्छ । उनले आफ्ना आत्मिक कथन भावका कविताहरू जम्मा तीनवटा रचना गरेका छन् । उनले यी कविाहरूमा आफ्नो चकमन्न कोठा सुनसान कोठामा आफू रक्सी खाएर आएको, त्यही कोठामा वीणापानी र जाडालाई कोइला र कराही छ भने एक बोल, बटुको, एक ओछ्याउनी, ओडनी, बान्टी ऐना, काइँयो, एक भारी पुस्तक, हरियो फूल, सिमेन्टको भित्ता, कक्रक्क मेरो कोठा केवल पृथ्वीभित्रको यो मेरो कोठा, यसरी ‘मेरो यो कोठाको चकमन्नले’ कवितामा कविले आफ्नो कोठाको वर्णन आत्मिक रूपमा गरेका छन् । त्यस्तै गरी कवि आफूले रक्सी खाएको अवस्थामा आफू मातेको अवस्थामा मेरो कालो छायाँलाई बोक्दै गइरहेको, मेरो पहुँचको साँध अस्पष्ट भएको, यौटा ठूलो सानो आवाज रित्तो पथमा,

काही कुकुर स्याल कराउँछन् आदि कुराहरू कविले आफ्नो व्यक्तिगत भावलाई आत्मिक रूपमा व्यक्त गरेका छन् ।

**'विषयवस्तुगत प्रवृत्ति'**

कवि वीरेन्द्र सुब्बाका कविताहरू विषयवस्तुगत प्रवृत्तिलाई केलाउँदा विविध विषयवस्तु भए पनि यहाँ उनको आत्मिक कथन सम्बन्धित कविताहरूको विश्लेषण गरिन्छ । उनका आत्मिक भावका कविताहरू जम्मा ३ वटा रहेका छन् भने ती 'भिजेको रातको रक्सी', 'भर्त्सना', 'मेरो यो कोठाको चकमनले' आदि कविताहरू आत्मिक भावले ओतप्रोत भएका छन् । उनका आत्मिक भावका कविताहरूमा स्वयम् कवि आफूले रक्सी खाएर मातेको आफ्नो सुनसान कोठामा आएको, कोठामा भएका आफ्ना ओड्ने, ओछ्याउने, डाडु, बोल काँइयो, एक भारी पुस्तक भएको, हरियो फूल सिमेन्टको भित्ता आदि आफ्नो वस्तुहरूको चित्रण गरेको भेटिन्छ । उनका कवितामा 'भिजेको रातको रक्सी' कविले भट्टीमा गएर रक्सी पिएको अनि मातेको अवस्थामा घर फर्कँदा राती भएको, रातको चकमन्नमा आफ्नो छायाँले आफूलाई डोऱ्याँएको, रातमा कुकुर, स्याल कराएको, आफूलाई डर, त्रासले सताएको, पेटमा भोक लागेको, घरका परिवारले कराउँछन भन्ने डरले पनि सताएको, दौँतेरीहरूले आत्मा बेचेको बहिनीहरूले कस्तो व्यापार गरेको आदि कुराहरूको चित्रण कविले आफ्ना कविताहरूमा आत्मिक रूपमा गरेका छन् ।

जाडालाई कोइला र कराही
एक बोल, एक थाल एक बटुको
एउटा ओछ्याउनी एउटा ओडनी
एक बान्टी, एक डाडु एक पनिउँ
एक ऐना एक काइँयो
एक तानपूरा एक जोडा तबला
अनि चुनिएका एक भारी पुस्तक
यहाँ आत्मसात् भएका छन्

मेरो कोठा

(कुसुम-छोरी, मेरो यो कोठाको चकमन्नले पृ. ५)

रातको गाढा कडा रक्सी
सन्सनी पिएको छु
मेरो का......लो अधभरा छाँया ढुन्मुनिदै
देखी नदेखी अघि अघि बढ्दै गइरहेको छ
मेरा पाइला पाइलामा
चन्द्रमाले आफूलई पोख्दै गइरहेकी छ
एक एक उज्यालाका कणले
बाटो बन्दी बिग्रँदै

(मेघमाला, भिजेको रातको रक्सी, पृ. ८३)

**संरचनागत प्रवृत्ति**

कवि वीरेन्द्र सुब्बाका आत्मिक भावका कविताहरूको संरचनातर्फ दृष्टि दिँदा न्यूनतम ३५ पंक्तिदेखि अधिकतम्, ४९ पंक्तिसम्म कविता रचना गरेका छन् । संरचनाका दृष्टिले सबैभन्दा साना आकारको 'भिजेको रातको रक्सी', 'भर्त्सना' कविहरू ३५ पंक्तिदेखि ३८ पंक्ति सम्मका रहेका छन् । उनका ४९ पंक्ति सम्मका संरचित कविताहरूमा 'मेरो कोठाको चकमन्नले' एउटा मात्र कविता हो । यसरी हेर्दा सुब्बाले अधिकांश कविताहरू छोटा छोटा हुनाले लघु आयामका कविता रचना गर्ने कविका रूपमा लिन सकिन्छ । उनका आत्मिक कथन भावका कविताहरू अन्त्यानुप्रास, अन्तरअनुप्रासीय संयोजले कविताहरू लयात्मक बन्न पुगेका छन् ।

उनका आत्मिक कथन भावका कविताहरू प्रथम पुरुष (म, हामी) दृष्टिविन्दुमा रचिएका छन् भने केही कविताहरू तृतीय पुरुष कथन ढाँचामा लेखिएको पाइन्छ । उनका आत्मिक कथन भावका कविताहरू प्रत्येक पंक्ति समान आकारका हुँदैनन् । यसरी आफ्ना जीवनका वास्तविक अनुभूतिलाई सुंगठित बनाई प्रस्तुत गर्न सक्नु कवि सुब्बाको विशेषता हो । उनका आत्मिक कथन भावका कविताहरूमा बिम्ब र प्रतीकको

सफल सफल प्रयोग कलात्मक रूपमा संयोजन गरिएको छ । कविताले दर्साउन खोजेको भाव सहज र स्पष्ट रूपमा व्यक्त भएको पाइन्छ ।

**आत्मिक कथनका कविताहरूमा अलङ्कार**

वीरेन्द्र सुब्बाले सिर्जनाको प्रारम्भिक अवस्थादेखि नै आफ्ना कवितामा नयाँनयाँ बिम्ब प्रतीक तथा अलङ्कार प्रयोग गरेको पाइन्छ । उनले कवितामा मूलतः मानवीय जीवन, जगत्सँग प्राकृतिक, सामाजिक स्वयम् कविका आफ्ना अनुभूतिसँग सम्बद्ध बिम्ब प्रतीक तथा अलङ्कारको प्रयोग गरेका छन् । त्यसैगरी उनका आत्मिक कथन भावका कविताहरूमा स्वयम् कविका जीवनजगत्को प्रयोग गरिएको पाइन्छ । कवि सुब्बाले आफ्ना कतिपय कविताका शीर्षकमै बिम्ब-प्रतीक प्रयोग गरेको देखिन्छ । यही बिम्ब-प्रतीककै माध्यमबाट उनी आफ्ना कवितामा आफ्ना व्यक्तिगत अनुभूति, जटिलता निरासा, डर, त्रास, अभाव, परिवार बिछोड, सन्तान बिछोड आदि कुराहरूलाई बिम्ब-प्रतीक माध्यमबाट व्यक्त गरिएको छ ।

आत्मिक सुब्बाले पनि आफ्ना आत्मिक प्रेम कवितामा शब्दालङ्कार तथा अर्थालङ्कारको प्रयोग गरी कवितालाई मिठासयुक्त बनाउने प्रयास गरेका छन् । त्यसकारण यहाँ छेकानुप्रास र वृत्यानुप्रास शब्दाङ्कारको प्रयोग भएको पाइन्छ ।

उदाहरणार्थ- यो कोठाको सुनसानमा

कडा रक्सीको आँचिलो र तिर्खालो हरहर गर्मी

चन्द्रको पगलिने शीतको तारम्यको तप्प तप्प

जिभ्राको विषाक्त परपर र पेटको उपच

आँखाको लाल लाल जोश र शिरको रन्का छ

(मेरो यो कोठाको चकमन्नले पृ. ५)

यहाँ कविले कोठाको सुनसानमा आफूले रक्सी खाएको र गर्मी भएको त्यसपछि पेटमा उपज भएको भन्दै छेकानुप्रास, वृत्यानुप्रास अलङ्कारको सुन्दर प्रयोग गरेका छन् ।

सुब्बाले पनि आफ्ना अनुभूतिहरूलाई व्यक्त गर्ने क्रममा कवितामा विभिन्न बिम्ब-प्रतीकहरूको प्रयोग गरेका छन् । यसकारण उनका कतिपय कविताको शीर्षक नै

प्रतीकात्मक छन् भने यहाँ कविले आफ्ना जीवनका तितामिठा अनुभूतिलाई आत्मिक रूपमा व्यक्त गरेका छन् ।

**बिम्ब-प्रतीक** लेखिएको यो मलिन धर्सो
आस्था खोई, म जोडदार गरुँ बाँच्नको
आमानै जब बाटोको बनिन् नारी भने
हेर्दाहेर्दै जब जिउँदा जाग्दा दौतरीहरूले
आत्मा आफ्ना बेचिसके
आफ्नोत्वले सूर्य ढल्यो
बहिनीहरूको कस्तो यो व्यापार चल्यो (भर्त्सना, पृ. १३)

प्रस्तुत कवितामा कविले आफू अघिनै मरेको हुने थिए तर आफ्ना भविष्यका आस्था इरादा रहेको र हेर्दाहेर्दै दौंतरीहरूले आत्मा बेचिसकेको, आफ्नोत्वको सूर्य ढलेको आदिको प्रयोग सुन्दर बिम्ब-प्रतीकको माध्यमद्वारा आत्मिक कथन व्यक्त गरेका छन् ।

**'भाषाशैली'**

उनले आफ्ना कवितामा सहज र सरल भाषाशैलीको प्रयोग गरेका छन् । उनले आफ्ना कविताहरूमा प्रयोग गरेको भाषा क्लिष्ट, कठिन, दुरुह तथा असम्प्रेष्य किसिमको देखिँदैन । उनका कवितामा अभिधा, लक्षणा र व्यञ्जना तीनै अर्थ भएको पाइन्छ । उनका आत्मिक कथन भावका कवितामा आफ्नो अनुभूति भावानुकूल भाषाशैलीको प्रयोग भेटिन्छ ।

कवि सुब्बाले आफ्ना आत्मिक कथन भावका कवितामा, तत्सम, तद्भव तथा आगन्तुक तीनै खालका शब्दहरूको प्रयोग गरेका छन् । त्यसैगरी झर्रा र अनुकरणात्मक शब्दको प्रयोग पनि पाइन्छ । उनले आत्मिक कथन कवितामा 'क्रन्दन', 'मरूस्थल', 'देह', 'निस्सहाय', 'आत्मा', 'पदचाप', 'छाँया', 'सूर्योदय', 'प्रार्थना', 'आकाश' आदि जस्ता तत्सम् शब्दहरू रहेका छन् । त्यस्तै गरी उनका आत्मिक कथन भावका कवितामा 'पोख्दै', 'बोक्दै', 'कसिएको', 'चोइटिन्थे' आदि जस्ता तद्भव शब्दहरूको पनि परिवेश अनुकूल प्रयोग गरिएको छ ।

उनका कविताहरूभित्र प्रयोग गरिएका अनुकरणात्मक शब्दहरूमा 'धुकधुकी', 'चुकचुक' आदि शब्दहरू कविको आफ्नो आत्मिक कथन कविताहरूमा प्रयोग गरिइएको छ । त्यसपछि उनका कविताहरूमा उपमा, रूपक, बिम्ब-प्रतीक आदिको प्रयोग कलात्मक भाषाशैलीमा गरिएको छ । यसरी विविध शब्दहरूको अन्त्यानुप्रास र अन्तरअनुप्रासीय प्रयोगले उनका कवितामा भाषिक सौन्दर्यको सिर्जना गरेको पाइन्छ । कवि सुब्बाका आत्मिक कथनका कविताहरूमा प्रथम पुरुष र तृतीय पुरुषको समश्रिण गरिएर कविताहरू लेखिएका छन् । उनका आत्मिक कथन भावका कविताहरूमा वर्णनात्मक, प्रश्नार्थक अनि व्यङ्ग्यात्मक भाषाशैलीको प्रयोग गरिएको छ । उनले लयात्मक गद्य कविता रचना गर्नु सुब्बाको विशेषता हो । उनको कविताभित्र अभिव्यक्ति स्पष्ट स्वभाविक सरल, सरस साथै परिमार्जित हुनु शैलीगत विशेषता हो ।

## फिस्टा एकाङ्कीको विश्लेषण

प्रत्येक साहित्यक कृतिको कुनै न कुनै नामकरण गरिएको हुन्छ जसलाई शीर्षक भनिन्छ । कुनै पनि कृतिको संरचना विभिन्न अवयवहरूका संयोजनद्वारा गरिएको हुन्छ । कृतिलाई चिनाउने शीर्षकको पनि महŒवपूर्ण स्थान रहन्छ । त्यसैले शीर्षक कृतिको सारभूत भाव, विचार वा अन्य मुख्य पात्रको चिनारी-अभिव्यक्तिको रूपमा देखापर्दछ । शीर्षक मुख्यतया पात्रका चरित्रअनुसार, नामअनुसार कथावस्तुअनुसार, मुख्य घटनाअनुसार, परिवेश आधारमा पनि हुन सक्दछन् । नेपाली वृहत शब्दकोशका अनुसार 'तस्बिर' को अर्थ क्यामराद्वारा खिंचिने कुनै ठाउँ, वस्तु, दृश्य, मानिस आदिको चित्र; फोटो वा कागत कपडा आदिमा रङ भरेर वा अन्य कुनै साधन तथा सीपले बनाइएको आकृति, चित्र भन्ने बुझिन्छ । यस एकाङ्कीको शीर्षक कथावस्तु अनुसार राखिएको छ ।

फिस्टा लघुनाटक नाटककार वीरेन्द्र सुब्बाको एकलापीय नाटकअन्तर्गत नाटककारले कुनै मानवीय पात्रको कल्पना गरेको पाइदैन । यस लघुनाटकमा मानवेत्तर पात्र फिस्टाका माध्यमबाट नाटककार सुब्बाले स्थानीय परिवेश र त्यसपरिवेशमा नाटककारले भोग्नुपरेका यथार्थलाई चित्रण गरेको पाइन्छ ।

आवाज जुन एउटा अमूर्त पात्रका रूपमा नाटकमा बारम्बार दोहोरिएको छ । आवाज पहिले नाटककारका नजीकमा रहेको भेटिन्छ । यस लघु नाटकमा आवाजमार्फत मेरै आवाजहरूले एक्लो बनाइरहेको अवस्थाको चित्रण छ । फिस्ता नाटक रूपक नाटकको रूपमा रहेको देखिन्छ । नाटककार सुब्बाले पहिले जीवनका उमङ्गलाई प्रत्येक अवाजमा संगालेर बाँच्ने चाहन्थे । जसलाई जीवनभर खुशी र उमङ्गको रूपमा तर एकाएक जीवनका ती उमङ्गहरू निस्पष्ट अध्याँरा र कहालीलाग्दा बन्दै गएर नाटककारलाई नितान्त एक्लो बनाएका छन् ।

प्रत्येक आवाजलाई सुन्ने शक्ति क्षीण हुँदैगएको अवस्थाको चित्रण गरिएको छ । अब जीवनका सम्पूर्ण पाटाहरू तहसनहस बनेको प्रसङ्ग कोटयाउँदै प्रत्येक आवाजमा पहिले जुन मीठासपन थियो अब त्यो सुन्न नसकिने अवस्थामा पुगेर टाढिएको पाइन्छ । प्रत्येक आवाजहरूमा प्रत्येक दृष्टिहरूमा सहजरूपमा देख्ने नाटककारको दृष्टि अब असहज र अन्धकार भएको महसुस गर्दछन् । जुन दृष्टिबाट हेर्ने संसार सुन्दर थियो जसमा चरीको मिठो आवाज प्रकृतिको सुन्दर स्वरूप अब उजाड भएको अवस्था चित्रण पाउन सकिन्छ ।

नाटककारले आवाजलाई बिम्ब बनाएर 'फिस्टा' का माध्यमबाट तिमी मेरो सर्वस्व थियौ भनेको पाइन्छ ।नाटककारले तिमी को हो तिमी के हौ ? भनेर प्रश्न सोधिएको अवस्थालाई औंल्याउदै तिमी को हो भन्ने प्रश्नको जवाफमा एक बालक, एक सूर्य, एक किरण, चराको गीत र आमाको म्वाइँ जस्ता मूर्त र अमूर्त शब्दको प्रयोग भेटिन्छ ।

प्राकृतिक न्याय खोलानाला, फलफूल, पहाड, भञ्ज्याङ्ग, ऋतु आदिलाई बिम्बका रूपमा प्रयोग गरेको देखिन्छ ।

नाटककारले बारम्बारको बोलिरहेछ ? मेरो फिस्टा भनेर प्रश्न र जवाफ खोज्दै, तिमी मेरो छातीको स्पन्दन थियौ ? तिमी कहाँ गयौ । तिमीले गाएको प्रत्येक गीतहरूमा मेरो जीवन थियो । मेरो देशमा फूलका फूल जस्तो तिम्रो आवाज भनेर फूल जस्तै सुन्दर आवाजको आभास देखिन्छ । जुन देशमा मैले गास, बास र कपास

पाएपनि लुटिने डर छ त्यस्तै तिमीले पनि त्यसरी नै लुटिनुपर्ने अवस्थाको प्रति दुःख प्रकट गरेका छन् ।

म प्रत्येक जीवनलाई देख्न सक्तछु प्रत्येक आवाजलाई सुन्न सक्तछु मेरो जुन दृष्टि गलत थियो आज सच्चियो भन्दै केही राहत महसुस गरेका पाइन्छ ।

फिस्टालाई फेरि नाटककारले बोल्न लगाएर तिम्रो आवाजमा जुन सत्यता, विश्वास र स्वदेश प्रेम छ । तिम्रो प्रत्येक आवाजमा स्वदेशको प्रेमका लागि म पनि साथ दिन्छु भन्दै स्वदेश प्रेम मोह देखाएको पाइन्छ । तिम्रो जुन आवाजमा रोकावट छ त्यो आवाजमा सर्वशक्तिमान आवाज लुकेको हुन्छु भन्दै फिस्टाको आवाजमार्फत परिवर्तन गर्ने सोच मरेकोमा घोर आपत्ति गर्दै प्रत्येक आवाजमा मेरो प्राण थियो, जीवन थियो भन्दै दुःख प्रकट गर्दछन् । हुरीमार्फत बरु मेरै जीवनलाई उडाएर लैजा ध्वस्त पारेर लगेको भए बरु मलाई सन्तोष हुने थियो । मलाई विरूप पार्न भए बरु मेरै क्रन्दनलाई स्वागत गर मेरो सम्पूर्ण जीवन जगत सेलाएर गैसक्यो भन्दै यस लघुनाटकमा अनेकौं दुःखका भूमरी पर्नुपर्दैन भन्दै अब मुक्त भए भन्दै अन्त्यमा जीवनको आवाज गर्छ । यसरी यस लघुनाटकमा नाटककारले एउटा आवाज मार्फत यस लघुनाटकको समापन गरेका देखिन्छ । शुरुदेखि अन्त्यसम्म एउटै मानवेत्तर पात्र र एकोहोरो बोलिरहने पात्रमार्फत फिस्टा नाटकको प्रारम्भ र अन्त्य गरिएको छ ।

## ४.६ वीरेन्द्र सुब्बाको तस्बिर नाटकको विश्लेषण

### कथावस्तु

प्रस्तुत 'तस्बिर' शीर्षक एकाङ्कीले दार्जिलिङ्को सरोफेरोमा बसोबास गर्ने नेपालीहरूको निम्न मध्यम वर्गीय परिवारको सामाजिक, आर्थिक अवस्थाको कारुणिक चित्र उतारिएको छ । त्यहाँ बसोबास गर्ने नेपालीहरूको गाउँले परिवेश खेतीपाती गर्ने, गाईवस्तु पाल्ने, पल्टन जाने, घाँसदाउरा गर्न जंगल जाने आदि परिवेशको सम्पूर्ण चित्र उतारिएकाले शीर्षक सार्थक र स्वाभाविक पनि छ ।

'तस्बिर' सामाजिक विषयवस्तु बोकेको मौलिक लघु नाटक हो । यस लघु नाटकले विषयवस्तुका रूपमा दार्जिलिङ्को गाउँले परिवेश ग्रहण गरेको छ । दार्जिलिङ्

कुनै गाउँमा एक परिवारको पुरुषको कथाव्यथा र उसका छोराछोरीको मार्मिक दुःख यस नाटकको आधारशिला हो । यस नाटकमा पहिलो अङ्कका कथावस्तु दार्जिलिङ्को कुनै गाउँको निम्न मध्यमवर्गीय परिवारको सामाजिक जनजनीवनमा आधारित छ भने दोस्रोदेखि सातौ अङ्कको कथावस्तु दार्जिलिङ्कै गाउँले जनजीवनसँग सम्बन्धित रहेको छ, भने सातौ अङ्कदेखि सत्रौं दृश्यसम्म दार्जिलिङ्को सामाजिक जीवजजगतदेखि गल्ली सम्मको चित्रण केन्दित छ । यिनै स्थानहरूमा घटेका घटनाहरूलाई कथावस्तुका रूपमा प्रस्तुत लघु नाटकमा विन्यास गरिएको छ । नाटकको पहिलो दृश्य हिमाल, पहाड, आकाश, मेघ, खेतहरू बस्तीहरूको चित्रण गर्दै त्यही प्राकृतिक भित्र रहेको एउटा खरको छाप्रोभित्र तीन छायाँहरू मुखामुख गरेका देखिन्छ । एउटा ठूलो छाँया ठाडो छ भने दुई भैंमा छायाँहरू रोइरहेछन् ।

त्यसपछि यस लघु नाटकमा कान्छा दार्जिलिङ्को एउटा वस्तीमा आफ्ना छोराछोरीसित दुःख सुख जीवन बिताइरहेको छ । पहिलो दृश्यमा उसकी स्वास्नी त्यही गाउँको कोल्ढुगेको बाबुसित पोइला गएकी छ । यही दृश्यमा कान्छाकी छोराछोरी आमा, आमा, आमा ! भनी सुँक्क, सुँक्क रोइरहेका छन् । कान्छा आफ्ना छोरो ज्ञानु र छोरी सानीलाई घरको कामधन्दा, घाँसपात, गाईवस्तु, पढाइ घरको आर्थिक अवस्थाको बारेमा र आमा पोइला गएकोमा पनि दुःख, मनाउँ, नगर भन्दै सम्झाउँछ । त्यसपछि उसको बालबच्चासँगको पारिवारिक अवस्था राम्रोसँग बितिरहेको छ । एक दिन उसको पल्टन जाने र घरको आर्थिक अवस्था सुधार्ने सोच राखेर पल्टन जाने निर्णय गर्न पुग्छ । त्यसपछि आफ्ना छोराछोरीलाई घरको कामकाज, गाईवस्तु र पढाइको बारेमा सम्झाउँदै पल्टनमा गएको अवस्था दृश्य एकदेखि पाँचसम्म रहेको छ ।

त्यसपछि छैटौं दृश्यदेखि उसका छोराछोरी सधैंझैं आफ्नो कामकाज, पढाइ गरेर बसेको र पल्टनबाट बाबा कान्छाले पढाएको चिट्ठी, पैसा पाएर खुसीसँग दिन बितिरहेको हुन्छ । यसरी दिन बित्ने क्रममा ज्ञानु कलेजको परीक्षा दिन कलकत्ता जानुपर्ने हुन्छ । त्यसपछि ज्ञानु कलकत्ता जान्छ त्यहाँ उसकी आमासँग भेट हुन्छ । आमाले राम्ररी पढ्नु, सानीलाई म भएको ठाउँमा पठाइदिनु हेर्न मन लागेको छ आदि

कुराहरू गरेर ज्ञानुलाई पैसा, लुगाफाटा दिएर दार्जिलिङ् पढाउँछे । यो दृश्य एघारमा पुग्दा पर्दा लाग्छ ।

त्यसपछि यस लघु नाटकको बाह्रौं दृश्यदेखि सत्रौं दृश्यसम्म ज्ञानु आफ्नो क्याम्पसको काम सकेर पुनः आफ्नो प्राकृतिक दृश्यहरूले भरिपूर्ण भएको आफ्नो गाउँघर आइपुग्छ । त्यसपछि घरमा बसेकी बहिनीलाई आमासँग भेट भएको, कलकत्ता घुमेको सम्पूर्ण कुरा सुनाउँछ । यसरी दुई दाजु बहिनीको दिनचर्या बित्ने क्रममा एक दिन बाबा कान्छाको चिठी आइपुग्छ । त्यस चिठीमा बाबाको पल्टनमा मृत्यु भएको खबर पढेर ज्ञानु रुन थाल्छ । त्यस पछि एउटा चिठ्ठी हाल्ने बाकस देखिन्छ हातको चिठ्ठी बाकसमा छिराउँछ, उही वस्त्रमा केही मैलिएको अझ नियाउरो, अझ रोगी देखिन्छ यसरी उसको कोठा अँध्यारो टम्म छ । त्यस्तैमा बेसरी हावा चल्छ झ्याल उदाङ्गो पारिदिन्छ ज्ञानुको ठूलो तस्बिर भैमा हावाले खसालिदिन्छ, तस्बिर फुटेको आवाज कोठाभरि छरिन्छ र अन्तमा कथावस्तु सिधिन्छ, पर्दा लाग्छ ।

यसरी प्रस्तुत लघु नाटकमा दार्जिलिङ्को सामाजिक जनजीवनको आर्थिक, पारिवारिक समस्याहरूको उद्घाटन गर्दै मान्छेको जीवन एउटा किसानको तस्बिर जस्तो हो, जसरी सानो हावा चल्दा पनि तस्बिर फुटेर चकनाचुर हुन्छ । त्यस्तै गरी मानिसको जीवन सोच्दासोच्दै गर्दागर्दै, हिँड्दाहिँड्दै पनि एकैछिनमा चकनाचुर भएर जान्छ ।

**चरित्रचित्रण**

लघु नाटकको आवश्यक तŒवहरूमध्ये चरित्र एक हो र चरित्र चित्रणको अभावमा लघु नाटकको संरचना पूरा हुन सक्दैन । कथावस्तुलाई गतिशील र जीवन्त बनाउने काम चरित्रको कार्य व्यापारले गर्दछ । प्रस्तुत लघु नाटकमा सामाजिक विषयवस्तुलाई कथावस्तुका रूपमा चयन गरिएको हुँदा यस कथावस्तुलाई जीवन्तता र गतिशीलता प्रदान गर्न कान्छा, ज्ञानु, सानी, बूढा, माईलीजस्ता सामाजिक व्यक्तित्वलाई पात्रको रूपमा प्रयोग गरिएको छ । यस लघु नाटकमा पात्रहरूको कार्य सक्रियताको आधारमा प्रमुख, सहायक र गौण गरी विभाजन गर्न सकिन्छ । प्रमुख पात्रमा कान्छा रहेका छन् भने सहायक पात्रका ज्ञानु र गौण पात्रको रूपमा माईली

रहेका छन् । यस लघु नाटकमा प्रयोग गरिएका पात्रलाई चारित्रिक विशेषताका आधारमा पनि सत् र असत् दुई वर्गका विभाजन गर्न सकिन्छ । नाटकमा प्रयोग भएका रूपमा कान्छा, ज्ञानु, सानी, बूढा सत् पात्रका रूपमा रहेका छन् भने माईली ( कोन्दुकेको) बाबुसित पोइला गएर, असत् पात्रको भूमिका निर्वाह गरेकी छ । यिनै प्रमुख पात्रका साथै सहायक पात्र चरित्रले पनि लघु नाटकलाई दुःखान्तमा पुऱ्याइएको छ । त्यसैले प्रमुख, सहायक र गौण पात्रको चरित्रलाई अलग-अलग चर्चा गर्नु बाञ्छनीय हुन्छ ।

**प्रमुख पात्र-कान्छा**

कान्छा 'तस्बिर' लघु नाटकका प्रमुख पात्र हो । यस नाटकमा नायकको रूपमा प्रस्तुत भएका छन् । उसको भूमिका प्रस्तुत लघु नाटकमा प्रारम्भदेखि अन्त्यसम्म नै सक्रिय रूपमा रहेको छ । नाटकीय कार्यव्यापार कान्छा कै केन्द्रीयतामा अगाडि बढेको छ, त्यसैले कान्छा नाटकीय केन्द्रीय चरित्र हो । दार्जिलिङ् जिल्लाको कुनै एउटा गाउँको विपन्न र निम्नवर्गीयय परिवार उसको रहेका छन् । उसले आफ्ना छोराछोरीलाई खेतीपाती, घाँसदाउरा, गाईवस्तु पालेर भए पनि राम्रोसँग राखेको छ । त्यसपछि एक दिन कान्छाकी श्रीमती, पोइला जान्छे, त्यसपछि उसले आफ्ना छोराछोरीलाई घरको घाँसदाउरा, मेलापात, गाईवस्तु र उनीहरूको बढाइको बारेमा सम्झाउँछ । यसरी हेर्दा उसको चरित्र सत् पात्रको रूपमा रहेको छ । लघु नाटकमा घटेका घटनाहरू कुनै न कुनै रूपमा कान्छासँग सम्बन्धित रहेका छन् । कान्छाको जीवनवृत्तलाई नै कथानकको रूपमा प्रस्तुत गरिएको छ ।

सामाजिक दृष्टिले गरिब निम्नवर्गीय परिवेश र परिवारमा आफ्ना छोराछोरीलाई पालनपोषण गरेर राखेको कान्छा वैयक्तिक पात्रको रूपमा देखापर्दछ कान्छाको पारिवारिक अवस्था दार्जिलिङ्को निम्नवर्गीय चरित्रको रूपमा अवस्थित रहेको छ । यस कारण कान्छा एक दिन पल्टन जान्छ । स्वभावका आधारमा उसको चरित्र हेर्ने हो भने गतिशील रहेको छ । स्वास्नी अर्को व्यक्तिसँग पोइला गएपछि उसले आफ्ना छोराछोरीलाई दुःख, सुख बढाउँदै गरिरहेको अवस्थामा घरको, छोराछारीको राम्रो

बन्दोबस्न गर्न पल्टनमा भर्ना हुनपुग्नु, पल्टनमा गएर उसको मृत्यु हुन आदि गतिशील चरित्रको भूमिका निर्वाह भएको पाइन्छ ।

लघु नाटकमा कान्छा अर्न्तमुखी स्वभावको पात्र देखिन्छ । उसले आफ्नी स्वास्नी पोइल जाँदा पनि केही कुरा नगरी आफ्ना छोराछोरी खेतीपाती गरि पालन आदि गरेर हुर्काएको देखिन्छ । कान्छाको जीवनवृत्तलाई नै मूल कथानकको रूपमा प्रस्तुत गरिएको हुनाले ऊ लघुनाटकको बद्ध पात्र हो । नाटकको सुरुदेखि अन्तिमसम्म सम्पूर्ण घटनालाई जोड्ने काम कान्छाको चरित्रले गरेको छ । कान्छा नाटकको पर्दामा प्रत्यक्ष रूपमा देखापर्ने पात्र भएकाले ऊ मञ्चीय पात्र हो । कार्यहरू गरेको हुनाले उसलाई नाटकमा अनुकूल पात्रको रूपमा देखापर्दछ ।

**सहायक पात्र- ज्ञानु**

'तस्बिर' लघु नाटकको बाल सहायक पात्र ज्ञानु हो । ऊ दार्जिलिङ् जिल्लाको कुनै बस्तीमा आफ्नो परिवारसँग बसेको एउटा विद्यार्थी पनि हो । ऊ यस लघु नाटकको प्रवृत्तिका आधारमा अनुकूल पात्रको भूमिका निर्वाह गरेको पाइन्छ । ऊ सानै हुँदा आमा पोइल गए पनि आफ्नो बाबुसँग बसेर बहिनीको हेरचाहदेखि गरेको देखिन्छ । त्यसपछि उसले घरको घाँसपात, गाईवस्तु हेर्नु र आफ्नो पढाई पनि राम्रोसँग गरिएको देख्छ ऊ यस नाटकको अनुकूल पात्र हो । त्यस पछि एक दिन ज्ञानुको बाबा पल्टनमा गएपछि उसले घरको सम्पूर्ण काम, पढाई गर्नु परेको छ । तर पनि उसले क्याम्पस पढ्दा केही लेख नेपाल पठाएको र त्यहाँबाट केही पारिश्रमिक पनि पाएको देख्दा ऊ एक मिहनेती विद्यार्थी भएको पाइन्छ । उनीहरू दाजुबहिनीको दिनचर्या राम्रोसँग चलिरहेको हुन्छ, एक दिन ज्ञानूलाई परीक्षा दिन कलकत्ता जानु पर्ने भयो र गयो त्यसपछि कलकत्तामा उसले आफ्नी आमा एउटा सुन्दर महलमा बसेको पाउँछ । त्यसपछि उसले आमासँग भेटघाट गरेर पूनः आफ्नो बस्ती फर्कन्छ । यसरी लघु नाटक पढ्दा ज्ञानु बालपात्र भएपनि एक यथार्थवादी पात्रको रूपमा लिइन्छ । यी विविध घटना परिस्थितिबाट नियालेर हेर्दा ज्ञानु अनुकूल पात्र हो, भने मञ्चीय पात्र पनि हो । ऊ यस उपन्यासको अर्न्तमुखि बाल पात्र हो, उसले नाटकमा मूल विषयवस्तु लिएर नाटकको अन्त्यसम्म भएकाले एवं बद्ध बाल पात्र हो ।

**गौणपात्र**

**माईली**

'तस्बिर' लघु नाटककी गौण स्त्री पात्र माईली हो । ऊ नाटककी सुरु र अन्तिममा देखापर्ने गौण नारी पात्रको भूमिका निर्वाह गरेकी छ । ऊ यस लघु नाटककी प्रतिकूल पात्रको रूपमा भूमिका निभाएकी छ । उसले आफ्ना साना छोराछोरी र आफ्नो पतिलाई छोडेर त्यही गाउँको कोल्ढुगेको बाबुसँग पोइल हिँडेकी छ । त्यसपछि ती ससाना छोराछोरी र कान्छालाई, दुःखी बनाएर हिँडेपछि नाटकमा कुनै पर्दामा नदेखिएकी माईली एकैचोटि नवौँ, दसौँ पर्दामा देखापरेकी छ । त्यहाँ उसले कोन्ढुगेको बाबुलाई छोडेर कलकत्ताको कोठीमा देह व्यापार गर्न पुग्दछ । पुन आफ्ना गाउँ फर्किन चाहदिन । यसरी उसको चरित्रको विविध घटनाहरूलाई हेर्दा प्रगतिशील चरित्रको भूमिका निभाएर छ ।

माइलीको जीवनतृत्तलाई हेर्दा उ नाटकको मुक्त पात्र हो । ऊ गौणपात्र भए पनि नाटकको रङ्गमञ्चमा प्रत्यक्ष रूपमा देखापर्ने पात्र भएकाले ऊ मञ्चीय पात्र हो । उपन्यासको सुरु र अन्तिमा पनि नकरात्मक कार्यहरू गरेकी हुनाले उसलाई नाटकमा प्रतिकूल पात्रको रूपमा देखापर्दछ ।

**संवाद**

'तस्बिर' लघु नाटकको संवाद योजना गद्य प्रधान रहेको छ । संवादका दृष्टिले प्रस्तुत एकाङ्की निकै सशक्त रहेको । प्रस्तुत लघु नाटक तस्बिरमा तीन अनुच्छेदसम्म प्राकृतिक दृश्यहरूको वर्णन, दार्जिलिङ्को कुनै गाउँको सामाजिक जीवनजगत्को यथार्थ वर्णन गरेर थालिएको छ । त्यसपछि नाटकको मुख्य पुरुष कान्छा, छोरी सानी र छोरा ज्ञानु पात्रका संवादबाट नाटकको कार्यव्यापार अगाडि बढेको छ । पात्रहरूको संवाद साहित्यिक गुणयुक्त रहेको छ । पात्रहरूको सामाजिक र बौद्धिक स्तरलाई ध्यान दिइएको छ । यस 'तस्बिर' लघु नाटकमा पात्र अनुकूल संवाद केही लामा र केही छोटा संवादको प्रयोग गरिएको छ । यस नाटकमा पुरुष र नारी बीचको संवाद सटीकमा भएकाले यो नाटक अत्यन्त प्रभावशाली भएको छ ।

प्रस्तुत नाटकमा कान्छा लामो संवादको प्रयोग गरेका छन् । सानी, माइली, बूढाले छोटा संवादको प्रयोग गरेका छन् । कान्छोले संवादमा आर्थिक समस्या, छोराछोरीको पढाइ, घाँतपात आदि सामाजिक जनजीवनका संवाद यसरी झल्किन्छ ।

सानी- लाग्दैन बा, म दाउराहरू ओसारी सकेपछि भातको पानी बसाउँला ।

कान्छा- बसा सकिस् भने । भरिसक्के म छिट्टै फिर्छुँ नभए ढिलो भए पनि घेरबेर लाउँदिन । सकिस् भने गर । फेरि अगेनामा आफै पर्लास् नि । होश राखेर काम गर । लौ है ता म लागे ।

सानी - हवस् बा ।

कान्छा - ए त्यो माचिसचाहिँ मलाइ दे, आजभोलि जून हैन । रात अँध्यारो छ ।

सानी - (देखाएर माचिस बाबुलाई थम्याउँदै) छिट्टै आउनोस् है बा ।

ज्ञानुको संवादमा घरको रेखदेख बहिनीको हेरचाह, पढाई अीद सच्चरित्र बाल सुलभ प्रष्टिन्छ । माइलीको संवादमा अपवित्र, धुत्याइँ झल्कन्छ यस लघु नाटकमा स्वगत्कथन प्रयोग भएको छैन । कुनै पात्रलाई नसुनाई मनमनै भनिने स्वगतकथन भन्दा सबैले सुन्ने गरी संवाद गरिएका छन् ।

नाटकको अन्तिम दृश्यमा बाबु कान्छाको मृत्यु भएको चिठी पाएपछि ज्ञानुको संवादमा करुणा, चिन्ता, भय, बिछोड आदि झल्कन्छ । अन्तमा पात्रका आफ्नो पीर दु:ख र पीडा, कारुणिक भाव व्यक्त गरेका छन् ।

त्यसैले प्रस्तुत नाटकमा प्रयोग गरिएको संवाद साहित्य, गम्भीरले युक्त, मार्मिक, तीक्ष्ण रहेका छन् भने दु:खान्त नाटकका लागि प्रयोग गरिएका संवाद कलात्मक कारुणिक र सशक्त रहेका छन् ।

**देश, काल र वातावरण**

परिवेश भन्नाले देश, काल र वातावरण बुझिन्छ । लघु नाटकमा पात्रहरूले गर्ने कार्यकलाप वा घटनाहरू घट्ने स्थान, समय र त्यसको मानसिक प्रभावलाई परिवेश भनिन्छ । नाटकमा पात्रहरूले कार्यव्यापार गर्ने निश्चित स्थान र समय नै

देशकाल हो । पात्रहरूको व्यक्तिगत विचार सार्वजनीन भए पनि पात्र देशकाल विशेष हुन्छ । यसअन्तर्गत जीवनका कथा, रीतिरिवाज व्यवहार, प्राकृतिक वस्तुजस्ता कुराहरू परिवेश भित्र पर्दछन् ।

'तस्बिर' लघु नाटकमा वि.सं. २०३१ तिरको दार्जिलिङ्को कुनै गाउँको जीवनजगत्लाई परिवेशदेखि पल्टन, कलकत्तासम्मको स्थानलाई परिवेशको रूपमा लिइएको छ । यस लघु नाटकको कार्यव्यापार दार्जिलिङ्को कुनै गाउँबाट प्रारम्भ भएर पल्टन, कलकत्ता र पुनः गाउँमा आएर समाप्त भएको छ । यस लघु नाटकमा जम्मा १७ दृश्य मध्ये पहिलो दृश्यले दार्जिलिङ्को गाउँले जनजीवनको दशौँ, एघारौँ दृश्यले कलकत्ताको गल्ली देखाउँदछ भने अन्तिम बाह्रौँ देखि सत्रौँ दृश्यले पुनः गाउँले जनजीवनलाई देखाउँछ । प्रस्तुत लघु नाटकको कार्यव्यापार र दार्जिलिङ्को कुनै गाउँको पारिवारिक वातावरणबाट प्रारम्भ हुन्छ । त्यस पहिलो दृश्यमा प्राकृतिक वातावरणले भरिपूर्ण गाउँमा कान्छाको एउटा घरको झुप्रो रहेको छ । यसै दृश्यमा कान्छाकी श्रीमती माइली पोइला गएकी र छोराछोरी आमा, आमा, आमा भनी रोइरहेको दृश्य रहेको छ । दोस्रो दृश्यमा ज्ञानु पढ्न स्कुल गएको छ तर आउने बेला ठूलो पानी, रात र जंगल भएकाले बाबु कान्छा लिन आएको वातावरण देखाइएको छ । नाटकको दोस्रो दृश्यमा कान्छाले छोरा ज्ञानुलाई लिएर आउँछ, त्यसपछि आफ्नी छोरी सानीलाई छोरीलाई जातमा कपालको महŒवपूर्ण सौन्दर्यको बारेमा सम्झाइएको पारिवारिक वातावरण रहेका छ । त्यसपछि ४, ५, ६ दृश्यमा घाँसपात गाईवस्तु, पल्टन, जाने आदि कुराहरू गरिएको गाउँले जीवनजगत्को वातावरण रहेका छ । त्यसपछि दशौँ, एघारौँ दृश्यमा ज्ञानु कलेजको परीक्षा दिन कलकत्ता गएको र कलकत्ताको सहर, गल्लीको परिवेश झल्किन्छ । अन्तिम सत्रौँ दृश्यमा कान्छाको पल्टनमा मृत्यु भएको चिठी पाएपछि ज्ञानु रोएको दुःख विछोड चिन्ता, भय आदि कारुणिक वातावण प्रष्टिन्छ ।

प्रस्तुत लघु नाटकमा प्रकृतिको वर्णनमा हिमाल, पहाड, आकाश, घाम लागेको मेघले छोपिएको जंगल, रूखविरुवा, नदी अँध्यारो उज्यालो वर्षा आदिको चित्रण

गरिएको छ । यसरी नाटक दुःखान्तीय कार्यव्यापारको सङ्गठनमा लागि परिवेश अनुकूल चयन गरिएको छ ।

**भाषाशैली**

'तस्बिर' नाटकमा गद्य भाषाशैलीको प्रयोग गरिएको छ । प्रस्तुत नाटकको भाषा अपेक्षाकृत सरल छ । साहित्य भाषाको माध्यमबाट अभिव्यक्त हुने कला हो । लघु नाटक तस्बिरमा कथावस्तुको विस्तार र विचारको प्रस्तुति पनि भाषाकै माध्यमबाट गरिन्छ । जीवनजगतको यथार्थ अभिव्यक्ति लघु नाटकमा गद्य भाषाको प्रयोग गरिन्छ । भाषाशैलीको दृष्टिले 'तस्बिर' नाटक मध्यम स्तरको रूपमा देखापर्दछ । यसको भाषा सरल, सहज एवम् संवादात्मक रहेको छ । निम्नवर्गीय चरित्र र लघु नाटकको विषयवस्तु सहाउँदो रहेको छ । यस लघु नाटकमा झर्रो नेपाली शब्दहरूको अत्यधिक प्रयोग गरिएको छ भने तत्सम, तद्भव र आगन्तुक शब्दको पनि प्रयोग भएको छ ।

'तस्बिर' लघु उपन्यासमा तत्सम शब्दहरू आशिष, पृ. १), शिर, पृ. ३), दृष्टि, पृ.५, प्राण, पृ. २७, दृखः, पृ.१) आदि रहेका छन् । त्यस्तै गरी तद्भव शब्दहरू कोप्रो, पृ. ५), द्रकै पृ.३०), छड्किनु पृ. २४) आदि रहेका छन् । तस्बिर लघु नाटकमा अङ्ग्रेजी शब्दहरू पनि प्रयोग गरेका छन्, जस्तै प्यान्ट, पृ. ५), कलकत्ता, पृ. ३०), पलङ्ग, पृ. १५), क्लास, पृ. १७), म्याट्रिक, पृ. २०), कजेज पृ. १०), विल्डिङ्ग, पृ. ३५) आदि रहेका छन् ।

त्यस्तै 'तस्बिर' लघु नाटकमा अनुकरणात्मक शब्दहरूको प्रयोग गरेका छन्- जस्तै गद्गद् पृ. २), फिटिक फिटिक, पृ. ५), धिपधिप, पृ. १२), धुकधुकी, पृ. १३), टुसुक्क पृ. ६), निथ्रुक्क, पृ. १३), चट्चट्, पृ. २३), पट्पट् पृ. १०), पुलुक पुलक पृ. ९), आदि रहेका छन् ।

प्रस्तुत 'तस्बिर' नाटकमा हिन्दी शब्दहरूको प्रयोग गरेका छन्-जस्तै पसन्द पृ. ४०) बजे पृ. ३८), भलादमी, पृ. ३९), तकलीप, पृ.२१) ।

यसैगरी आगन्तुक शब्दहरूको प्रयोगले पनि नाटकमा रोचकता थपेको पाइन्छ । जस्तै फरिया, पृ. ३), बुइगल, पृ. ५)

प्रस्तुत लघु नाटकमा ग्रामीण समाजमा बोलिने कतिय बोलीहरू जस्ताको त्यस्तै प्रयोग भएका छन् । जस्तै गुहु छोडेको जस्तो पृ. २१, अलच्छिन बेहोराले पृ. २१), आइमाईको खाँखा घुचुकमा, पृ. २१), परदेशमा रात हेर्न पृ. २४), एकुन्द्रोमा साथ छैन, पृ.२४) आदि रहेका छन् ।

यसरी प्रस्तुत लघु नाटकमा सहज, सरल भाषाशैलीको प्रयोग कलात्मक रूपमा गरिएको छ ।

**अ॰-दृश्यविधान**

'तस्बिर' नाटक अङ्कमा विभाजन गरिएको छैन । यस तस्बिर नाटकलाई दृश्यमा विभाजन गरिएको छ । नाटकको दृश्य सुगंठित र सुसम्बद्ध रहेको छ । प्रस्तुत नाटक सानो आकारको पुस्तकमा संरचित छ जसमा ४२ पृष्ठ रहेका छन् । नाटकमा दृश्यहरू निम्नअनुसार संयोजत छन् । प्रथम दृश्य पृष्ठ १ देखि २२ सम्म, दोस्रो दृश्य पृ. २२ देखि २६ सम्म, तेस्रो दृश्य, पृष्ठ २६ देखि २८ सम्म चौथो दृश्य पृष्ठ २८ देखि २९ सम्म, पाँचौ दृश्य पृ. २९ देखि ३२ सम्म छैट्टौ दृश्य पृष्ठ ३२ देखि २७ सम्म, सातौ दृश्य पृ. ३७ देखि ३७ सम्म, आठौँ दृश्य पृ. ३७ देखि ३८ सम्म नवौँ दृश्य पृष्ठ ३८ देखि ३८ सम्म दशौँ दृश्य पृ.३८ देखि ३९ सम्म, एघारौँ दृश्यमा ३९ देखि ४२ सम्म, बाह्रौ पृ. ४१ देखि ४१ सम्म, तेह्रौँ दृश्य पृ. ४२ देखि ४२ सम्म, पन्ध्रौँ दृश्य पृ. ४२ सम्म सत्रौँ दृश्य पृ. ४२ देखि अन्तिम अनुच्छेद सम्म रहेका छन् । यस दृष्टिले हेर्दा प्रस्तुत नाटकको दृश्य विधान सुसम्बद्ध र सुसंगठित रहेको छ ।

यसरी संरचनाका हिसाबले 'तस्बिर' नाटकको दृश्य विधानतर्फ दृष्टि दिँदा प्रथम दृश्यमा दार्जिलिङ कुनै गाउँको प्राकृतिक वातावरणभित्र कान्छाको रबरको छाप्रो भएको घर रहेको छ । यसै घर, लोग्ने र छोराछोरी छोडेर माइली पोइल गएकी र छोराछोरी रोइरहेको कारुणिक दृश्य रहेको छ । दोस्रो दृश्यमा साँझ पर्न लागेको, छोरा ज्ञानु स्कुलबाट नफर्किएको र खोलामा पुल नभएकाले कान्छा छोरा लिन गएको,

छोरालाई निःशुल्क भिजेको अवस्थामा घरमा ल्याएको घरमा छोरीसानी छोरी ज्ञानुलाई घरको काम राम्रोसँग गर्नु, गाईवस्तुको हेरचाह राम्रो गर्नु पढाई राम्रो गर्नु, आदि भन्दै सम्भ्फाएको पाइन्छ । त्यसपछि तेस्रो दृश्यमा कान्छाले छोरीको जातको बारेमा सम्भ्फाएको र एक दन्त्य कथा सुनाएको छ । त्यसपछि चौथो र पाँचौ दुष्यमा ज्ञानु घाँसपात गर्न जंगल गएको, कान्छा घरको आर्थिक, अवस्थामा, छोराछोरीको पढाइको लागि पल्टन जाने निर्णय गरी पल्टन जानु, आदि दृश्य रहेका छन् । यसै गरी छैट्टौ र सातौ दृश्यमा बाबा पल्टनमा गएपछि दाजूबहिनी मिलेर घरको काम गर्दै पढेको पल्टनबाट कान्छाले चिट्ठी पठाएको छ, त्यसमा कलेज फी तिर्नु, राम्ररी बस्नु, मेरो पिर नगर्नु आदि भनेको पाइन्छ ।

यसैगरी कान्छाकी-श्रीमती कलकत्ता पुगेको ज्ञानुको परीक्षा दिन कलकत्ता जानुपर्ने आदि दृश्यहरू रहेका छन् । यसै गरी आठौं, नवौं र दशौं दृश्यमा कान्छाको बढुवा भएको छ भने ज्ञानु कलकत्ता पुग्नु, त्यहाँ आमासित भेट हुनु आदि विषयवस्तु रहेका छन् । त्यसपछि एघारौं, बाह्रौ र तेह्र दृश्यहरूमा ज्ञानु कुनै भलादमीको साथ लागेर आफ्नो गाउँ आएको छ । त्यसपछि बाबाको चिट्ठी खालेर पढ्छ र बा बा मेरो बा अब म कहाँ जाने ? भन्दै रोइरहेको कारुणीयक अवस्था रहेको छ । यसै गरी अन्तिम दृश्यमा ज्ञानुको कोठा अँध्यारो भएको छ भने बत्ती बालिएको छैन । बाबाको चिट्ठी पढेपछि घोप्टो परेर रोएको र त्यही अवस्थामा हावा आएर कोठामा राखिएको ज्ञानुको ठूलो तस्बिर भुईमा भ्फरेर फुट्दछ ।

यसरी प्रस्तुत लघु नाटकमा घटनाक्रमलाई सुनियोजित र व्यवस्थित प्रस्तुतिका लागि सुसम्बद्ध, सुसंगठित, दृश्यविधान गरिएको छ, जुन यस नाटकको सशक्त पक्ष पनि हो ।

**उद्देश्य**

कुनै कृति जन्म हुनुको पछाडि कुनै न कुै उद्देश्य रहेको हुन्छ । यस नाटकको उद्देश्य पनि आफ्नै उद्देश्य छ । नाटकको उद्देश्य कला प्रदर्शन र मनोरञ्जन दिनु हो । नाटकले समाजमा रहेको बिछोड, दुःख, चिन्ता आदि विषयवस्तु सबैलाई घट्ने र

जीवन एउटा फुटेको तस्बिर जस्तो हुन्छ । जो सानो हावा चल्दा पनि झरेर फुट्न, टुट्न सक्छ ।

प्रस्तुत 'तस्बिर' नाटकको उद्देश्य पनि त्यस्तै रहेको छ । दार्जिलिङ्को सेरोफेरोमा कुनै एउटा गाउँमा कान्छाको खरको छाप्रो रहेको छ । त्यही घरलाई, छोराछोरी र लोग्नेलाई छोडेर माइली पोइला गएकी छ । कान्छाले आफ्ना छोराछोरीलाई घरको कामधन्दा, घाँसपात गाईवस्तु, पढाई, सम्बन्धित राम्रो सम्झाएको देखिन्छ । एक दिन कान्छा घरको आर्थिक अवस्था राम्रो बनाउने आशामा पल्टन जान्छ । त्यसपछि उसका छोराछोरीले आफ्नो पढाई, घरको कामधन्दा गरेर दिनचर्या बिताउँछन् तर एक दिन पल्टनबाट बाबाको चिठ्ठी आउँछ, त्यस चिठ्ठीमा कान्छाको मृत्यु भएको खबर हुन्छ । त्यसपछि उनीहरूको आशाको केन्द्र उनीहरूको आशाको केन्द्र फुट्न पुग्दछ । यसरी प्रस्तुत लघु नाटकमा समाजको शाश्वत सत्यलाई नाटकीय कार्यव्यापारद्वारा मानिसको जीवन एउटा तस्बिर जस्तो फुट्न सक्दछ भने दुःख, पिडा, बिछोड, चिन्ता आदि कुराहरू प्राकृतिक नियम हुन, जसमा कहिले आत्तिनु हुँदैन भन्ने तथ्यलाई नाटकमा प्रस्तुत गर्नु यस कृतिको उद्देश्य हो ।

**निष्कर्ष**

प्रस्तुत लघु नाटक 'तस्बिर' नाटककार वीरेन्द्र सुब्बाले रचना गरेका हुन् । यो नाटक सामाजिक विषयवस्तु बोकेकको गद्यात्मक दुःखान्त नाटक हो । यस नाटकमा दार्जिलिङ्को सेरोफेरोमा भएको कुनै गाउँको एक परिवारमा घटित कथा छ, जसमा आर्थिक समस्या, गरिबीको कारण पल्टन जाने, र जीवन एउटा फुटेको तस्बिर जस्ता हो आदि यस नाटकका केन्द्रीय विषयवस्तु रहेका छन् । यस लघु नाटकमा चरित्रको बारेमा कुरा गर्दा कान्छाको केन्द्रीयतामा सम्पूर्ण नाटकको कार्यव्यापार भएकाले ऊ यस नाटकको प्रमुख पात्र हो भने ज्ञानु सहायक बाल पात्रको भूमिका निर्वाह गरेको छ । त्यसपछि यस नाटकमा गौण पात्रको भूमिका निर्वाह माईलीले गरेकी छ । त्यसपछि नाटकको संवादको सहज, सरल र पात्रको स्तर अनुरूप चयन गरिएको छ । समग्रमा भन्दा यस नाटकको संवाद निम्न मध्यम स्थरको कारुणिक संवादहरू प्रयोग गरिएको छ । त्यसपछि यस नाटकको देशकालको, वातावरण कुनै दार्जिलिङ्को कुनै

गाउँ अर्थात् निम्नमध्यम परिवारको पारिवारिक वातावरण, रीतिरिवाज चालचलन, खेतीपाती आदिको चित्रण गरिएको छ । यसै गरी यस नाटकको कलात्मक, साहित्यिक सरल, सरल पात्र अनुकूल भाषाशैलीको प्रयोग गरिएको छ । यसौ गरी यस नाटकमा अङ्क, दृश्य विभाजनमा सुनियोजित दृश्यविधानले नाटकलाई रङ्गमञ्चीय प्रस्तुतिमा पनि सहज बनाएको छ । यसरी प्रस्तुत नाटक दुःखान्तीय प्रभावका आधारमा समेत नाटक सशक्त नै रहेको छ ।

प्रस्तुत लघु नाटक 'तस्बिर' नाटककार वीरेन्द्र सुब्बाले रचना गरेका हुन् । यो नाटक सामाजिक विषयवस्तु बोकेका गद्यात्मक दुःखान्त नाटक हो । यस नाटकमा दार्जिलिङ्को सेरोफेरोमा रहेको कुनै गाउँको एक परिवारमा घटित घटनाको कथा छ । प्रस्तुत नाटकमा त्यहाँका निम्नमध्यम वर्गीय नेपालीहरूको गरिबी, अशिक्षा, अभाव, आर्थिक, समस्या, पल्टन जाने समस्या आदि कुराहरूलाई नाटकमा चित्रण गरिएको छ । यस लघु नाटकमा प्रयोग गरिएका पात्रहरू नारी, पुरुष र बाल पात्र रहेका छन् । पुरुष पात्रहरूमा प्रमुख भूमिका कान्छाको रहेको छ भने माईलीले असत् पात्रको भूमिका निर्वाह गरेकी छ । यसै गरी सानी, ज्ञानु, बूढा आदि पात्रहरूले सत् भूमिका निर्वाह गरेका छन् । त्यसपछि यस लघु नाटकमा प्रयोग गरिएको संवाद पात्रको स्तरअनुसार चयन गरिएको छ । कान्छोको संवाद व्यवहारिक पारिवारिक रहेकाले केही लामा संवादहरू रहेका छन् भने ज्ञानु सानीको संवादमा बालसुलभ व्यवहार भएकाले केही छोटा रहेका छन् । यसैगरी माइली संवादमा, अपवित्र, धुत्याँइ झल्किन्छ । यसै गरी यस नाटकको परिवेश दार्जिलिङ्को सेरोफेरोमा रहेका निम्न मध्यम वर्गीय परिवारको रहनसहन, रटानपाल, बोलिचाली देखि लिएर कलकत्ताको गल्ली, सहरको वर्णन पछि पुन दार्जिलिङ्को परिवेश रहेका छ । त्यसपछि यस लघु नाटकको भाषाशैली निम्नमध्यम वर्गीयले बोल्ने र पात्रको स्तरअनुसार भाषाशैली चयन गरिएको छ भने तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ । यस लघु नाटकको उद्देश्य बारेमा भन्दा मानिसको जीवन एउटा 'तस्बिर' जस्तो हो जो थारै हावा चल्दा पनि टुट्न फुट्न सक्छ । यसरी जीवनमा आईपर्ने दुःख, चिन्ता, भय,

विछोड आदि सबैलाई हुने विषयवस्तु हुन, त्यसमा कसैले पनि आत्तिनु दुखित हुन हुँदैन भन्ने दुष्टिकोण प्रस्तुत लघु नाटकको रहेको छ ।

## ४.७ वीरेन्द्र सुब्बाको उपन्यासको विश्लेषण

### ४.७.१ 'मूलसडकतिर' उपन्यासको अध्ययन

**कथावस्तु**

**सामान्य परिचय**

साहित्यका सबैजसो विधाका आफ्नै संरचक घटकहरू भएजस्तै उपन्यासका पनि आफ्नै संरचक घटकहरू हुन्छन् । ती घटक वा उपकरणहरूमध्ये कथानक उपन्यास संरचनाको सबल र स्थूल उपकरण हो ।[२४] उपन्यासमा यस तŒवको व्याप्ति हुने भएकाले अन्य घटकहरूलाई पनि यसले गहिरो रूपबाट प्रभावित पार्दछ । कथानकविना कुनै पनि उपन्यासले गति प्राप्त गर्न सक्दैन ।[२५] कथानक भनेको उपन्यासमा घट्ने घटनाहरूको योजनाबद्ध ढाँचा हो । यसको विकास, प्रारम्भ, मध्य र अन्त्यको शृङ्खलाबद्ध रूपमा रहेको हुन्छ । कथानक कथावस्तुहरूको संयोजन मात्र होइन, त्यसमा विचार, वुद्धि कल्पनाजस्ता रसायनको प्रयोग गरी कथानकको निर्माण गरिन्छ । कथानक भन्नु नै स्वयं उपन्यासकारको विचार धारणा वा अभिव्यक्ति वा प्रस्तुति हो ।[२६]

दार्जिलिङ् जिल्लाको कुनै एक गाउँमा बसोबास गर्ने निम्नवर्गीय माहिला, उसकी पत्नीको परिवारको सेरोफेरोमा उपन्यास प्रारम्भ भएको छ । दार्जिलिङ्जस्तो शिक्षित ठाउँ भए पनि त्यहाँ धर्म, रूढि, अन्धविश्वास परम्परा र आर्थिक असमताको जरो गाडेको छ । यस्तो समाजमा जीवन निर्वाह गरेको माहिला र उसकी पत्नीको घरबार दुःख, सुख चलिरहेको हुन्छ । त्यसपछि दिनहरू बित्ने क्रममा माहिलाकी पत्नी केबँरा पनि गर्भवती हुन पुग्छे र नौ महिना पछि छोरी जन्म हुनपुग्छ, त्यस घरमा एक

---

[२४] कृष्णहरि बराल र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, काठमाडौं : साझा प्रकाशन, पृ. २२, २३ ।

[२५] ऐजन ।

[२६] ऐजन ।

किसिमले खुसीयाली छाउँछ । यसरी ती दुई पतिपत्नीले त्यस छोरीको नाम कस्तुरी राख्दछन् । त्यसपछि उनीहरूका दिनहरू बित्ने क्रमममा केवँरा पुनः गर्भवती हुनपुग्छे भने यसपाली माहिलाले जन्मने बच्चामा छोराको अपेक्षा गरेको गाउँतिर भनेको देखिन्छ । यसपालि पनि केवँराले छोरीलाई नै जन्म दिई त्यसपछि उपन्यासको कथावस्तुले नयाँ गति लिनपुग्दछ । माहिलाले छोरी जन्मेपछि अर्को विवह गर्ने तय गरेर त्यसै गाउँकी ऐरेनी नाउँ गरेकी आईमाईसँग विवाह गर्दछ । माहिलाले गरेको व्यवहारबाट केवँरामा ठूलो चिन्ता बढ्न पुग्दछ भने समय बित्तै जाने क्रममा एक दिन अचानक केवँराको मृत्यु हुन्छ । त्यसपछि केवँराका ती दुई दिदीबहिनी टुहुरा हुन पुग्दछन । सानी आमा ऐरेनीले दिदी कस्तुरी, बहिनी कान्छीलाई घरको घाँसपात, वनजंगल सम्पूर्ण काम गर्दा पनि कहिले यस दिएको छैन । त्यहाँ ती दुईको दुःख सुख दिनहरू बितिरहेको बेलामा कोही दुई अपरिचित पाहुना आउँछन् र घरको सल्लाह अनुसार कस्तुरीलाई फुपूको घरमा लिएर जान्छन् । त्यहाँ कस्तुरीले गाउँको रहनसहन, खानपान, उठबस भन्दा भिन्न परिवेश अपनाउन पुग्दछे । फुपू उसलाई धेरै कुराहरू सिकाएपछि दिनहरू बित्ने क्रममा एक दिन दार्जिलिङ् सहरकै एक ठूलो घरमा जहाँ संगीत, कला सिकाउने ठाउँमा काममा लगाइदिन्छे । त्यसपछि उसले त्यहाँ संगीत, कला सिक्दै आफ्नो काम पनि गर्दछे । यसरी उसले त्यहाँ पनि कामहरू गर्दै बित्ने क्रममा धेरै अनुभव बटुलेकी छे । ऊ एउटी सुशील, सरल र चरित्रवान केटी भए तापनि त्यस काम गर्ने ठाउँमा उसलाई करकापमा पारी उसको सतिŒव लुटिदिन्छन् । यस्तो स्थितिमा त्यहाँ नै संगीत सिक्ने, पढ्ने एउटा ज्ञानबहादुर नाम गरेको केटाले उसलाई मनपराएकोले प्रेमविवाहको प्रस्ताव राख्दछ । त्यसपछि उसले पनि ज्ञानबहादुरको प्रेमविवाह स्वीकार गरेर दार्जिलिङ्को कुनै एक गाउँमा लिएर जान्छ । त्यहाँ कस्तुरीले घरको घाँसपात, वनजंगल सम्पूर्ण काम गरेर सासु, ससुरा, आमल्यू पनि परिवारको चित्त बुझाउनु पर्थो । कति जनाको विवाह गरेर जीवनमा खुसियालीको वातावरण छाउँछ भने उसको जीवनमा कहिल्यै त्यस्तो अवस्थामा आएको छैन । ऊ विवाह गरेको दिनदेखि, दुःखपूर्ण जीवन बिताएकी छे कारण उसको पनि ज्ञानबहादुर कामको नाउँमा केही गर्दै तर पनि विविध आरोपमा थानामा पर्नपुग्दछ । त्यसपछि

उसको दिनहरू बित्ने क्रममा ऊ पनि गर्भवती हुनपुग्छे र नौं महिनापछि एक छोरीलाई जन्म दिन्छे ।

त्यहाँ उसको बच्चा जन्मेपछि ऊ ज्यादै कमजोर भएपछि ससुरा, भान्जी, सासु आदि परिवारले धेरै रेखदेख गर्दा पनि ठीक नभएपछि एक दिन ससुराले भोटे लामा ल्याएर, फुक्न लाएपछि भोलिपल्ट नै ऊ धेरै ठीक हुन्छे । यसरी उपन्यासमा कस्तूरीको भूमिका सुरुदेखि अन्तिम सम्म रहेकी र घटनाहरू पनि उसको वरिपरि घुमिरहेको छ । त्यसपछि उसको दिनचर्या दुःख सुख चलिरहेको हुन्छ तर एक दिन उसको पति ज्ञानबहादुरले दार्जिलिङ् बजारमा बंगाली अफिसमा काम पाउँछ । त्यहाँ ज्ञानबहादुरले कम पाए पनि सुखका दिन आउँने भयो भन्ने ठूलो आशा उसमा पलाउँछ तर आशा निराशामा परिणत हुनुपुग्छ, कारण उसको पति कमाएको पैसा जाँडरक्सी, जुवातास, रण्डीबाजी गरेर हिड्न थाल्छ । त्यसपछि उसको जीवनमा एक पछि अर्को समयले समातिरहन्छ । उसले दार्जिलिङ् बजारमा बस्दा झन दुःख भोग्नु पऱ्यो कारण बच्चाले स्कुल फिस, घरको भाँडा, घरको सम्पूर्ण सरसामान किनेर चलाउनुपर्थ्यो । त्यहाँ उसले दुःखको दिनहरू बितिरहेको बेला एक दिन उसको पति ज्ञानबहादुरले आफ्नो मन मिल्ने दौंतरी लिएर तराईतिर लाग्नुपुग्छ । त्यसपछि उसको जीवनमा दुःख माथि दुःख थपिएर घरभाडा बसेको ठाउँबाट पनि निकाल्देको कारण आफ्नो छोराछोरी सरसमान बोकेर 'मूल सडकतिर' लाग्दछे ।

उपन्यासको कथावस्तु पनि यत्ति नै हो । यही कथावस्तुलाई उपन्यासकारले सरसतापूर्वक जीवन्त अभिव्यक्ति दिएका छन् । यस मूल कथावस्तुका अतिरिक्त दिएका छन् । यस मूल कथावस्तुका अतिरिक्त उपन्यासमा अन्य सहायक कथाहरूको प्रयोग गरिएको छैन । अन्य उपकथाहरूको प्रयोग नगरिएकाले उपन्यासको कथानकमा निकै गतिशीलता पाइन्छ ।

**कथानक- योजना**

'मूल सडकतिर' उपन्यासको कथावस्तु सामाजिक यथार्थमा आधारित रहेको छ । समाज शताब्दीयौं अगाडिदेखि जातपात, सानोठूलो, रुढीवादी, रहनसहन परम्पराबाट विकसित हुँदै आएको छ । यसरी उत्पन्न आर्थिक असमानता, जातपात,

सौतेनी माम्लो आदि र त्यसले समाजमा निम्त्याएको समस्या कथावस्तुको रूपमा प्रयोग गरिएको हुनाले यसलाई सामाजिक विषयवस्तुमा आधारित उपन्यास भन्न सकिन्छ ।

दार्जिलिङ् नेपाली समाजलाई मुख्य परिवेश बनाएर लेखिएको यस उपन्यासमा वीरेन्द्र सुब्बाले कस्तुरीको जीवनवृत्तलाई नै मुख्य आख्यानका रूपमा प्रस्तुत गरेका छन् । कस्तूरीको आफ्नो जीवन भोगाइको क्रममा गरेका विविध क्रियाकलापहरूबाट नै कथानकको निर्माण भएको छ ।

## कथानकको आङ्गिक विकास

घटनाप्रधान उपन्यासहरूमा कथानकलाई प्रायः आदि, मध्य र अन्त्यको क्रमिक शृङ्खलामा विन्यास गरिएको हुन्छ । हुन त कथानकको विकासक्रमलाई आरम्भ, सङ्घर्षविकास, चरमोत्कर्ष, सङ्घर्षह्रास र उपसंहार गरी पाँच खण्डमा पनि विभाजन गर्न सकिन्छ । तर मूल सडकतिर उपन्यासको कथानको विकासक्रमलाई पाँच खण्डमा भन्दा तीन खण्डमा नै विभाजन गर्नु उपयुक्त ठानी यहाँ तीन खण्डमा विभाजन गरिएको छ । मूल सडकतिर उपन्यासको कथानक आङ्गिक विकासका दृष्टिले परिपूर्ण देखिन्छ । अन्य कुनै सहायक कथावस्तुहरूको प्रयोग नगरी एउटै मूल कथावस्तुको प्रयोग गरेर लेखिएको यस उपन्यासको कथानकले छोटो आयाममै आङ्गिक विकास प्राप्त गरेको छ । उपन्यासमा कस्तूरीको जीवनसँग सम्बद्ध भएर क्रमिक रूपमा आदि मध्य र अन्त्य भएर अगाडि बढेको छ । यसरी कथानकलाई रैखिक ढाँचामा प्रस्तुत गरिएको यस उपन्यासको कथानकलाई आदि, मध्य र अन्त्यको क्रममा यसरी प्रस्तुत गर्न सकिन्छ ।

## उपन्यासको संरचना विधान

### (क) आदि भाग

कथानकको प्रारम्भदेखि कस्तूरीको जन्मबाट शुरु भएको घटनाहरू आदि भागमा पर्दछन् । माहिलाकी पत्नी केवँराले छोरी कस्तूरीलाई जन्मदिनु, केही समयपछि अर्को गर्भधारणा पछि पुनः छोरीको जन्म हुनु तर त्यही छोरी जन्माएको निहुँ निकाली

माहिला र केवँराबिच मनमुटाव सुरु भएर दोस्रो परिन ऐरेनीस विवाह गर्न पुग्नु, माहिलाको ती दुई छोरी कस्तुरी र कान्छीको दुःखपूर्ण जीवन शुरु हुनु । त्यसरी कस्तुरीलाई सहरमा बसेकी फुपूले लिएर जानु, त्यसपछि माहिलकी जेठी पत्नी केवँराको मृत्यु हुन आदि सम्पूर्ण घटनाहरू कथानकको आदि भागमा पर्दछन् । यसरी आदि भागमा मुख्य पात्र कस्तुरीको परिचय र उसको भविष्यमा देखापर्ने दुःखका दिनहरूको पूर्वसङ्केत गरिएको पाइन्छ ।

**(ख) मध्य भाग**

कस्तुरीले सहरमा गएर संगीत, कला सिक्ने ठाउँमा काम गर्न थाल्नु, त्यसपछि समयको गतिसँगै एक दिन कस्तूरीले त्यही पढ्ने ज्ञानबहादुरसँग विवाह गर्नपुग्नु, उसले विवाह पछिका दिनहरू दार्जिलिङ्को कुनै गाउँमा घाँसपात, मेलापात गरेर बिताउनु, त्यसपछि उसले दिनहरू बित्ने क्रममा गर्भधारणा पछि एक छोरीको जन्म दिन्छे । त्यसपछि ऊ नराम्रोसँग बिरामी पर्नु, उसको पति ज्ञानबहादुर केही काम नगर्नु आदि सम्पूर्ण घटनाहरू कथानकको मध्यभागमा पर्दछन् ।

**(ग) अन्त्यभाग**

कस्तूरीले आफ्ना छोराछोरी लिएर दार्जिलिङ् सहर आउँनु त्यसपछि उसको पति ज्ञानबहादुरले बंगाली अफिसमा काम गरेर पनि सबै कमाएको पैसा जाँड, रक्सी, रण्डीबाजी गरेर सक्नु र अर्की मन मिल्ने दौँतरी लिएर तराईतिर लाग्नु, त्यसपछि उसले त्यहाँ धेरै दुःख पाउँनु र अन्तिम आफ्ना छोराछोरी लिएर उद्देश्यबिहिन अवस्थामा मूल सडकतिर लाग्नुजस्ता घटनाहरू कथानकको अन्त्य भागमा पर्दछन्

यसरी उपन्यासको कथानक आदि, मध्य र अन्त्यको शृङ्खलामा क्रमिक विकास भएकाले प्रंस्तुत उपन्यासको कथानक रैखिक ढाँचामा संयोजन गरिएको पाइन्छ । विभिन्न स्थानमा घटित विविध घटनाहरूको मुख्य पात्र कस्तूरीको जीवनसन्दर्भसँग गाँसो प्रस्तुत गरिएको हुनाले कथानकमा एकान्वितिको निर्वाह गरिएको पाइन्छ । उपन्यासको प्रत्येक घटनाहरू कुनै न कुनै रूपमा मूल कथानकसँग जोडिएको पाइन्छ ।

## २. चरित्रचित्रण, पात्र

चरित्र उपन्यासका उपकरण मध्ये प्रमुख तŒव भनिन्छ । कथावस्तुलाई अगाडि बढाउने काम चरित्रले गर्दछ । कृतिमा प्रत्येक चरित्रले रूप र बिम्ब फरक किसिमले निर्धारण गरिने भएकाले सामान्यतः पात्रले फरक विचारलाई सम्प्रेषण गर्ने एक वर्गको काम गर्दछ ।[२७] कुनै पात्रले उपन्यासमा अभिनय गर्दा समाज इतिहास देशान्तर, पुस्ता, जाती सभ्यता परिस्थिति आदिको प्रतिनिधित्व गर्दछ । उपन्यासमा प्रयोग हुने पात्रहरू जीवनजगत्को विविध सन्दर्भबाट आउने हुँदा तिनमा पनि विभिन्नता पाइन्छ । त्यसकारणले उपन्यासमा प्रयोग हुने पात्रहरू गतिशिल गतिहीन, यथार्थ, आदर्श, बहिर्मुखी, अन्तर्मुखी गोला, च्याप्टा, सार्वभौम, आञ्चलिक पारम्परिक मौलिक, वर्गीय चरित्रका हुन्छन् ।[२८] पात्रले विगतलाई वर्तमानसम्म तानेर ल्याई वस्तु पाठकसम्म सम्प्रेषण गर्ने हुँदा उपन्यासमा चरित्रले अहम् भूमिका हुन्छ । चरित्रहरूको चारित्रिक गतिविधि एवम. क्रियाकलापका आधारमा यस उपन्यासका चरित्रहरूलाई प्रमुख, सहायक र गौण गरी तीन वर्गमा विभाजन गर्न सकिन्छ ।[२९]

### क) कस्तुरी

वीरेन्द्र सुब्बाको मूल सडकतिर लघु आकारको उपन्यास भएकोले यसमा सीमित पात्रहरूको नै प्रयोग गरिएको छ । कस्तूरीको जीवनवृत्तलाई नै मूल कथानक बनाएर लेखिएको उपन्यासमा समाजमा उच्च वर्ग, जातिपाती, सौतेनी माम्लो आदि बीचको सङ्घर्षलाई प्रस्तुत गरिएको छ । विभिन्न पात्रहरूको संयोजन गरिएको भए तापनि उपन्यासकारले मूलतः कस्तूरीकै चरित्रनिर्माणमा विशेष ध्यान दिएको पाइन्छ ।

उपन्यासकरको सम्पूर्ण ध्यान कस्तूरीमाथि खनिएकाले अन्य पात्रहरूको चरित्र निर्माणमा त्यति ध्यान दिन नसकेको पाइन्छ । सुब्बाको ‘मूल सडकतिर’ उपन्यासमा प्रमुख सहायक र गौण गरी तीन प्रकारका पात्रहरूको प्रयोग गरेको पाइन्छ । कस्तूरी यस उपन्यासको एक मात्र मुख्य पात्र हो । उसका केन्द्रीयतामा उपन्यासको सिर्जना

---

[२७] ऐजन ।

[२८] ऐजन ।

[२९] ऐजन ।

भएको छ । माहिला ऐरेनी, फुपू, ज्ञानबहादुर, कान्छी, ससुरा, सासू, भाञ्जी, गोठालो आदि सहायक पात्रको भूमिकामा देखापर्दछन् । यी पात्रहरूले मूल कथानकलाई अगाडि बढाउन सहयोगीका रूपमा महŒवपूर्ण भूमिका खेलेका छन् । यसका अतिरिक्त गौण पात्रहरूमा पाहुना, गाउँले छिमेकी आइमाईहरू आदि रहेका छन् । उपन्यासमा यी सबै चरित्रहरूको चित्राङ्कन प्रायः प्रत्यक्ष वा समाख्यानात्मक विविधबाट गरिएको छ ।

'मूल सडकतिर' उपन्यासकारको मुख्य पात्र अथवा नायिका कस्तुरी हो । दार्जिलिङ् जिल्लाको कुनै एउटा गाउँको आर्थिक रूपमा विपन्न र निम्नवर्गीय परिवारमा जन्मिएकी कस्तूरीको बाल्यकाल राम्रैसँग बित्यो । त्यसपछिका कस्तूरीका दिनहरू एक पछि अर्को दुःखले सताईरह्यो किनभने उसकी आमा केवँराको असामायिक निधनले ज्यादै दुखित तुल्यायो । उपन्यासमा घटेका घटनाहरू कुनै न कुनै रूपमा कस्तुरीसँग सम्बन्धित रहेका छन् । कस्तुरीको जीवनवृत्तलाई नै कथानकको रूपमा प्रस्तुत गरिएको र उपन्यासको आदिदेखि अन्त्यसम्म नै उसैको प्रमुख भूमिका रहेको हुनाले कार्यका आधारमा कस्तुरी नै यस उपन्यासको मुख्य पात्रको रूपमा रहेको छ । उसको जति कार्यव्यापार गर्ने अन्य पात्रहरू उपन्यासमा रहेका छैनन् ।

सामाजिक दृष्टिले गरिब निम्नवर्गीय परिवेश र अशिक्षाग्रस्त परिवारमा जन्मिएकी कस्तुरी वैयक्तिक पात्रको रूपमा देखापर्दछ । कस्तुरीले माइतमा बस्दा पनि घरको सम्पूर्ण कामकाज गर्नुपर्थ्यो भने घरमा आफ्नी आमाको निधन भएपछि सानीआमासँग बसेर धेरै दुःखका दिनहरू बिताएकी छे । कस्तूरी उनकी फुपूको घर सहरमा गएपछि केही दिनहरू राम्रैसँग बिताएकी छ । यसरी कस्तुरीले एक दिन ज्ञानबहादुरसँग प्रेमविवाह गरेर दार्जिलिङ् जिल्लाको कुनै एक गाउँमा बस्न पुग्दछे, त्यहाँ पनि उसका दिनहरू घाँसपात मेलापात र घरको घरधन्दा गरेर दिनहरू बित्नपुग्दछ । त्यसपछि उपन्यासमा निम्नवर्गीय परिवारमा जन्मिएर कस्तूरीको चरित्र निम्नवर्गीय चरित्रको रूपमा उपस्थित रहेको छ ।

स्वभावका आधारमा हेर्ने हो भने कस्तूरीको चरित्र गतिशील रहेको छ । उपन्यासको सुरुबाट कस्तूरीको जन्मसँगै हुन्छ, त्यहाँ उसको जन्मसँग खुसियाली छाउँछ तर समयको गतिसँगै उसको बुबा माहिलाले एक दिन छोरी मात्र जन्मदिएको

भन्ने बाहनामा त्यसै गाउँकी ऐरेनी नाउँकी आइमाईसँग विवाह गर्दछ । यस्तो अवस्थामा पनि कस्तूरी सानै भए पनि कहिले विचलन नभइकन आफ्नो घरको सम्पूर्ण कामहरू गर्दछे । त्यसपछि उसलाई सहरकी फुपूले लग्छे, त्यहाँ पनि ऊ समयसँग परिवर्तन भएर संगीत, कला सिकाउँने ठाउँमा काम गर्न थाल्छे, त्यहाँ उसलाई त्यही काम गर्ने व्यक्तिहरूले उसको सम्पूर्ण अस्मिता लुट्दछन् । त्यसपछि उसलाई त्यही पढ्ने ज्ञानबहादुरले प्रेमविवाह गरेर दार्जिलिङ्को कुनै गाउँमा लिएर जान्छ । त्यसपछि उसको दुःख सुखका दिनहरू बित्ने क्रममा गर्भवती भएर एउटा छोराको जन्म दिनपुग्छे, त्यसपछि ऊ ज्यादै बिरामी पर्छे । ज्ञानबहादुरले एक दिन आफूसँग मन मिल्ने दौँतरी लिएर तराईतिर लाग्दछ । त्यसपछि उसको दिनहरू दुःखपूर्ण रहेको देखिन्छ । यसरी उपन्यासमा देखापर्ने विविध घटना र परिस्थितिबाट प्रभावित हुँदै कस्तूरीको चरित्रको विकास भएको हुनाले ऊ उपन्यासमा गतिशील चरित्रका रूपमा देखापर्दछ ।

उपन्यासमा कस्तूरीको चरित्रनिर्माणमा स्वाभाविकताका साथै (यथार्थता) पाइन्छ । सानैमा कस्तूरीको बुबा माहिलाले छोरी मात्र जन्माएको बाहनामा त्यही गाउँकी ऐरेनी नामकी आइमाईसँग विवाह गर्नु, त्यस घटनाले बालसुलभ कस्तूरीमा नराम्रो असर पर्दछ । यसै क्रममा धेरै दिनहरू कस्तुरीको घाँसपात, घरधन्दा र वनजंगल गरेर बिताएकी छे । त्यसपछि कुनै एक दिन सहरमा भएकी उसकी फुपूले सहर लिएर जान्छे । समय बित्ने क्रममा कस्तूरीले गाउँको भन्दा खानपान, उठबस, बोलचाल आदि कुराहरूमा आफूलाई परिवर्तन गर्नपुग्दछे । त्यसपछि केही दिन कस्तूरीका सुखसँग बितेको देखिन्छ । यसपछि कस्तूरीलाई एक दिन फुपुले संगीत, कला सिकाउने ठाउँमा काममा लगाईदिन्छे भने त्यहाँ कस्तूरीले आफ्नो सतिŒव करकापमा परी गुमाउँन पुग्दछे । समयको क्रमसँगै त्यही पढ्ने एउटा ज्ञानबहादुर नामको केटासँग प्रेम विवाह गर्नपुग्दछे । कस्तूरीले विवाह गरेर गएको दार्जिलिङ्को कुनै गाउँमा गएर कस्तूरीले त्यहाँ धेरै दुःखहरू भोगेकी छे । त्यसपछि ज्ञानबहादुर एक दिन आफ्नै मन मिल्ने दौँतरी लिएर तराइतिर लाग्नपुग्दछ । यसरी कस्तूरी आफ्नो प्राणभन्दा प्यारो लोग्नेले अर्कीसँग विवह गरेपछि डेरा छोडेर 'मूल सडकतिर' लाग्दछे ।

कस्तूरीको चरित्र वास्तविक संसारलाई प्रतिनिधित्व गर्ने यथार्थ स्वरूपको रहेको छ । कस्तूरले भोगेका हरेक घटना क्रियाकलापहरू हाम्रै समाजका कुनै व्यक्तिले भोगेझैँ प्रतीत हुन्छ । यसले भोगेका हरेक क्षणमा पाठक संवेदित भई आफ्नो मनोभावलाई त्यसैअनुकूल बनाउँदछन् । कस्तूरीको दुःख पाउँदा पाठक पनि दुःखको अनुभूति गर्न पुग्छ । यसरी हेर्दा उपन्यासमा कस्तूरीको चरित्र यथार्थ रूपमा देखापर्दछ ।

उपन्यासको नायिका कस्तूरी अन्तर्मुखी स्वभावकी देखिन्छ । कस्तूरी माथि भएको भेदभाव, सौतेनी माम्लो, ठूलोले सानोमाथि गरेको अन्याय आदि क्रियाकलापको खुलेर विरोध गरेकी छैन । त्यसकारण ऊ आफ्ना दुःखहरू पनि अरूलाई सुनाउँदिन र ऊ एक अन्तर्मुखी चरित्रको प्रतिनिधित्व गरेकी छे ।

कस्तूरीको जीवनवृत्तलाई नै मूल कथानकको रूपमा प्रस्तुत गरिएको हुनाले ऊ उपन्यासको बद्ध पात्र हो । आदिदेखि अन्त्यसम्मका सम्पूर्ण घटनाहरूलाई जोड्ने काम कस्तूरीको चरित्रले नै गरेको छ ।

कस्तूरी उपन्यासको रङ्गमञ्जमा प्रत्यक्ष रूपमा देखापर्ने पात्र भएकाले ऊ मञ्चीय पात्र हो । उपन्यासको शुरुदेखि अन्त्यसम्म नै सकारात्मक कार्यहरू गरेकी हुनाले र उसलाई उपन्यासमा अनुकूल पात्रको रूपमा देखाउँदछ ।

### ३. परिवेश चित्रण

आख्यानात्मक कृतिमा परिवेशको महŒवपूर्ण भूमिका रहेको हुन्छ । परिवेश भन्नाले देश, काल र वातावरण बुझिन्छ ।[30] उपन्यासमा पात्रहरूले गर्ने कार्यकलाप वा घटनाहरू घट्ने स्थान, समय र त्यसको मानसिक प्रभावलाई परिवेश भनिन्छ ।[31] औपन्यासिक पात्रहरूले कार्यव्यापार गर्ने निश्चित स्थान र समय नै देशकाल हो । पात्रहरूको व्यक्तित्व र विचार सार्वजनीत भए पनि पात्र देशकाल विशेष हुन्छ । यसअन्तर्गत जीवनका कथा, रीतिरिवाज रहनसहन, व्यवहार, प्राकृतिकजस्ता कुराहरू परिवेश भित्र पर्दछन् । भौगोलिक विशेषता कतिपय संस्कारहरू पनि बोकेका हुन्छन् ।

[30] ऐजन ।

[31] ऐजन ।

त्यसैले देशकालको सम्बन्ध चरित्र, घटना र कथानक पनि रहन्छ ।[३२] उपन्यासमा हुने कार्यव्यापारले पाठकमा उत्पन्न हुने दुःखसुख, घृणा, क्रोध आदि भावनाको उद्बोधन र तिनको परितिप्ति नै वातावरण हो । देशकाल स्थानिक र कालिक हुन्छ भने वातावरण मानसिक हुन्छ ।[३३] परिवेशको प्रस्तुतिले उपन्यासमा कथानक विश्वसनीय बनाउन, चरित्रिक यथार्थताको पुष्टि गर्न र औपन्यासिक प्रभाव सिर्जना गर्न महŒवपूर्ण सहयोग गरेको छ ।[३४]

'मूल सडकतिर' उपन्यासमा कार्यव्यापार भएका वा घटना घटेका प्रमुख स्थलहरूमा भारतको दार्जिलिङ् जिल्लाको दार्जिलिङ् सहरको सेरोफेरो, गाउँ, गल्ली, घूम स्टेसन आसपास आदि रहेका पाइन्छ । उपन्यासको मुख्य पात्र एवम् नायिका कस्तूरी जीवन भोगाईको सन्दर्भमा हिँडेको, भोगेको भौगोलिक वर्णन उपन्यासमा गरिएको छ । त्यसैले कार्यव्यापार घटित भएको प्रमुख स्थान दार्जिलिङ् बजार आसपास रहेको छ ।

उपन्यासको प्रारम्भ दार्जिलिङ्को कुनै गाउँबाट भएको छ । उपन्यासकी केन्द्रीय नारी पात्र कस्तूरीको जन्मसँगै उपन्यासको प्रारम्भ भएको छ । कस्तूरीको जन्मसँगै उसका बाबु माहिला र आमा केवँरामा खुसियाली छाएको छ, भने समयको गतिसँगै कस्तूरीकी आमा फेरी गर्भवती भई नौँ महिनापछि एक छोरीको जन्म दिन पुग्दछे । त्यसपछि यस उपन्यासले नयाँ मोडतिर गति लिन पुग्छ कारण माहिलाले फेरी पनि केवँराले छोरी पाएको मूल समस्यालाई लिएर त्यही गाउँकी ऐरेनी नाउँकी आइमाईसँग विवाह गर्न पुग्छ । समय गतिसँगै कस्तूरी र उसकी बहिनी कान्छीका दिनहरू सधैँजसो घाँसपात, वनजंगल, मेलापात, पानी बोक्नु, घरधन्दा आदि सम्पूर्ण काम गरेर पनि बेलुका शान्तिसँग सुत्न पाइँदैन । यस उपन्यासमा प्रयोग गरिएका औपन्यासिक पात्रहरूको बोलिचाली रहनसहन, खानपान, उठबस आदि सम्पूर्ण परम्परित रहेको पाइन्छ । यस उपन्यासको माथि भनिएका कुराहरू कस्तूरीको विवाह भन्दा अगाडि वा सहर फुपूको घर जानु अगाडिको परिवेशको चित्रण गरिएको छ ।

---

[३२] ऐजन ।

[३३] ऐजन ।

[३४] ऐजन ।

त्यसपछि उपन्यासको परिवेशमा अर्को घटनाहरूले प्रभाव पारेको छ । एक दिनको कुरा हो कस्तूरीको दुःखसुख दिनहरू बितिरहेको समयमा सहरमा रहेकी उसकी फुपूले कस्तुरीलाई दार्जिलिङ् बजारको कुनै एक आफ्नो कोठामा लिएर जान्छे । त्यसपछिका कस्तूरी दिनहरू गाउँका भन्दा भिन्न खानापान, उठबस, बोलीचाली रहनसहन आदि सम्पूर्ण कराहरू फुपूले सिकाएकी छिन् । त्यहाँ कस्तूरीले गाउँको जस्तो कामकाज नभएर बजारे परिवेश ग्रहण गरेको देखिन्छ । त्यसपछि एक दिनको कुरा हो, उसकी फुपूले कस्तुरीलाई राम्रो बनाएर बजारको ठूलो महलतिर लगिन र त्यहाँ कस्तूरीलाई संगीत, कला सिकाउने ठाउँमा काम लगाइदिएको देखिन्छ ।

त्यहाँ कस्तुरीको कामकाजको साथै त्यहाँ काम गर्ने पाले, ढोकेहरू, सिक्ने सिकारु आदि व्यक्तिहरूबाट आफ्नो सतिŒव गुमाउन पुग्दछे । त्यहाँ यसरी समय बित्ने क्रममा त्यही संगीत सिक्ने ज्ञानबहादुर नाउँ गरेको केटाले मनपराएर प्रेमविवाह, प्रस्ताव राख्दछ र कस्तूरी पनि त्यस्तो पाशविक व्यवहार सहन नसकी ती दुईले प्रेमविवाह गर्दछन् । त्यहाँ उपन्यासको सबैभन्दा थोरै कार्यव्यापार भएको छ । उपन्यासमा कस्तूरीको सहरी वातावरण उसको मानसिक स्थितिसँग सम्बन्धित रहेको छ । कस्तूरी एउटी स्वच्छन्द गाउँले केटी थिई, भने सहरमा आएर यौनको नाममा उसको सतिŒव लुटिदिएका छन् । यस उपन्यासको थोरै अनुच्छेद ओगटेको बजारे परिवेशमा खोक्रो आडम्बर, बोलीचाली, व्यवहार, रहनसहन आदि कुराहरू चिरफार गर्ने काम उपन्यासकी नायिका कस्तूरीलाई अरूले गरेको व्यवहारबाट देख्न सकिन्छ ।

उपन्यासको सबैभन्दा बढी कार्यव्यापार घटित भएको कार्यस्थल दार्जिलिङ् जिल्लाको कुनै एउटा गाउँ रहेको छ जसमा कस्तूरीको पति ज्ञानबहादर घर रहेको छ । त्यहाँ ठाउँमा पहिलो पटक कस्तूरी पुगेकी छे । त्यहाँ ज्ञानबहादुरको घर, जग्गाजमिन परिवार रहेको हुन्छ । ज्ञानबहादुरका परिवार पनि खानपान, उठबस, रहनसहन, बोलिचाली आदि सम्पूर्ण कुरा पूरानो देशकाल, वातावरणका बोध हुन्छ । त्यसपछि कस्तूरीको जीवन सहरेबाट गाउँले हुनपुगेको छ र उसले त्यहाँ घाँसपात, घरधन्दा, मेलापात, पानी बोक्नु आदि सम्पूर्ण घरको काम गरेर पनि सासू, आमाज्यू आदि परिवारले गाली गर्दछन् । विवाह गरेर गएपछि कस्तूरीको जीवनमा एक पछि अर्को

दुःखका दिनहरू शुरु भएको छ । त्यसपछि समयको गतिसँगै ऊ पनि गर्भवती भएर एउटा छोराको जन्म दिन्छ र साह्रै बिरामी पर्छ । त्यसबेलाको सयममा बिरामी हुँदा औषधी उपचार गर्ने चलन नभएकाले लामा धामी लगाएर ठिक गरिन्छ । कस्तूरीले गाउँले दिनहरू बित्ने क्रममा ऊ पनि चारजनाको आमा बन्न पुग्छे भने उसको पति ज्ञानबहादुर केही काम गर्दैन । त्यसपछि कस्तूरीको जीवनमा समस्यामाथि समस्या आईलाग्छ भने उत्तरदायित्व पनि धेरै बढेको छ । त्यसपछि ज्ञानबहादुरले आफ्नी पत्नी र चारजना छोराछोरी छोडेर त्यही ठाउँकी मन मिल्ने दौँतरी लिएर तराईतिर लाग्दछ झन कस्तूरीको जीवनमा समस्याको पहाडले थिचेको देखिन्छ । त्यहाँ कस्तूरीले एउटा कोठामा चारजना छोराछोरी लिएर घरभाडा तिर्नु, स्कुल फिस तिर्नु, खानलगाउँन दिनु आदि समस्याहरू झेल्दै बसिरहेकी हुन्छे तर एक दिन घरमालिकले घर छाड्ने आदेश दिएपछि आफ्ना सामान, छोराछोरी लिएर 'मूल सडकतिर' लाग्दछे ।

यसरी प्रस्तुत उपन्यासको देशकाल, वातावरण र कार्यस्थल दार्जिलिङ्का वरपर रहेका गाउँहरू, बजारमा गल्ली, घूम स्टेसन आदि रहेका छन् । उपन्यासमा प्रयोग गरिएका पात्रहरू पनि पूरानो विचार धारणा ग्रहण गरेका छन् भने बोलीचाली, रहनसहन, धर्म, संस्कृति चाडपर्व, उत्सव आदि कार्यव्यापार उपन्यासको कार्यस्थल पात्रको विचारसँग सम्बन्धित भएर घटित भएका छन् ।

## ४. द्वन्द्वविधान

द्वन्द्व भनेको एक किसिमको विग्रह हो ।[घछ] यो औपचारिक र अनौपचारिक गरी दुई प्रकारको हुन्छ । औपचारिक द्वन्द्व प्रत्यक्ष रूपमा देखापर्दछ र यो बाहिरी रूपमै प्रस्तुत हुन्छ । सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक एवं पारम्परिक आदिका कारण उत्पन्न हुने झमेला नै बाहिरी द्वन्द्व हुन् भने बाहिर प्रकट नहुने तर मानसिक उतारचढाव मनस्थितिको असन्तुष्टि, वितृष्णा आदि अनेक आवेगसंवेगबाट वितृष्णा जागृत हुने प्रक्रिया नै आन्तरिक द्वन्द्व हो ।[घट] यसरी साहित्यिक कृतिहरूमा बाहिरी र भित्री द्वन्द्वहरूको राम्रो समायोजन गरिएको हुन्छ । यसबाट कृतिमा घटना, चरित्र,

[३५] ऐजन ।

[३६] ऐजन ।

कथानक एवं पर्यावरणलाई अग्रगति दिने काम हुन्छ र त्यसबाटै सही तथ्यको निर्धारण पनि हुन्छ । यसैले आख्यानात्मक कृतिहरूमा द्वन्द्वको प्रमुख भूमिका रहन्छ ।[३७] यसै परिप्रेक्ष्यमा 'मूल सडकतिर' उपन्यासमा अवस्थित द्वन्द्व बाह्यभन्दा आन्तरिक रूपमै रमाएको छ । पात्र-पात्रका बीचमा, पात्र र परिस्थितिका बीचमा तथा पात्र र समाजबीचमा द्वन्द्व यस 'मूल सडकतिर' उपन्यासमा रहेको छ ।

'मूल सडकतिर' उपन्यासमा आन्तरिक भन्दा बाह्य द्वन्द्व बढी रहेको पाइन्छ । उपन्यासको सहायक नारी पात्र केवँराले नौ महिनाको गर्भधान पश्चात एक छोरीको जन्म दिन पुग्दछे । त्यसपछि केवँराले पुनः नौ महिनाको गर्भधारण गरेकी छे, त्यसैबीच माइलाले फेरी जन्मने बच्चामा छोराको आकांक्षा राख्दै यसो भनाई भनेको छ, 'दाँत दुख्न थालेपछि एक दार्शनिक पनि मान्छे मात्र भएर देखापर्दछ भनेजस्तो माइला पनि एक एक ज्ञानका विधाहरू भुलाएर दया, माया, धैर्य धर्म, सब सब भुलाएर छोरो चाहिन्छ छोरो' मात्र बोलिरहने खालका पागलझैँ भएर देखापरे ।

केवँराले पुन अर्को बच्चाको जन्मदिन पुग्दछे, त्यो जन्मिएको बच्चा छोरा नभएर छोरी भएका कारण ती दुई पतिपत्नीका बीच आन्तरिक रूपमा घरझगडा भई माहिलाले दोस्रो पत्नी ऐरेनी नामकी आईमाईसँग घरजम गर्नपुग्नु, यस उपन्यासको बाह्य द्वन्द्व हो भने केवँराभित्र घटिरहेको अनेक कामकुराहरू आन्तरिक द्वन्द्वको रूपमा लिन सकिन्छ । यसरी उपन्यासमा माहिलाले छोराछोरीको कुरा लिएर दोस्रो विवाह गर्नु व्यक्ति व्यक्तिबीच द्वन्द्व र व्यक्ति र समाजबीच द्वन्द्व रहेको देखिन्छ ।

'मूल सडकतिर' उपन्यासको मध्य भागतिर व्यक्ति र परिस्थितिबीचको द्वन्द्व रहेको छ । कस्तूरी यस उपन्यासकी केन्द्रीय नारी पात्रको भूमिका निभाएकी छे । ऊ एकदिन सहरमा रहेकी आफ्नी फुपूले उसलाई सहरमा लिएर जान्छिन, त्यहाँ ऊ गएपछि सहरमा लिएर जान्छिन्, त्यहाँ ऊ गएपछि गाउँको भन्दा भिन्न प्रकारको खानपान, उठबस, बोलिचाली, रहनसहन आदि व्यवहार ग्रहण गर्नपुग्दछे । त्यसपछि एक दिन उसकी फुपूले दार्जिलिङ् बजारको कुनै एक ठूलो महलमा ठाउँमा चित्रकारी, पूजा-आजा, खान पकवान, कोठाको साजसज्जा आदि काममा लगाईदिन्छे । त्यसपछि

---

[३७] राजेन्द्र सुवेदी, **नेपाली उपन्यास परम्परा र प्रवृत्ति**, भूमिका प्रकाशन, वाराणसी भारत पृ. १८ ।

उसको दिनहरू सुखसँग बितिरहेको हुन्छ भने त्यहाँ कस्तूरीको ढोके पाले जवानहरूले सतिŒव लुटिदिन्छ । त्यहाँ उसलाई सहरी रहनसहन, उठबस, खानपान आदि कामकुराबाट धेरै नै उसको मनमा आन्तरिक द्वन्द्व देखिन पुग्छ । उसको उपन्यासमा यस प्रकारको द्वन्द्वलाई व्यक्ति र परिस्थितिसँगको द्वन्द्व भन्न सकिन्छ ।

### ५. विचार, उद्देश्य

विचार उपन्यासको उद्देश्यसँग सम्बन्धित हुन्छ । औपन्यासिक कृतिमा कुनै न कुनै विचारलाई प्रस्तुत गरिएको हुन्छ र त्यही विचारको आधारमा कथानकको संरचना तयार भएको हुन्छ ।[घड] कुनै उद्देश्यको निम्ति उपन्यास लेखिएको हो अर्थात् समग्र उपन्यास पढिसकेपछि त्यसैले प्रदान गर्ने अभिप्राय नै विचार वा उद्देश्य हो । विचार वा उद्देश्यमा पात्रहरूले पौडिने र खेल्ने स्वतन्त्रता प्राप्त गर्दछन् भने लेखकले तिनकै माध्यमबाट आफ्ना धारणाहरूलाई मिलाएर सम्प्रेषण गर्ने काम गर्दछन् । उपन्यासकार उपन्यासमा कथानक, चरित्र र भाषामार्फत विचारको पनि संरचना गर्दछ । त्यही विचारको निष्कर्ष नै उद्देश्य हो ।[घढ]

मूल सडकतिर उपन्यासको विचार वा उद्देश्य आर्थिक रूपले असमान समाजमा व्याप्त गरिबी, सौतेनी माम्लो, छोराछोरीलाई हेर्ने दृष्टिकोण मूलतः उपन्यास नारी बाहुल्य भएको कृति हो । नारीका अन्तर्वेदना विवशता, बाध्यता एवं मानसिक जस्ता कुराहरूलाई प्रकाश पार्ने हेतुले उपन्यासको रचना भएको विश्लेषणबाट स्पष्ट भइसकेको छ ।

मूल सडकतिर उपन्यासले समाजमा रुग्ण विवशता, सौतेनी माम्लो, विस्थापित, बाध्यता अशिक्षा, गरिबीमा जेलिएका नारीहरूको यथास्थितिलाई विषयवस्तु बनाई प्रस्तुत गरिइएको छ । दार्जिलिङ् जिल्लाको कुनै एउटा गाउँलाई कार्यपीडिका बनाई त्यसैबाट उपन्यासको भावको व्यापकता दिइएको छ । मूल सडकतिर उपन्यास विशेष गरी नारीको जीवनगाथाकै सेरोफेरोमा उपन्यासको आयम फैलिएको छ समाजसामु प्रस्तुत गर्नु यस उपन्यासको मूलभूत उद्देश्य हो । यसमा प्रयोग गरिएका औपन्यासिक

---

[३८] ऐजन ।

[३९] ऐजन ।

पात्रहरू दुःख, पीडा, विवशता, बाध्यता एवं रुग्णताले जेलिएका र कतिपय आर्थिक विषमताका कारण जीवनको भावी लक्ष्य समेत बनाउन नसक्ने देखिन्छन् । यस उपन्यासमा कतिपय यस्ता पात्र छन् जसको जीवनरेखा हेर्दा करुणभाव ज्वलन्त रूपमा देख्न सकिन्छ । तिनीहरूप्रति श्रद्धा, सहानुभूति तथा अनुराग उत्पन्न हुन्छ । यो पात्रको मात्रै समस्या नभएर समग्र मानवीय जीवनको समस्या हो । दार्जिलिङ् जिल्लाको कुनै गाउँकै सरोफेरो र त्यस उपन्यासमा घटित घटनाहरू त्यसको व्यवहारले विश्वकै त्यस्ता गरिब र असहाय व्यक्तिहरूप्रति सहानुभूति जगाउँछ ।

उपन्यासकी केन्द्रीय पात्र कस्तूरीको जन्मसँग उपन्यासको थालनी हुन्छ भने उसकी आमा केवँरा पुनः गर्भधारण गरी नौँ महिना पछाडि एक छोरीकै जन्म दिन पुग्दछे । त्यसपछि यस मूल सडकतिर उपन्यासले नयाँ गति लिएको देखिन्छ कारण कस्तूरीको बुबा माहिलाले छोरी मात्र जन्माएको भनी पत्नीलाई सम्पूर्ण दोष दिएर त्यही गाउँकी ऐरेनी नाम गरेकी आइमाईसँग घरजम गर्नपुग्दछ । यस उपन्यासको थालनी भागमै यस्तो छोराछोरी प्रतिको दृष्टिकोण हाम्रो नेपाली समाजमा रहेको समस्याको उपज हो भने सौतेनी माम्लो एक किसिमको नारीप्रतिको दमन, अत्याचारको चरम सिमा हाम्रो समाजको विध्यमान मूल समस्या हो ।

यसरी उपन्यासको मध्य भागमा पनि नारीप्रतिको दमन, अत्याचार, शोषण देख्न सकिन्छ । कस्तूरीलाई उसकी सहरमा रहेकी फुपूले लगेपछि त्यहाँ उसले गाउँले वातावरण त्यागी सहरी वातावरण ग्रहण गर्नपुग्छे । त्यसपछि ऊ कुनै संगीत कला सिकाउने ठाउँमा काम गर्न शुरु गर्दछे । त्यहाँ उसलाई त्यही काम गर्न व्यक्तिहरूले पाशविक तरिकाले उसको अस्मिता लुट्नपुग्दछन् । त्यसपछि उसलाई त्यही संगीत, कला पढ्ने सिक्ने ज्ञानबहादुर नामको एउटा केटाले प्रेमविवाह गर्दछ । त्यसपछि दार्जिलिङ् जिल्लाको कुनै एउटा गाउँमा लिएर जान्छ त्यहाँ उसले घरको धन्दा, घाँसपात, पानी बोक्नु आदि काम गर्दा उसका परिवार खुसी नहुनु । त्यहाँ उसले समय बित्ने क्रममा चार जनाको आमा बन्न पुग्नु, उसको लोग्ने ज्ञानबहादुर केही कामकामज नगर्नु, केही समयपछि ज्ञानबहादुर कम गर्न थाल्नु, त्यसपछि ज्ञानबहादुर कमाएको पैसा जाँडरक्सी, रण्डीवाजी गरेर हिँड्नु, घरको, छोराछोरीको, पत्नीको वास्ता

नगर्नु, केही समयपछि आफ्नो दौँतरी मिल्ने लिएर तराईतिर लाग्नु, कस्तुरीको दिनहरू दुःखैदुःखले बित्नु, छोराछोरीको पढाई, घरको, भाँडा, खाने पिउँने बन्दोबस्त मिलाउनु, एकदिन घरसाहुले घर छोड्ने आदेश दिएर कस्तुरी 'मूल सडकतिर' लाग्नु आदि उपन्यासमा घटेका घटित घटनाहरू हुन् ।

'यस उपन्यासमा कस्तुरीलाई केन्द्र बनाएर उसका जीवनमा आइपरेका डरलाग्दा दुःखद घटनाहरू, मानसिक उतारचढाव आदिलाई मूल विषय बनाएर मुलुकमा सानी जस्ता कैयौँ नारीहरूको यथार्थ जीवनलाई देखाउने उद्देश्य वा विचार राखिएको छ ।

(क) समाजमा नारीको अस्तित्व के हो र कस्तो हुनुपर्छ अनि कसरी परिचालन भइरहेको भन्ने कुरा माथि स्पष्ट पार्नु,

(ख) मानवीय प्रेम र त्यसको औचित्यबारे विश्लेषण र प्रेमको मूल्य एवं मान्यताका सम्बन्धमा व्याख्या गर्नु,

(ग) नारीका विवशता, बाध्यता, रुग्णता, मर्यादा आदि कुराहरूको व्यवहारिक पुष्टि गर्नु आदि ।

यसप्रकार आफ्ना बाबुले आमा केवँरालाई सौता हालेको, आफ्नो आउँदो दिनहरू दुःखसँग बितेको, त्यसपछि प्रेमविवाह गरेर पनि आफ्नै पतिले सौता ल्याएको आदि नारी समस्यालाई केन्द्र बनाएर समाजका खोक्रा रीतिरिवाज, परम्परा, संस्कृति, धर्म तथा आदर्शले कस्तूरीजस्ता कैयौँ नारीको उल्लासमय जीवनलाई अन्त्य गराइरहेको कुरालाई स्पष्ट रूपमा देखाइदिनु यस उपन्यासको एकमात्र विचार वा उद्देश्य हो ।

### ६. कुतूहलता

उपन्यास आकृतिमा दृष्टिले बृहत् हुन्छ र यस बृहतकार्यका पूर्वापर प्रसङ्गको शृङ्खला एकान्वित हुनुपर्छ । त्यस अन्वितिले उपन्यासको आद्यान्त शृङ्खलित गरेको हुन्छ । यस शृङ्खलालाई उपन्यासमा कुतूहलताले जोडेको हुन्छ । पाठकमा जिज्ञासु,

भावना, जगाइराख्न मद्दत गर्दछ । मूल र कोणप्रसङ्गहरूलाई मूल मूल कथासँग जोडेर पढ्ने अभिरूचि पाठकमा जगाइराख्छ ।[40]

कुतूहलको दृष्टिले 'मूल सडकतिर' उपन्यासको कथानकलाई हेर्दा यसमा कुतूहलताको उत्कृष्ट सिर्जना गरिएको पाइन्छ । सुरुदेखि अन्त्यसम्म नै सुरूचिपूर्ण तरिकाले कथानकलाई अगाडि बढाइएको हुनाले पाठकमा निरन्तर आकर्षक उत्पन्न गर्ने काम उपन्यास गरेको छ । यस उपन्यासको आरम्भ दार्जिलिङ्को कुनै गाउँमा केवँरा नामकी आइमाई गर्भवती शरीर लिएर गाई गोठतिर लागेकी छे भने त्यसपछि व्यथाले च्यापेर एक दिन छोरीको जन्म दिनुपुग्छे । त्यहाँ हुँदा कस्तो व्यवहार देखाउँछ । त्यसपछि केवँरालो दोस्रो गर्भधान नौ महिना पछि पुनः एक छोरीको जन्म दिनपुग्छे । अब उसको पति माहिलाले के गर्छ ? दोस्रो विवाह गर्छ कि गर्दैन, पाठकमा एक प्रकारको कुतूहल उत्पन्न हुन्छ ।

उपन्यासको सहायक पुरुष पात्र माहिलाले त्यही गाउँकी ऐरेनी नाउँकी आइमाईसँग घरजम गर्नपुग्छ, त्यसपछि माहिलाले पहिलो पत्नी कस्तूरीलाई र ऐरेनीसँग राख्छ राख्दैन छोरीहरूलाई माया गर्छ गर्दैन आदि कुतूहलता पाठकमा उपन्यास पढ्दै जाँदा उत्पन्न हुनपुग्छ ।

त्यसपछि उपन्यास अगाडि बढ्ने क्रममा एकदिन केवँराको अचानक मृत्यु हुन्छ अब त्यहाँ जेठी छोरी कस्तूरी र कान्छीको रेखदेखमा के कस्तो व्यवहार ऐरेनीले गर्दछे भन्ने पूर्ण रूपमा कुतूहल जाग्दछ । यसरी उपन्यास अगाडि बढ्ने क्रममा कस्तूरी पनि ठूली हुँदै जान्छ भने सहरमा लिएर जान्छे । त्यसपछि कस्तूरी सहरमा के गर्छे ? कस्तो जीवन बिताउँछे ? भन्ने जस्ता कुतूहलता उत्पन्न हुन्छ ।

अर्को घटना उपन्यासको मध्यभागतिर पाउन सकिन्छ । कस्तुरीसहरमा फूपुले लगाईदिएको ठाउँमा काम गर्न थाल्नु त्यहाँ उसलाई त्यहाँका कामदारहरूले के-कसो व्यवहार गर्दछन् भने त्यही पढ्ने सिक्ने ज्ञानबहादुरले भनै केटासँग कस्तूरीले प्रेमप्रसङ्ग चल्छ, उसले त्यस केटासँग विवाह गर्छे कि गर्दिन भन्ने पाठकमा जिज्ञास जाग्दछ ।

---

[४०] राजेन्द्र सुवेदी, **नेपाली उपत्यास परम्परा र प्रवृत्ति,** वाराणसी, भारत, पृ. २० ।

त्यसपछि उपन्यासको उत्तरार्द्धतिर पनि यस्ता दुर्घटनामय परिस्थितिहरू उपन्यासहरू जीवन्त बनेका छन् । कस्तूरीले दार्जिलिङ्को कुनै गाउँमा बस्ने ज्ञानबहादुरसँग प्रेमविवाह गरेर ज्ञानबहादुरले बाइसाइकलमा राखेर घूम स्टेसन हुँदै ज्ञानबहादुरले गाउँतर्फ लाँदै गर्दा कस्तूरीमा मानसिक रूपमा एकदमै कस्तो होला घर, परिवार, ठाउँ आदि कुतूहल उत्पन्न भएको छ ।

कस्तूरीले विवाह भएको केही समय घरका परिवारले राम्रो व्यवहार गरे पनि पछिपछि उनीहरूको व्यवहार नराम्रो हुनथाल्यो । त्यसपछि उसको दिनहरू घरधन्दा, घाँसपात, गाइगोठ आदि गरेर दिनचर्या बित्न थाल्नु तर घरका परिवार चित्त बुझाउँन नसक्नु, समय बित्ने क्रममा ऊ पनि चार जनाको आमा बन्नु तर उपन्यासकारले यी सबै घटना, परिस्थिति घटिरहँदासम्म ज्ञानबहादुरलाई काही उपन्यासमा उल्लेख गर्नु जस्ता कुराले पाठकमा ज्ञानबहादुर कहाँ, के गर्दैछ भन्ने जिज्ञासा पैदा हुनपुग्दछ ।

अर्को घटना उपन्यासम के छ भने एक दिन ज्ञानबहादुर बंगला अफिसमा काम थाल्छ । त्यसपछि कस्तूरीलाई सहरमा लिएर जान्छ । त्यसपछि कस्तूरीको जीवनमा दुःखका दिनहरू बिते भने आउने जीवन उल्लासमय हुन्छ वा हुँदैन, फेरी दुःखका दिनहरू सुरु हुने कोही जस्ता कुराहरू पाठकमा कुतूहलता उत्पन्न पुग्दछ ।

त्यसपछि कस्तूरीको दिनहरू बित्ने क्रममा एक दिन अचानक उसको पति ज्ञानबहादुरले बंगला अफिसको जागिर सारेर तराईतिर बनाएछ भने आफ्नो मन मिल्ने दौंतरी लिएर तराईतिर लाग्दछ त्यसपछि कस्तूरी ती आफ्ना चारजना छोराछोरी कसरी पाल्छे, के काम गर्छे, फेरी ज्ञानबहादुरसँग तराईतिर लाग्छे वा आत्महत्या गर्छे आदि कुराहरू पाठकको मानसिकतामा जिज्ञासा उत्पन्न हुन्छ ।

यसरी हेर्दा यो ‘मूल सडकतिर’ उपन्यास मानसिक पीडा र दर्दमय जीवनकै सेरोफेरामा रचिएको हुनाले यसको गुदी कौतूहलमय बनेको छ । औपन्यासिक तŒवका परिधिभित्र फेरो लगाउँदै जाँदा कथावस्तु, कथानक, चरित्र, घटना, बीचमा वातावरण एवं संवाद समेतलाई विशेषत कौतुहल झल्किन्छ । उपन्यासकारले एउटा सिमित परिवेशमा उपन्यासलाई बाँधेर प्रस्तुत गरे पनि मूल सडकतिर उपन्यासमा कस्तूरीको दुःख, पिडा, वेदना, रुग्णता, कुण्ठा विस्थापन, सामाजिक पिडा, सौतेनी

माम्लो आदि समस्याहरूको जालोमा जेलिएर उसकै सेरोफेरोमा उपन्यासको आदिभागदेखि अन्त्य गरिएको छ ।

## **७. भाषाशैली**

भाषा र शैली दुई शब्दको योगबाट भाषाशैली समस्त शब्द बनेको छ । भाषा मानवीय सञ्चारको साधन हो । समाजका व्यक्तिहरू बीच सञ्चार गर्न प्रयोग गरिने यादृच्छिक वाक्प्रतीकहरूको व्यवस्थालाई भाषा भनिन्छ ।[४१] साहित्य भाषाको माध्यमबाट अभिव्यक्त हुने कला हो । उपन्यास भाषाद्वारा मूर्तरूपमा प्रकट हुने साहित्यिक कला हो र यो भाषाकै रूपमा शक्तिशाली बन्दछ । उपन्यासमा कथावस्तुको विस्तार र विचारको प्रस्तुति पनि भाषाकै माध्यमबाट गरिन्छ ।[४२] जीवनजगत्को यथार्थ अभिव्यक्ति गर्ने साहित्यक विधा भएको उपन्यास गद्य भाषाको प्रयोग गरिन्छ । उपन्यासमा भाषाको प्रयोग मूलतः दुई किसिमबाट भएको हुन्छ । पहिलो किसिमको भाषा उपन्यासका आफैले प्रयोग गरेको हुन्छ र यो लेखकीय स्तरअनुरूप बढी कलात्मक र औपचारिक हुन्छ भने दोस्रो प्रकारको भाषा पात्रहरू बीच एको संवादमा प्रयोग गरिएको हुन्छ र यो पात्रका स्तर अनुरूप हुनुका साथै बढी अनौपचारिक अर्थात् बोलचालको भाषा प्रयोग गरिएको हुन्छ ।[४३]

शैलीलाई उपन्यासको छुट्टै तŒवको रूपमा पनि चर्चा गर्न सकिन्छ । शैली भनेको रचनाकारको त्यस्तो विशिष्ट रचनाकर वा अभिव्यक्ति हो । शैली भनेको अभिव्यक्तिको ढङ्ग हो र यो व्यक्तिपिच्छे फरक हुन्छ । शैलीले नै लेखकको विशिष्टतालाई पहिचान गराउँछ । भाषा उपन्यास स्थूल तŒव हो र शैली सूक्ष्म तŒव हो ।

भाषाशैलीको दृष्टिले मूल सडकतिर उपन्यास मध्यम स्तरको रूपमा देखापर्दछ । यसको भाषा सरल, सहज एवम् वर्णनात्मक देखिन्छ । निम्नवर्गीय चरित्र र औपन्यासिक विषयवस्तु सुहाउँदो रहेको छ । यस उपन्यासको भाषा पात्रका

---

[४१] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. ४२, ४३ ।

[४२] ऐजन ।

[४३] ऐजन ।

स्तरअनुसार सर्वसाधारणले पनि सजिलै बुझ्न सक्ने सरल रहेको छ । झर्रा नेपाली शब्दहरूको अत्यधिक प्रयोगले पनि उपन्यासको भाषा सरल, स्वाभाविक र गतिशील बनेको छ । तत्सम र तद्भव स्रोतका शब्दहरूका साथै विभिन्न भाषाहरूबाट आएका आगन्तुक शब्दहरूको पनि प्रयोग भएको छ ।

मूल सडकतिर उपन्यासमा संस्कृत भाषाका शब्दहरू प्रयोग गरिएको छ । संस्मरण, अतीत, सुख, दुःख, दर्शन, वातावरण, आश्रय, ज्वाला, घृणा, भीषण, शिथिल, हीनताबोध, हण्डर, आक्रोस आदि भएको छ ।

मूल सडकतिर उपन्यासमा विभिन्न भाषाबाट आएका आगन्तुक शब्दहरूको प्रयोग पनि थोरै मात्रामा गरिएको छ । त्यस्ता शब्दहरूको केही नमुना यसप्रकार छ ।

अङ्ग्रेजी क्यानभास, होटल, पुलिस, अफिसर, विल्डिङ, पाउडर, क्रिम, स्टेसन, टेबल,

फारसी शब्दहरू : दुष्मन, आवारा, मजदुर, जहान, बादिली

मूल सडकतिर उपन्यास झर्रा नेपाली शब्दप्रयोगका दृष्टिले निकै सम्पन्न छ । नेपाली ठेट तथा अनुकरणात्मक शब्दहरूको प्रयोगले उपन्यासको भाषालाई गतिशील बनाएको छ ।

सुटुक्कै, लरक्क, धपक्क, सेताम्मे, थचक्क, थाङ्ना, हुरुक्कै, चकमन्न, घङ्घडी, फटाफट, लम्फू, लहलह अदि ठेट नेपाली शब्द र अनुकरणात्मक शब्दहरूको अत्यधिक प्रयोगले भाषिक सौन्दर्यमा अभिवृद्धि गरेको छ ।

द्वित्व शब्द र निपातहरूको प्रयोगले 'मूल सडकतिर' उपन्यासको भाषालाई सरल र सरस बनाएको देखिन्छ । हल्लाखल्ला, चुपचाप, उकुसमुकुस सानोतिनो, मालताल, भोकभोकै, भित्रभित्रै, घरीघरी आदि द्वित्व शब्दहरू र, नि, नै, त, रे, कठै, ए, भैलै आदि निपातहरूले प्रयोगले उपन्यासको भाषालाई मीठो र बोलचालयुक्त बनाएको छ ।

यस ‘मूल सडकतिर’ उपन्यासमा उखानटुक्का प्रयोग गरिएको छ तर उखान भन्दा बढी टुक्का प्रयोग यसरी भएको छ जस्तै हातमुख जुटाउनु, खल्लो लाग्नु, धपक्क बल्नु, कुरा लुकाउनु, लात हान्नु, बाटो काट्नु ।

उपन्यासमा आलङ्कारिक भाषाको प्रयोग यसरी भएको छ । यसरी नै छुट्नु भन्ने थियो छुट्नपर्‍यो । यतिञ्जेल एकै ठाउँ एकै नाउँ र एकै घुरामुनि दुबो जस्ता भएर मौलिराखेका थियौं अहिले भै र आकाश जस्ता छुट्टाछुट्टै हुनुपर्‍यो ।

आफ्नै बगैंचामा टुसाएको कलिलो यो गुलाफमा कीरा नलागोस् हावा बतासले ढली-मली नपारोस् । दार्जिलिङ्को स्थानीय भाषिकाको प्रयोग यस उपन्यासमा यसरी भएको छ ।

कसो ता साथी, मालिक मालिक्नीले ता

खुब पो सोध्छ ता आजकल ।

बस, न ता त्यो केही देख्तथी, न ता त्यो केही सुन्दथी ।

**गीति भाषाको प्रयोग** यस उपन्यासमा यसरी भएको छ । यो गीत ज्ञानबहादुरले कस्तूरीका लागि गाएको थियो ।

डेनी डेनी गिभ मी यो आन्स टु,

आइ एम क्रेजी अल फर द लभ अफ यू ........

“ए कान्छा ! मलाई सुनको तारा खसाइदेउन”

“त्यो तारा मातरै होइन जुन पनि झारिदिउँला”

यसरी प्रस्तुत उपन्यासमा पात्र अनुकूल मध्यम स्तरको भाषा प्रयोग गरिएको छ भने स्थानीय, भाषा, गीत, तत्सम्, तद्भव आदि भाषाको प्रयोग गरिएको छ ।

## परिच्छेद : पा“च

# उपसंहार

वि.सं. १९८४ सालमा दार्जिलिङ्को जिल्लाको सुकियापोखरी ग्रामीण क्षेत्रमा जन्मिएर सहरिया परिवेशलाई शिक्षा आर्जन र कर्मक्षेत्र बनाएका वीरेन्द्र सुब्बाले आफ्नो कवितायात्राको झण्डै चार दशक लामो समय पार गरिसकेका छन् । यस बीचमा उनले गद्यकार माध्यमबाट नेपाली साहित्यका फाँटमा महŒवपूर्ण योगदान दिएका छन् ।

निम्नमध्यम परिवारमा जन्मेका वीरेन्द्र सुब्बाले प्रारम्भिक शिक्षा सुकियापोखरीमा सञ्चालित (म्युनिसिपल) प्राप्त गरी दार्जीलिङ् सरकारी स्कुलबाट म्याट्रिक पास गरे र त्यसपछि आइ.ए. सम्मको शिक्षा बापत गरेका छन् ।

शीर्षकको कविता लेखनबाट कविता यात्रा सुरु गरेका सुब्बाले साहित्य साधनामा क्रियाशील बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा केदारमान व्यथित, सिद्धिचरण श्रेष्ठ आदि कविहरूको साहित्यिक सिर्जनशीलताबाट वीरेन्द्र सुब्बा प्रभावित भई कविता सिर्जनामा संलग्न भएका हुन् । त्यसै  गरी हिन्दी, उर्दू र प्रसिद्ध पाश्चात्यका महान् साहित्यकारहरूबाट पनि उनले प्रभाव र प्रेरणा हासिल गरेका छन् ।

सानैदेखि तीक्ष्ण बुद्धिका धनी तथा मातृभूमिप्रति अगाध स्नेह र ममता राख्ने सुब्बा सुरुमा कलेक्टरको पेशा गरेको पाइन्छ । त्यसपछि उनले पेशा गर्ने क्रममा कहिले अस्थाई कहिले स्थाई काम गरेका पनि विभिन्न साहित्यिक तथा सामाजिक सङ्घ संस्थाहरूमा क्रियाशील भएको पाइन्छ । त्यसै गरी उनले साहित्यिक गतिविधि एवम् अन्य विविध कार्यका सिलसिलामा स्वदेशका केही जिल्लाहरू र भारतका प्राय मुख्य सहरको भ्रमण गरिएको देखिन्छ ।

यसरी विविध किसिमको अध्ययन हासिल गरेका सुब्बा वि.सं. २००२ सालपछि तत्कालिन दार्जिलिङ समाज परिवेश आफ्नो परिवार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चेतनाको प्रभाव अनि पूर्वीय र पाश्चात्य प्रसिद्ध साहित्यकारहरू साहित्यिक कृतिहरूको गहन

अध्ययन गरेका उनी पनि आफै एकान्तप्रेमी तीक्ष्ण बुद्धि कोमल हृदय भएका व्यक्ति छन् । उनमा अन्तर्निहित नैसर्गिक कवि सुलभ गुणले गर्दा कविता सिर्जनामा क्रियाशील भएका छन् ।

वीरेन्द्र सुब्बाले वि.सं. २००२ सालमा देखि लेखन आरम्भ गरी पहिलो कविता 'लौ'व शीर्षकमा गोर्खा पत्रिकामा (वर्ष १ अंक ७) १९४५ मा प्रकाशित कविताका माध्यमबाट औपचारिक रूपले सिर्जना क्षेत्रमा देखापरेका छन् । साहित्य सिर्जनातर्फ कविता, उपन्यास र नाटक क्षेत्रमा कलम चलाए पनि उनलाई साहित्यकारका रूपमा स्थापित गर्ने उर्वर एवम् प्रभावशाली क्षेत्र चाहिँ कविता सिर्जना नै हो । त्यसैगरी सम्पादक, चित्रकार र बहुभाषिक उनको साहित्यिकता व्यक्तित्वलाई चिनाउने महŒवपूर्ण पाटाहरू हुन् ।

बहुआयामिक व्यक्तित्वका धनी कवि सुब्बाको एकान्त (२००६) कवितासङ्ग्रहमा उनका जम्म १३ वटा लघु आयामका गद्य कविताहरू सङ्कलित छन् । त्यसैगरी उनको अर्को कवितासङ्ग्रह मेघमाला (२०१९) कवितासङ्ग्रह लेखक स्वयमले दार्जिलिङ्बाट प्रकाशित गरेका हुन् । त्यसपछि उनको अर्को कवितासङ्ग्रह कुसुम-छोरी (२०२५) मा जगदम्बा प्रकाशले प्रकाशित  गरी यसमा जम्मा ४२ वटा लघु आयामका गद्य कविताहरू सङ्कलित छन् । त्यसपछि उनको ३६ अन्तिम कवितासङ्ग्रह स्वर्णिमा २०३७ कवितासङ्ग्रह प्रकाशित भएको छ । यस सङ्ग्रहमा उनका लघु आयामका ३६ वटा गद्य कविताहरू सङ्कलित छन् । यसै गरी नाटकका क्षेत्रमा लघु नाटक फिष्टा (२०३१) मा सफा प्रकाशनले प्रकाशित गरेको थियो । त्यसपछि उनको एक उपन्यास मूल सडकतिर (२०२५) मा साझा प्रकाशनले प्रकाशित गरेको थियो ।

यसरी कविता, उपन्यास एवम् लघु नाटक क्षेत्रमा कलम चलाएर सुब्बा बहुमुखी व्यक्तित्वका रूपमा स्थापित भएका छन् तापनि कवि व्यक्तित्व नै उनको उर्वर रहेको छ ।

वि.सं. १९९१ सालदेखि नेपाली कविता परम्परामा लक्ष्मीप्रसाद देवकोटा र सिद्धिचरण श्रेष्ठको नेतृत्वमा प्रारम्भ भई देवकोटाकै केन्द्रीयतामा फस्टाएको

स्वच्छन्दतावादी प्रगतीवादी धारा र त्यसपछि आयामेली कविहरूद्वारा विकास भएको प्रयोगवादी कविता लेखन परम्परामा भाव र शैली दुवैमा नवीनता अँगालेर स्वच्छन्दतावादी, प्रगतिवादी र प्रयोगवादी धारामा थप योगदान पुऱ्याउनु नै कविको मुख्य योगदान रहेको छ ।

जीवनको क्रममा प्राप्त विभिन्न भाव विचार र अनुभूति विशेषको सम्पूर्ण अभिव्यक्ति नै कविता हो । उनले आफ्ना सम्पूर्ण कविताहरू शास्त्रीय छन्दमा नबाँधी स्वतः स्फूर्त गद्य लयमा रचना गरेका छन् । कवि सुब्बाले साहित्य सिर्जनाका निमित्त देशमा स्वतन्त्रता शान्ति एवम् उन्मुक्त वातावरणको आशा गरेका छन् ।

वि.सं. २००२ सालदेखि लेखन प्रारम्भ भई हालसम्म साधनारत कवि सुब्बाको कवितायात्रामा वर्तमान सम्म निरन्नरता दिएको पाइन्छ । सुब्बाको कवितायात्राको प्रारम्भदेखि २००६ सालसम्मको अवधिमा रचना गरिएका कविताहरूको सँगालो 'एकान्त' मा सङ्गृहीत १३ वटा कविताहरू जीवनको प्रारम्भमा लेखेका छन् ।

सुब्बाले आफ्नो पहिलो कवितासङ्ग्रह एकान्त मा सामाजिक, प्रकृतिप्रेम, विश्वप्रेम आदि विषयवस्तुमा केन्द्रित रहेर कविता लेखेका छन् । यस सङ्ग्रहका उनका कविताहरू ४ हरफदेखि २२ हरफसम्मका रहेका छन् भने लघु आयामका कविता रचना गर्नु प्रवृत्तिगत विशेषता हो । गद्य कवितात्मक लयलाई आत्मसात् गर्दै नयाँनयाँ बिम्ब र प्रतीकको प्रयोग गरी तत्सम् तद्भव तथा आगन्तुक शब्दहरूको संयोजनबाट सरल, सहज, स्वच्छन्द एवम् सम्प्रेषणयुक्त भाषाको प्रयोग अनि प्रथम र तृतीय पुरुष दृष्टिविन्दुमा कविता रचना गर्नु नै सुब्बाको वैशिष्ट्य रहेको छ ।

उनको दोस्रो कवितासङ्ग्रह मेघमाला हो जसमा पूर्ण स्वच्छन्दतावादी प्रवृत्ति ग्रहण गरेको देखिन्छ । यस कविता सङ्ग्रहमा ४७ वटा लघुत्तम कविताहरू रचना गरेका छन् । यस चरणमा उनले तीन पङ्क्तिदेखि ४७ पङ्क्तिसम्मका कविताहरू रचना गरेका छन् भने कवितामा वैयक्तिक जीवनबाट माथि उठेर राष्ट्रभक्त मानवतावादी, प्रकृतिप्रेम, प्रणयप्रेम, प्रकतिको मानवीकरण भावना केन्द्रित भएको छ । यस सङ्ग्रहमा प्रयोग गरिएको नवनि बिम्ब र प्रतीकको प्रयोगले अझ कलात्मक थपिएको छ । यस सङ्ग्रहमा रहेका कविताहरूमा तत्सम तद्भव र आगन्तुक

शब्दहरूको संयोजनले उत्कर्षता थपिएको छ । बिम्ब र प्रतीकका प्रयोग अत्यधिक सफल रूपले सरल, सुबोध तथा सम्प्रेषणयुक्त कविता रचना गर्नु उनको विशेषता रहेको छ । उनका यस सङ्ग्रहमा प्रयोग प्रथम पुरुष र तृतीय पुरुष दृष्टिविन्दुम आफ्ना भवना, अनुभुति तथा चिन्तनलाई सूक्ष्म रूपले प्रयोग गरेका छन् ।

यसैगरी उनको तेस्रो कुसुमछोरी (२०२४) कवितासङ्ग्रहमा लघु आयामका ३६ वटा गद्य कविताहरू सङ्कलित छन् । यस सङ्ग्रहमा उनले तीन पङ्क्तिदेखि ५० पङ्क्तिसम्म लघु कविताहरू रचना गरेका छन् । उनका यस सङ्ग्रहमा प्रणयप्रेम, प्रकृतिको मानवीकरण सामाजिक व्यङ्ग्य, राष्ट्रप्रेम, आदि विषयवस्तुमा केन्द्रित रहेर कविताहरू रचना गरिएको छ । यस सङ्ग्रहमा प्रयोग गरिएको नवीन बिम्ब-प्रतीकहरूले अझ उत्कर्षमा पुऱ्याएको छ । यस सङ्ग्रहमा मौलिक, तत्सम, तद्भव अगन्तुक, ठेट नेपाली र अनुकरात्मक शब्दहरूको प्रयोगले गद्यकवितात्मक कवितामा कलात्मकता थपिएको छ । उनका यस सङ्ग्रहमा प्रथम पुरुष र तृतीय पुरुष दृष्टिविन्दुमा आफ्ना भावना, अनुभूति तथा चिन्तनलाई सूक्ष्म रूपले प्रयोग गरेका छन् । यसै गरी आफ्ना भावनालाई अभिधा, लक्षणा र व्यञ्जना शक्तिद्वारा कलात्मक रूपमा प्रयोग टार्नुको उनको विशेषता रहेको छ ।

यसैगरी उनको चौथो स्वर्णिमा (२०३६) कवितासङ्ग्रहमा लघु आयामका ४२ वटा गद्य कविताहरू सङ्कलित छन् । यस सङ्ग्रहमा उनले १०५ पङ्क्ति सम्म लघु कविताहरू रचना गरेका छन् । उनका यस सङ्ग्रहका अधिकांश कविताहरूको पङ्क्ति कतै समान र  कतैअसमान पङ्क्तिमा टुङ्गिएको पाइन्छ । यस सङ्ग्रहमा नेपालीपनले भरिएका नयाँ-नयाँ बिम्ब र प्रतीकको प्रयोग उनले आफ्ना कवितामा गरेका छन् । उनले आफ्ना कवितामा तत्सम, तद्भव तथा झर्रा नेपाली शब्दहरूको प्रयोग र आंशिक रूपमा हिन्दी तथा अङ्ग्रेजी भाषाका आगन्तुक शब्दहरूको प्रयोग गरेका छन् । सरल, सहज भाषा शैलीको प्रयोग गरेर वर्णनमूलक विश्लेषणात्मक तथा प्रश्नात्मक शैलीमा कोमल भावनालाई अभिव्यक्ति दिनु कवि सुब्बाको विशेषता हो । यस सङ्ग्रहमा प्रथम पुरुषात्मक दृष्टिविन्दु आफ्ना अनुभूति तथा चिन्तनलाई सूक्ष्म रूपले व्यक्त गरेका छन् ।

त्यसपछि उनको मूलसडकतिर उपन्यास वि.सं. २०२५ मा साझा प्रकाशनले प्रकाशित गरेको छ । उनको मूलसडकतिर उपन्यासमा दार्जिलिङ् सेरोफेरोमा बसोबास गर्ने निम्नमध्यम नेपालीहरूको दु:ख, पीडा, चिन्ता विछोड, नैराष्य, सौतेनी माम्लो आदि विषयवस्तुमा केन्द्रित रहेको छ भने उपन्यासमा प्रयोग गरिएको चरित्र पनि निम्नमध्यम वर्गीय चरित्रहरू समाबेश गरिएको छ । त्यसपछि यस उपन्यासको परिवेश दार्जिलिङ् वरिपरिको रहनसहन व्यवहार, खानपान र प्राकृतिक दृश्यहरूले भरिपुर्ण दार्जिलिङ् नै रहेको छ भने द्वन्द्व पनि आन्तरिक र बाह्य दुवै रहेको छ । यसै गरी उपन्यासमा प्रयोग गरिएको भाषाशैली पात्रानुकूल तत्सम, तद्भव र आगन्तुक, प्रयोग गरिएको छ भने काही काही कथावस्तुको प्रसङ्गअनुसार उखानटुक्काको प्रयोग कलात्मक रूपले गरिएको छ ।

यसरी गरी सब्बाको एक मात्र लघु नाटक फिस्टा वि.सं. (२०३१) मा साझा प्रकाशनले प्रकाशित गरिएको पाइन्छ । यस 'फिस्टा' नाटकभित्र रहेको 'तस्बिर' लघु नाटकको विषयवस्तु दार्जिलिङ्मा बसोबास गर्ने एउटा सानो परिवार छ, जसमा मुक्तक पात्र कान्छा रहेको छ भने उसकी श्रीमती पोइल गएकी उसका साना छोराछोरीलाई दुख सुख गरेर  पालनपोषण गर्नु, उसको दिनचर्या हुनु, एक दिन घरको आर्थिक अवस्था राम्रो बनाउन उद्देश्यले पल्टनमा भर्ना हुनु, त्यही उसको मृत्यु हुनु आदि कथावस्तु रहेको छ । त्यसपछि 'तस्बिर' लघु नाटकभित्र प्रयोग गरिएका पात्रहरू पुरुष, स्त्री र बाल पात्र पनि रहेका छन्, भने परिवेश बारेमा चर्चा गर्छौं दार्जिलिङ्को कुनै गाउँबाट सुरु भएर कलकत्तासम्म रहेको छ । यसै गरी नाटकको संवाद पात्र अनुकुल सहज, सरल हुनु, भाषाशैली लघु आयाम र सीमित पात्र छोटो समयको परिधिभित्रै सवै कुरा भाषाद्वारा नै व्यक्त गर्ने भएकाले प्रस्तुत 'तस्बिर' नाटकको भाषशैली सरल, सहज स्पष्ट, स्वाभाविक र सन्तुलित हुनु, विषयवस्तु र पात्र अनुकूल भाषा उखान-टुक्काको प्रयोग कलात्मक रूपले गरिएको छ । सुब्बाको यस लघु नाटकमा हृदयस्पर्शी र मार्मिक रहेको छ । त्यसपछि 'तस्बिर' लघु नाटकको जम्मा दृश्य १७ वटा रहेका छन् ।

यसरी अन्तमा कवि सुब्बाका कवितामा नयाँ तरिकाले मानिसको मनोभावना आत्मिक पीडा, कुण्ठा, सन्त्रास आदि भावहरू प्रभावकारी तरिकाले व्यक्त गर्न सफल

छन् । वौद्धिकता र हार्दिकताको प्रयोग उनका कवितामा पाइन्छ । उनका कविताले मानवीय जीवनलाई प्राप्ति र उपलब्धिको सेरोफेरोको रूपमा लिएका छन् । उनी राष्ट्रवादी प्रकृतिप्रेमी, क्रान्तिकारी कवि हुन् । युगीन परिस्थितिका अनेक समस्याहरूसँग जुध्दै जीवनलाई सार्थक बनाउनु पर्छ भन्ने सन्देश उनका कवितामा व्यक्त भएको छ । यसरी प्रकृतिलाई मानवीकरण गरेर कविले जीवनवादी आशावादी, राष्ट्रिय स्वर तीव्र पार्ने कुरा प्रकट गरेका छन् ।

नेपाली कविताको क्षेत्रमा स्वच्छन्दतावादी धारालाई  ग्रहण गरेर कविता लेख्नु अनि प्रयोगवादी धारामा कविता लेख्नु कवि सुब्बाको मुख्य उपलब्धि हो । उनका कविताका भाषाशैली दुरुहता, क्लिष्टता एवम् असम्प्रेषणीता नभइकन सरल, सुबोध तथा सम्प्रेषणीय कविताहरू रचना गर्नु नै सुब्बाको महŒवपूर्ण योगदान हो ।

विषयवस्तु वा भावगत प्रवृत्तिका दृष्टिले सुब्बाको कवित्व प्रणयभावबाट बिउँझिएर, प्रकृतिप्रेम, प्रकृतिको मानवीकरण हुँदै सामाजिक व्यङ्ग्य, विसङ्गतिप्रति व्यङ्ग्य देशप्रेम एवम् राष्ट्रिय चिन्तनहरू आइपुगेको छ । यसरी आधुनिक नेपाली कविता परम्परामा जीवनजगत्का व्यापक दृष्टिकोण प्रस्तुत गर्न सक्षम कवि सुब्बा भावभूमि तथा काव्यशिल्प दुवै दृष्टिले मौलिक रूपमा नयाँ विधिद्वारा आफ्ना अभिव्यक्तिहरू प्रकट गर्ने एक प्रतिभाशाली स्वच्छन्दवादी कविका रूपमा स्थापित भएका छन् ।

**अध्ययनका सम्भाव्य क्षेत्रहरूको अध्ययनः**

१. कृतिपरक अध्ययन (मूलसडकतिर)

२. लघुनाटक (“फिस्टा”)

# सन्दर्भग्रन्थ सूची

**(क) पुस्तकसूची**


१. बन्धु, चूडामणि, साझा कविता (सं.) साझा प्रकाशन, काठमाडौं, २०२४ ।

२. बराल, ईश्वर, एकान्त कविता सङ्ग्रह, प्रकाशन नेपाली साहित्य परिषद्, दार्जिलिङ, २००६ ।

३. बराल, कृष्णहरि र नेत्र एटम, उपन्यास सिद्धान्त र नेपाली उपन्यास, काठमाडौं : साझा प्रकाशन, २०५६ ।

४. भट्टराई, घट्टराज, नेपाली लेखनकोश, प्रकाशक, लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान, काठमाडौं प्रथम (सं.) २०५६ ।

५. लुइटेल, खगेन्द्र, कविता सिद्धान्त र नेपाली कविताको इतिहास (प्र.), काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०६० ।

६. सम, बालकृष्ण, कुसुम-छोरी कविता संग्रह, काठमाडौं मार्ग १९, २०२० ।

७. सुन्दास, लक्खीदेवी, नेपाली कविताको विकासमा दार्जिलिङको योगदान, त्रि.वि. भएको विद्यावारिधि, २०४६ ।

८. सुवेदी, राजेन्द्र, नेपाली उपन्यास परम्परा र प्रवृत्ति, बनारस भूमिका प्रकाशन, २०५२ ।